वर्ष : १४, अंक : १३, काठमाडौं, २०७५ असार २९ गते शुक्रबार 13 July 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## परिवर्तन अधुरो : यादव



राजविराज । उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले मुलुकमा आएको परिवर्तन अधुरो र अपूर्ण रहेको बताएका छन् । सप्तरी उद्योग वाणिज्य संघले आयोजना गरेको एक छलफल कार्यक्रमलाई सम्बोधन गर्दै उनले आफूहरूले चाहेको परिवर्तन अझै पूरा हुन नसकेको बताए ।

संघीय समाजवादी फोरम नेपालका अध्यक्षसमेत रहेका यादवले संघीयता कार्यान्वयनका लागि विभिन्न कार्यहरू भइरहँदा संघीय गणतन्त्रमाथि बारम्बार प्रहार भइरहेको जिकिर गरे । उनले संघीय गणतन्त्र नेपालमा जे-जति परिवर्तन भएको छ, त्यसलाई संस्थागत गर्दै अघि बढ्नुपर्ने आवश्यकता औंल्याए । 'अधुरो र अपूर्ण परिवर्तन'लाई पूरा गर्नका लागि आफूहरूको राजनीतिक लडाइँ पनि जारी नै रहने उनको भनाइ थियो ।

## पाँच नाकामा रेलमार्ग निर्माण गर्ने सहमति

काठमाडौं । नेपाल र भारत जोड्ने जनकपुर–जयनगर रेलमार्गमा भाडाको भारतीय रेलमा नेपालको राष्ट्रिय झन्डा राखी संचालन गर्ने तयारी गरिएको छ । ३५ किलोमिटर दूरीको यो ब्रोडगेज रेलमार्ग यसै वर्षभित्र निर्माण सम्पन्न हुँदैछ । भाडाको रेलमा नेपाली राष्ट्रिय झन्डा राख्न नेपालले भारतसँग छलफल गरेको हो । रेलमार्गबारे छलफल गर्न काठमाडौं आएको भारतीय प्रतिनिधिमण्डलसँग भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव केशवकुमार शर्मा नेतृत्वको नेपाली टोलीले छलफल गरेको हो । नेपाल सरकारसँग रेल नभएकाले भारतीय रेलमा नेपाली झण्डा राखेर चलाउन छलफल गरिएको रेल विभागका सिनियर डिभिजिनल इन्जिनियर प्रकाशभक्त उपाध्ययले बताए । शर्माले यो रूटमा रेल सेवा सञ्चालन गर्न अरू आवश्यक प्रक्रिया पूरा सुरू गर्ने र नाकामा पाँच रेलमार्ग निर्माणबारे भारतीय पक्षसँग छलफल भएको जानकारी दिए ।



राजपा पनि सरकारमा गयो भने मधेश मुद्दा विलिन हुन्छ – सर्वेन्द्रनाथ शुक्ल

विशेष अन्तर्वार्ता पृष्ठ ३ मा

## जागो मधेशी दलित

# प्रदेश प्रहरी ऐनमा असहमति

**मधेशवाणी डेस्क**

काठमाडौं । 'दलित' शब्द भन्ने बित्तिकै हेयको दृष्टिले हेरिने समुदाय हो भन्ने आम बुझाइ छ । नेपालमा दलित भनेकै सधैं अपमानित भइरहने समुदाय हो । मधेशी दलित हुँदाखाने अर्थात् अपमानित वर्गमा पर्छन् । उनीहरूमाथि कथित बहुसंख्यक उच्चजाति-जनजातिले चर्को छुवाछूत र भेदभाव गर्छन् । मधेशमा अहिले पनि दलितहरू बहिष्कृत छन् । उनीहरूमाथि शारीरिक हिंसा मात्र होइन इनार, मन्दिर, विद्यालयमा विभेद कायमै छ । नयाँ संविधान जारी भएपनि उनीहरू आफनो अधिकारबाट वञ्चित छन् ।

भूमिहीन र नागरिकताविहीन मधेशी दलितको परिचय हो, यसकारण उनीहरूको आर्थिक अवस्था जर्जर हुनु स्वाभाविक हो । ऐलानी जग्गा र दैनिक मजदूरीले वर्षौंदेखि पनि उनीहरूको आर्थिक हैसियत सप्रिएको छैन । दलितलाई सामान्य जीविकाको जिम्मा सरकारले नै लिनुपर्छ र यसका लागि संविधानले ग्यारेन्टी गर्नुपर्छ भन्ने आवाज उठिरहँदा त्यसप्रति सर्वत्र मौनता छ ।

ठूला पार्टीका संरचनामा मधेशी दलित न्यून छन् । एक हिसाबले भन्दा राजनीतिले पनि उनीहरूमाथि विभेद गरिरहेको छ । दलितलाई निर्वाचनमा टिकट दिएमा हारिन्छ भन्ने भ्रम छ ।

भोक र भेदभावसँग लडिरहेका मधेशी दलित बालबालिकाका दिन मालिककै भैंसी, बाखा चराउँदै र खेत खलिहानमा सघाउँदैमा बित्छ । उनीहरूमध्ये अधिकांश विद्यालय जानै पाउँदैनन्, पाएकाहरू नियमित हुँदैनन् । विद्यालयमा पनि विभेद छ । 'दलितले पढ्नुहुँदैन, पढे पनि जागिर पाइँदैन' भन्ने कुरा अहिलेसम्म सुनिन्छ । मधेशी दलित र अन्य दलित बालबालिकालाई उच्च शिक्षासम्म निःशुल्क व्यवस्था छैन ।

संविधानले पनि मधेशी दलितको हित रक्षा गर्न नसकेका कारण संविधान उनीहरूका लागि 'अर्थहीन कागजी खोस्टो' बनेको छ ।

दलितका अधिकार संविधानले सुनिश्चित गरे संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यबस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन विकास र समृद्धिको आकांक्षालाई संविधानले पूरा गर्नु पर्छ भन्ने आशा दलितहरूले राखेका थिए । तर २०७२ को संविधानले त अन्तरिम संविधान २०६३ मा दलित समुदायको निमित्त प्रदान गरिएको हक र अधिकारलाई समेत कटौति गरिदिए । देश संघीय संरचनामा गएपछि आफनो अधिकार सुनिश्चित दलितहरूको आशा थियो तर त्यो पनि पूरा भएन ।

तर अब अवस्था फेरिएको छ । संविधानले दलितप्रति बेइमानी गरे पनि उनीहरू आफनो अधिकारका लागि जागरूक भएका छन् ।




*प्रदेश प्रहरी ऐन संशोधनको माग गर्दै जनकपुरधाममा खबरदारी जुलुस निकाल्दै दलित अधिकारकर्मीहरू । तस्वीर : राजकुमार पासवान*

उनीहरूको यहि जागरूकताका उपज हो हालै जनकपुरमा भएको वृहत विरोध प्रदर्शन ।

मधेशी दलितलाई अधिकार दिने सन्दर्भमा केन्द्र सरकार भन्दा प्रदेश सरकार बेइमान भएको तथ्य उनीहरूको प्रदर्शनबाट सावित भएको छ ।

प्रदेश २ को सरकारले ल्याएको प्रदेश प्रहरी ऐन २०७५ मा मधेशी दलितलाई पूर्णरूपमा उपेक्षा गरिएको भन्दै त्यसको विरोधमा आन्दोलनको चेतावनी दलित अधिकार परिषदले दिएको हो ।

गोपाल धर्मशालामा जमघट भई सैयौको संख्यामा प्रदेशसभा अगाडि पुगेका दलित समुदायका अगुवा नेताहरू तथा दलित अधिकारकर्मीहरूले प्रहरी ऐनमा दलितमाथि विभेद गरेको भन्दै नारा जुलुस लगाउँदै प्रदेशसभा घेराउ गरेका थिए ।

विगतमा दलहरूले दलितलाई समावेशी अधिकार नदिएकाले मधेशी पहिचानभित्र मधेशी दलितले आफ्नो अधिकार सुनिश्चित हुने आशमा आन्दोलन गरेका थिए । तर, आज मधेशी दलको नेतृत्वमा बनेको सरकारले नै दलित विरोधी ऐन, नीति नियम ल्याउनु निन्दनीय छ ।

प्रदेश प्रहरी ऐनमा १७.२९ प्रतिशत जनसंख्या भएको मधेशी दलितलाई मात्र ७ प्रतिशत आरक्षण कोटाको व्यवस्था गरिएकोमा उनीहरूको सख्त विरोध छ ।

दलित अधिकार परिषदका अध्यक्ष चन्देश्वर सदाले प्रदेश २ को सरकारले ल्याएको प्रदेश प्रहरी ऐन पूर्ण रूपमा अवैज्ञानिक र अव्यवहारिक रहेको ठहर गर्छन ।

विगतमा मधेश आन्दोलनमा दलितहरूले पनि संघर्ष गरेका थिए । त्यो बेला दलितलाई अझ आन्दोलनको अग्रपंक्तिमा राखिएको थियो । ज्ञातव्य के छ भने मधेश आन्दोलनमा ११ जना मधेशी दलितको मृत्यु भएको थियो । तर उनीहरूले मधेश आन्दोलनका लागि गरेको योगदानलाई प्रदेश २ को सरकारले सम्मान नगरिदिँदा मधेशका दलितहरू आक्रोशित हुन पुगेका हुन ।

मधेश आन्दोलनपछि प्राप्त अवसरमा मधेशी समुदायभित्रको विविधतालाई सम्बोधन गर्नुको साटो मधेशमा सामुदायिक हिसाबले मधेशी कलस्टर ५४ प्रतिशतपछि दोस्रो सबैभन्दा ठूलो जनसंख्या रहेको दलित समुदायलाई पूर्ण समानुपातिक त के संविधान अनुसार पाएको अवसर समेत कटौती गर्ने कार्य घोर निन्दनीय रहेको पासवानको भनाइ छ ।

प्रदेशसभा सदस्य निर्वाचन ऐन २०७४ अनुसार प्रदेश २ मा दलितलाई १७.२९ प्रतिशत आरक्षण कार्यान्वयन गरिसकेको सन्दर्भमा प्रदेश सरकारले कुन आधारमा ७ प्रतिशत आरक्षण व्यवस्था प्रदेश प्रहरी ऐनमा गरेको हो त्यसको जवाफ सरकारले दिनु पर्ने दलित अगुवाहरूको माग छ ।

प्रदेशस्तरमा गठन हुने नीति आयोगका लागि तोकिएको योग्यता दलित विरोधी रहेको उनीहरूको भनाइ छ । मधेश आन्दोलन खसआर्यको जनसंख्या प्रदेश २ मा ४.८९ प्रतिशत रहँदा त्यसमा ५ प्रतिशत आरक्षण र मुस्लिम समुदायको जनसंख्या ११.५८ प्रतिशत हुँदा त्यसमा मात्र ५ प्रतिशत आरक्षणको व्यवस्थाको आधार गलत रहेको दलित अगुवाहरूको भनाइ छ ।

परिषदले प्रदेश प्रहरी ऐनमा प्रदेश २ मा दलितको जनसंख्याको आधारमा १७.२९ प्रतिशत आरक्षणको व्यवस्था गरिनुपर्ने, महिलालाई दिइने आरक्षण कोटामा दलित महिलालाई छुटै १७.२९ प्रतिशत आरक्षण हुनुपर्ने, प्रदेश सरकारले गठन गर्न लागेको नीति आयोग लगायत सम्पूर्ण आयोगमा दलितहरूको जनसंख्याको आधारमा प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने, नीति आयोगको सदस्यको योग्यता दलितको हकमा स्नातक गरेपनि हुने र कार्य अनुभवनमा गैरसरकारी, सरकारी संस्थामा तीन वर्ष काम गरेपनि हुने व्यवस्था गरिनु पर्ने मांग सरकारसँग गरेको छ ।

आफ्नो मागको सम्बोधनका लागि दबाव सिर्जना गर्न परिषदले प्रदेशसभा भवन अगाडि प्रदर्शन गरेको हो ।

'समानुपातिक र समावेशिताको नारा दिँदै आएको मधेशकेन्द्रीत दलहरू सत्तामा पुगेपछि स्वार्थमा लिप्त भएको आरोप लगाउँदै परिषदका प्रवक्त भोला पासवानले भने, 'ऐन दलितमैत्री भएन । संघीयता जगमा स्थापित प्रदेश २ को सरकारले दलितमाथि विभेद गरेको उनीहरूको गुनासो छ ।

अधिकार प्राप्तिको आन्दोलनमा दलित समुदायको सहभागिता उल्लेख्य रहे पनि सरकार समावेशी सिद्धान्त नारामा मात्र सीमित राखेको दलित अधिकारकर्मीको आरोप छ । प्रदेश २ मा ६.६१ प्रतिशत जनसंख्या रहेको आदिवासी जनजातिलाई १५ प्रतिशत र १७.२९ प्रतिशत जनसंख्या रहेको दलितलाई जम्मा ७ प्रतिशत आरक्षण सरकारले प्रहरी ऐनमा कुन आधारमा दिएको भन्दै प्रदेश सरकारप्रति अधिकारकर्मीको आपत्ति छ ।

मधेशवादी दलले समानुपातिक तथा समावेशीताको नारा घन्काएर सरकारमा पुगेका उनीहरू ठूला दलहरूमा भन्दा धेरै बेइमान देखिएको परिषदका संयोजक पासवानले आरोप लगाए ।

संयोजक पासवानले सरकारले गठन गरेको नीति आयोगदेखि प्रहरी ऐन दलितविरोधी रहेको भन्दै यथाशीघ्र सुधार नगरिए सरकारविरूद्ध कडा संघर्षमा उत्रिन बाध्य हुने चेतावनी पनि दिए ।

यसैगरी दलित आयोगमा सदस्यको योग्यता दलितको हकमा स्नात्तक गरेको र कार्य अनुभवमा गैरसरकारी र सरकारी संस्थामा काम गरेको हुनुपर्ने व्यवस्था गर्न समेत माग गरेको छ ।

**प्रहरीद्वारा हातपात**

प्रदेश सरकारले ल्याएको प्रहरी ऐन दलितको हितमा नरहेको भन्दै प्रदेश सभा घेराउ गर्न पुगेका राष्ट्रियसभा सदस्य रामप्रित पासवानमाथि प्रहरीले हातपात गरेको आरोप लगाएका छन् । सडकबाट झरेर प्रदेशसभा जान लाग्दा प्रहरीले उनीहरूलाई रोकेपछि प्रहरी र दलित अगुवा नेताहरूसँग भन्नाभन तथा हातपात समेत भएका थिए । सोही क्रममा प्रहरीले सांसद पासवानमाथि दुर्व्यवहार गरेको जनाइएको छ ।

राष्ट्रियसभा सदस्य पासवानमाथि प्रहरीले दुर्व्यवहार गरेपछि दलित अगुवा नेताहरूले प्रहरी प्रशासन तथा राज्य सरकारको विरोधमा समेत नारा जुलुस प्रर्दशन गरेका थिए ।

दलित अगुवाहरूद्वारा प्रहरी ऐनको विरोध पश्चात आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र यादवले त्यो ऐनलाई सच्याउनका लागि सात सदसीय समिति गठन गरिएको बताएका छन् ।

मन्त्री यादवले प्रदेशसभाको बैठकमा प्रहरी ऐनलाई सच्याउनका लागि सो समिति गठन गरिएको जानकारी दिए ।

## 'जलस्रोतमा धनी भए पनि प्रारम्भिक क्षेत्रमै रहनु दुःखद'



जनकपुरधाम । प्रदेश २ का प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले मुलुक जलस्रोतमा धनी भएर पनि प्रारम्भिक चरणमै रहनु दुखद भएको टिप्पणी गरेका छन् । कमला बेसिनको विकास रणनीति तर्जुमा तयार गर्नका लागि सरोकारवालाहरूको कार्यशालामा बोल्दै प्रदेश प्रमुख कायस्थले दशौं वर्षदेखि जलस्रोतको क्षेत्रमा काम गर्दासमेत प्रारम्भिक क्षेत्रमै रहनु दुखद् पक्ष रहेको बताए ।

नेपाल सरकार जल तथा ऊर्जा आयोग द कमन वेल्थ साईन्टिफिक इन्लष्ट्रियल रिसर्च अर्गनाईजेसन अष्ट्रेलियाबीच भएको एकीकृत बेसिन व्यवस्थापनसम्बन्धी सहकार्यअन्तर्गत कमला बेसिनको रणनीति विकासको योजना तर्जुमा जलस्रोत योजना तथा व्यवस्थापनलाई सुधार र सुरक्षित बनाइ बेशिनका प्रभावित मानिसको जीवन र जीविकोपार्जनमा सहयोग गर्ने उद्देश्यसहित कार्यशाला सुरू भएको हो ।

## प्रदेश १ को नाम सगरमाथा र राजधानी विराटनगर !

काठमाडौं । प्रदेश १ को नाम के राख्ने र राजधानी कहाँ बनाउने भन्ने विषयमा सत्तारूढ दल नेकपाकै सांसदको फरक-फरक प्रतिक्रिया आएको छ । विपक्षी दलका सांसदले राजधानीको विषय र नामको विषयमा प्रस्ताव आएपछि मात्रै प्रतिक्रिया दिने बताइ रहँदा सत्तापक्षका सांसद भने खुलेर नाम र राजधानी प्रस्ताव गरेका हुन् । नेकपाका सांसदहरूले प्रदेश १ को राजधानी विराटनगरलाई कायम गर्नुपर्छ र प्रदेशको नाम सगरमाथा राख्नुपर्ने लविङ गरिरहेका छन् । ऐतिहासिकता, पूर्वाधार र सामर्थ्यको हिसावले राजधानी विराटनगर र प्रदेशको नाम सगरमाथाभन्दा अर्को उत्तम विकल्प नभएको उनीहरूको धारणा छ । यद्यपी कसैकसैले हावापानी र सबैलाई पायक पर्ने ठाउँ धनकुटालाई राजधानी बनाउनु पर्ने तर्क पनि गर्छ ।

नामको विषयमा पनि सांसदहरूको धारणा फरक-फरक छ । कोही सगरमाथाको पक्षमा छन भने कोही पहिचानका आधारमा नाम राख्नुपर्नेमा जोड दिन्छन् । नेकपाका एक सदस्यले किरात कोसी, किरात सगरमाथा नाम राख्दा उपर्यक्त हुने बताउँछन् । संघीय लिम्बूवान राष्ट्रिय मञ्चकी सांसद विष्णुमाया तुम्बाहाम्फेको धारणा भने अझ फरक छ। पहिचानको आधारमा नाम राख्नुपर्ने र राजधानी विजयपुरलाई तोक्नु पर्ने उनी बताउँछिन् । केही सांसदहरूले प्रदेश १ को नाम किरात, लिम्बूवान, खम्बूवान, कोसी वा सगरमाथा मध्येबाटै एक हुनुपर्ने सुझाव दिँदै आएका छन् । यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीले समेत प्रदेशको नाम सगरमाथा वा कोसी नै उपयुक्त हुने बताएका थिए । प्रदेशवासी पनि प्रदेशको नाम र राजधानी कहा बन्छ भन्ने विषयलाई चासोका साथ हेरिरहेका छन् । प्रदेश सरकारले इटहरी, धनकुटालाई राजधानी नै नबनाए पनि केही कार्यालयहरू भने त्यहाँ पनि राख्न सकिने गरी आन्तरिक छलफल थालेका छन् । विराटनगरलाई स्थायी राजधानी तोक्दा इटहरीमा प्रदेशसभा र धनकुटामा प्रदेश प्रमुखको कार्यालय दिनेगरी छलफल भइरहेको छ ।

## समय-सन्दर्भ

निमिष झा



# ठाकुर र महतोको 'इगो' मा चलेको राजपा

**पार्टी नै दुई धारमा विभक्त भएपछि पार्टीभन्दा आफ्नो स्वार्थका लागि मात्र सोच्ने नेताहरूको होडबाजीका कारण संसदमा उसको उपस्थिति कमजोर हुँदै गइरहेको छ ।**

प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भएको सात महिना र संसदको पहिलो बैठक बसेको पाँच महिना भएको छ । यो पाँच महिनामा खोलामा धेरै पानी बगिसक्यो तर मधेशको मुद्दाका लागि एकीकृत भएर बनेको राष्ट्रिय जनता पार्टी (राजपा) नेपालका लागि न हर्ष न विस्मात् बनेको छ ।

राजपा नेपालले समयमा संसदीय दलको नेता चयन गर्न नसकेर आफू भित्रको कलहलाई उजागर मात्र गरेको छैन, उसले संसदीय परिपाटीलाई पनि तिलाञ्जली दिएको छ । संसदीय अभ्यास मान्ने पार्टीले संसदीय मूल्य मान्यतालाई ख्याल राख्नु उसको पहिलो कर्तव्य हो । तर राजपाले आफूलाई संसदीय पार्टी माने पनि आफू भित्रको आन्तरिक लोकतन्त्रको कमीका कारणले उसले संसदीय अभ्यासको उपहास गरेको छ ।

संसदीय निर्वाचनपछि बन्ने संसदमा पार्टीहरूको पहिलो काम भनेकै आ-आफ्नो दलको संसदीय दलको नेता चुन्नु हो । संविधान जारी पछि गत वर्ष मंसिरमा भएको ऐतिहासिक निर्वाचनपछि बनेको पहिलो संघीय संसदमा प्रतिनिधित्व गर्ने सबै दलले आफ्नो संसदीय दलको नेता चयन गरिसकेका छन् तर राजपाले एउटा नेता छान्न अहिले पनि संघर्ष गरिरहेको छ । संसदीय दलको नेता चयन गर्न राजपाले गरिरहेको संघर्षमा पार्टीभित्र कति गहिरो विवाद छ, सहजै अनुमान गर्न सकिन्छ ।

संसदीय दलको नेता चयन गर्नका लागि पटक-पटक पार्टीको बैठक बस्यो तर चयन भने हुन सकेको छैन । राजपा नेपालको संसदीय दलको नेता नहुँदा संसदमा त्यस दलको तर्फबाट हुने कामकारवाही समेत प्रभावित भएको छ । तर पार्टीको आन्तरिक विवादका कारणले नै नेता चयन हुन नसेकको हो ।

ज्ञातव्य के छ भने राजपाले गत चैतमा नै संसदीय दलको नेता चयन गर्ने तयारी गरेको थियो तर त्यतिबेला पार्टीका संयोजक महन्थ ठाकुर अस्वस्थ्य भएर उपचारका लागि नयाँदिल्ली जानु परेकाले ढिलाई भएको थियो । वास्तवमा ठाकुरको अस्वस्थता त एउटा बहाना मात्र थियो । ठाकुर दिल्लीबाट उपचार गराएर फर्केको पनि दुई महिनाभन्दा बढी भयो तर पनि दलको नेता चयन गर्न नसक्नु ठाकुरको अस्वस्थता नै कारण हो भनेर कसरी भन्न मिल्छ ?

यता, असार ४ गतेदेखि तीन दिनसम्म बसेको राजनीतिक समितिको बैठकमा समेत संसदीय दलको नेता चयन गर्ने विषय एजेन्डा बनेको थिएन । तीन दिनको बैठकमा पार्टीको महाधिवेशन, पार्टीको विधान, समसामयिक राजनीतिक घटनाक्रम तथा नियमावलीको विषयमा छलफल भएको थियो । बैठकमा अन्य नेताहरूले पटक पटक यो विषय उठाएपछि अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुरले असारको पहिलो वा दोस्रो हप्ताभित्र संसदीय दलको बैठक बसेर टुङ्गो लगाउने बताएका थिए ।

त्यसपछि असार १०-११ गते संसदीय दलको बैठक बसेर त्यसको टुङ्गो लगाउने एउटा समझदारी बनेको थियो । तर, त्यो दिन अध्यक्षमण्डलका सदस्यद्वय महेन्द्र राय यादव र अनिलकुमार झा राजधानी बाहिर भएका कारण बैठक नै बसेन ।

वास्तवमा राजपाभित्र अध्यक्षमण्डलका संयोजक महन्थ ठाकुर र सदस्य राजेन्द्र महतो संसदीय दलका नेताका दाबेदार हुन् । दुवै जनाले सर्वसम्मतिबाट नेता बन्न पाउनुपर्ने दाबी गर्दै आएका छन् ।

पार्टीका संयोजक अथवा अध्यक्ष हुने व्यक्ति नै संसदीय दलको नेता रहने मान्यता भएको कारणले ठाकुर नै संसदीय दलको नेता हुने एकथरीको मान्यता छ भने अर्को थरीले एक व्यक्ति एक पद हुनुपर्ने भन्दै महतोको पक्षमा लबिङ गरिरहेका छन् ।

महतो पक्षधरले स्वाभाविक रूपमा आफ्नो नेतृत्व दाबी गरेको छ । ठाकुर पार्टीको संयोजक रहेका कारण महतो नै दलको नेता हुनुपर्ने अडान पनि पार्टी भित्र रहेको छ । अर्कोतर्फ ठाकुर पक्षधरले भने महतो दलको नेता बने पार्टी फुट्न सक्ने बताउँदै आएको छ । १७ सांसद रहेको राजपामा १० सांसद आफ्नो पक्षमा रहेको महतो पक्षधरले दाबी गरेका छन् भने ठाकुर पक्षले आफ्नो बहुमत रहेको दाबी गरेको छ ।

महतोले आफूलाई संसदीय दलको नेता

बाँकी पृष्ठ २ मा



# सम्पादकीय



## संविधान संशोधनको राजनीति

प्रमुख दलहरू मिलेर ल्याएको संविधान कार्यान्वयनको सैद्धान्तिक आधारमा विवाद छैन । लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ भएको ऐतिहासिक जनआन्दोलनका मुख्य शक्ति नै अहिलेका प्रमुख दल भएकाले त्यसको मर्म र भावनालाई आत्मसात् गरी एक ठाउँमा उभिएर २०७२ असोज ३ मा सात प्रदेशको सङ्घीयतासहितको संविधान जारी गराउनु मात्र उनीहरूको दायित्व थिएन ।

संविधानका कतिपय प्रावधानमा आ-आफ्ना फरक मान्यता राख्ने प्रमुख दलले न्यूनतम् सहमतिको दस्तावेजका रूपमा नयाँ संविधान जारी गराएर मुलुकको संक्रमणकाल अन्त्य गरी समृद्धिको यात्रामा लाग्ने अठोटमा पनि अहिले खिया लाग्न थालिसकेको छ । संविधानप्रति असन्तुष्ट मधेशी दललाई संविधानको स्वीकार्यतामा ल्याउने उनीहरूको प्रयास सत्ताको दाउपेचमा रूमल्लिएको छ ।

गत वर्ष सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको चुनावपछि मधेशमा दुई मधेशी पार्टी तथा राष्ट्रिय दलको मान्यता पाएका राष्ट्रिय जनता पार्टी (राजपा) र संघीय समाजवादी फोरम क्षेत्रीय शक्तिको रूपमा फेरि उदाएको छ । निर्वाचनको परिणामले उनीहरू मधेशमा मात्र होइन, राष्ट्रिय राजनीतिमा फेरि निर्णायक शक्ति बनेका छन् । उनीहरूको यहि निर्णायक शक्तिका कारण फोरम नेकपा नेतृत्वको सरकारमा सहभागी भएको छ संविधान संशोधनको एक सूत्रीय एजेन्डाका साथ ।

यद्यपी दुवै मधेशी दल चुनावमा संविधान संशोधनलाई नै मुख्य एजेण्डा बनाएर सहभागी भएका थिए । धेरै हदसम्म सो एजेण्डामार्फत जनतालाई प्रभावित पारेर उनीहरू जित हात पारेका छन् ।

अहिले वाम गठबन्धन र कांग्रेसले संविधान संशोधन गराउन नचाहेसम्म संशोधन हुने अवस्था छैन । यस्तोमा मधेशी दलले एउटा तप्कालाई फकाएरमात्र केही नहुन

**फोरम सरकारमा गएपछि उसले संशोधनको चर्को कुरा गर्न छाडेको छ। यसकारण उसले सत्ता प्राप्तिका लागि सरकारमा गएको कि वास्तवमा संविधान संशोधनकै लागि भन्ने परीक्षाको दिन सुरू भएको छ।**

सक्छ । त्यसका लागि उनीहरूले वाम गठबन्धन र कांग्रेससँग समदूरी बनाएर बस्नुबाहेक कुनै विकल्प छैन । समानुपातिकको मतबाहेक हिसाब गर्दा मधेशी दलहरूले अन्य दलको सहयोगविना संविधान संशोधन कुनै हालतमा गराउन सकिने अवस्थामा देखिँदैन । र, वाम गठबन्धन र कांग्रेसका लागि संविधान संशोधन गर्नु बाध्यता छैन । किनभने संविधान संशोधन उनीहरूको मुख्य एजेण्डाभित्र पर्दैन ।

गएको चुनाव प्रचारका लागि प्रदेश २ मा एमाले अध्यक्ष केपी ओली र प्रचण्ड भने गएका थिएनन् । परिणामतः वाम गठबन्धनले त्यहाँबाट सोचेको जस्तो सिट ल्याउन सकेन । कांग्रेसको हविगत पनि अत्यन्तै खराब रहेको छ । यसकारण संविधान संशोधन उनीहरूको बाध्यता नहुन सक्छ ।

आन्दोलनको केन्द्रविन्दु प्रदेश २ नै हो । संविधान संशोधनको कुरा सबभन्दा बढी त्यहीँबाट उठेको छ । आन्दोलन गर्ने दुवै शक्ति नै त्यहाँ सरकारमा छ भने त्यस मध्येको अर्को शक्ति केन्द्रमा संशोधनका लागि भन्दै सरकारमा सहभागी भएको छ । अब उसले सरकारमै बसेर संशोधनका लागि कति र कसरी दबाब दिन सक्छ हेर्न बाँकी छ । यद्यपी, फोरम सरकारमा गएपछि उसले संशोधनको चर्को कुरा गर्न छाडेको छ । यस कारण उसले सत्ता प्राप्तिका लागि सरकारमा गएको कि वास्तवमा संविधान संशोधनकै लागि भन्ने परीक्षाको दिन सुरू भएको छ ।

यद्यपि चुनावमा जानुअघि तत्कालीन एमाले र माओवादी केन्द्रले संविधान संशोधनको मुद्दालाई आफ्नो एजेण्डा बनाएका थिए । तर त्योअनुसार मधेशी जनताबाट मत नपाएपछि उनीहरू यसबाट पछाडि हटेको प्रतीत भइरहेको छ । किनभने न त काँग्रेस भनेको छ कि संशोधन हुनुपर्छ न त नव एकीकृत नेकपाले नै यस विषयमा प्रष्टसँग बोलेको छ । तर संविधान संशोधन गर्नु आवश्यक छ भनेर संशोधन गर्न ती दलहरू तयार हुनुपर्ने जरूरी हुन्छ । तर संविधान संशोधन गरिएन भने देशमा द्वन्द्व कायमै रहन्छ भन्ने सत्तारूढ र मुख्य प्रतिपक्ष दलले बुझ्नुपर्छ ।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यमा जितेका मधेशी नेताहरू जनतासँग भेटघाटको क्रममा संविधान संशोधन गराउने आश्वासन दिइरहेका छन् । तर कसरी गराउने ? त्यसको कुनै रोडम्याप छैन । मधेशी दलले आ-आफ्नो चुनावी घोषणापत्रमा संविधान संशोधनका विषयलाई प्राथमिकताको रूपमा राखेका थिए । तर कसरी गर्ने ? त्यसको कुनै आधार प्रस्तुत गरेको छैन । उनीहरूले एउटै आधार प्रस्तुत गर्छन् 'त्यो हो आन्दोलन ।' तर के संविधान संशोधनका लागि आन्दोलनको औचित्य अब फेरि छ वा मधेशी दलहरू फेरि आन्दोलन गर्ने क्षमता राख्नेछन् ?

स्थानीय तहको चुनावअगाडिसम्म 'संविधान पुनर्लेखन'को नारा चर्काएका मधेशी दलहरूले अहिले 'संविधान संशोधन'लाई राजनीतिक एजेण्डा बनाएका छन् र यसका लागि उनीहरू संघर्षरत पनि छन् ।

## सातको सात बात



नेपाल-भारत प्रवुद्ध समूह (ईपीजी) मार्फत् सन् १९५० देखिको सन्धि अद्यावधिक गर्ने काम भइरहेको छ । दुई मुलुकको बिचमा थुप्रै कुराहरू सकारात्मक किसिमले अगाडि बढिरहेको छ । नेपाल र भारतको बीचमा केही समय अगाडि देखिएका असझदारीहरू सबै हटिसकेका छन् । **केपी शर्मा ओली, प्रधानमन्त्री**



कांग्रेसले सरकारका रचनात्मक कार्यको समर्थन र गलत कार्यको विरोध सदन र सडकबाट जनमत तयार पारेर गर्नेछ । कांग्रेसभित्र अहिले कुनै विवाद छैन छिट्टै विधान मस्यौदा समिति गठन गरी महासमितिको बैठकको मिति पनि तोकिनेछ । **शेरबहादुर देउवा, सभापति, नेपाली कांग्रेस**



गुट र उपगुटमा विभाजित कांग्रेसले कम्युनिष्ट नेतृत्वको सरकारलाई सामना गर्न सक्दैन । पार्टी एकीकरणताका दुई पार्टीबीच भएको सहमति कार्यान्वयन हुन सक्दैन भने हामी पार्टी एकता भंग गर्न बाध्य हुनेछौं । **विजय गच्छदार, नेता, नेपाली कांगेस**



'समृद्ध नेपाल र सुखी नेपाली' यो सरकारको मुख्य उद्देश्य हो । यसलाई साकार पार्न देशमा औद्योगिक प्रवर्द्धन गरी रोजगारी सिर्जना गर्ने, आन्तरिक उत्पादन बढाई आपूर्ति व्यवस्था सहज तुल्याउने लगायतका कार्यलाई सरकारले विशेष प्राथमिकता दिएको छ । **मातृकप्रसाद यादव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री**



वैदेशिक रोजगारीमा जाने युवालाई अतिरिक्त रकम लिएर ठग्ने संस्थाहरू अब कुनै पनि हिसाबले ब्युँत्ने गुन्जायस नै छैन । युवाहरूलाई ठग्ने, दुःख दिने र राज्यलाई गुमहराहमा राख्ने युग अब समाप्त भयो । हामी विकासको प्रारम्भिक अवस्थामा छौं । यही अवस्थामा पनि विकासका लागि चाहिने दक्ष जनशक्तिको अभाव छ । **गोकर्ण बिष्ट, श्रम तथा रोजगार मन्त्री**



मैले गर्ने विकासको परिभाषा नै फरक छ । सडक कालोपत्रे गरे मात्रै विकास भन्ने हुँदैन । जनताको जीवनस्तर र आर्थिक स्तर उकास्ने कामलाई विकास भनिन्छ । सडक र ढल बनाएर मात्रै विकास हुँदैन । जनताको जीवनस्तरमा प्रभाव पार्यो कि पारेन भन्ने कुरा महत्वपूर्ण हुन्छ । अहिले हामी योजना बनाइरहेका छौं । **डोरमणी पौडेल, मुख्यमन्त्री, प्रदेश ३**



विकास र समृद्धिका लागि सरकारले प्रादेशिक योजना आयोग बनाएर योजना निर्माण गरिरहेको छ । समुदायलाई लाभ पुग्ने र नतिजा दिने खालका विकास परियोजनामा जोड दिएर अघि बढ्नु अहिलेको आवश्यकता हो । **शंकर पोखरेल, मुख्यमन्त्री, प्रदेश ५**

# सहकारीलाई उत्पादनमुखी बनाउन आवश्यक

**विचार-विश्लेषण** भाग-१६



उपेन्द्र झा

उच्चस्तरको समाज विकास तथा मानव जीवनशैलीमा प्रशंसनीय परिवर्तन ल्याएर अन्तर्राष्ट्रिय स्तरमा सहकारी संस्थाले आफ्नो राम्रो पहिचान कायम गरि सकेको छ । बेलायतको म्यानचेष्टरबाट सन् १८४४ मा स्थापना भएको पहिलो सहकारी संस्थाले आफ्नो प्रभावकारी भूमिकाको माध्यमले जर्मनीलाई पनि आकर्षित गऱ्यो । सन् १८५२ मा जर्मनीमा बचत तथा ऋण सहकारी संस्था खुल्यो । जनस्तरमा प्रत्यक्ष सम्बन्ध बनाउने, जनताको अपेक्षालाई यथाशक्ति सम्बोधन गर्ने सहकारीको महत्वपूर्ण आकर्षणका कारण जनस्तरमा सहकारी लोकप्रिय हुँदै गयो । आफ्नो प्रभावकारी भूमिकालाई बढाउँदै सहकारीले विश्वस्तरमा **अन्तर्राष्ट्रिय सहकारी महासंघ** को रूपमा विकसित भएको छ । १०७ देशका ३०७ सदस्य संस्था आबद्ध सहकारीको अन्तर्राष्ट्रिय छविलाई अझ प्रभावकारी बनाउन सन् १९२३ देखि प्रत्येक वर्ष जुलाईको पहिलो शनिवार सहकारी दिवस मनाउने चलन शुरू भयो । सामाजिक, आर्थिक क्षेत्रमा सहकारीको प्रभावकारी योगदानलाई कदर गर्दै संयुक्त राष्ट्रसंघले पनि १९९५ देखि संयुक्त रूपमा सहकारी दिवस मनाउन शुरू गरेको हो ।

अन्तराष्ट्रिय स्तरमा आर्थिक, सामाजिक रूपान्तरणमा सहकारीको महत्वपूर्ण भूमिका देखेर नेपालमा पनि वि.सं. २०१३ साल चैत २० गते चितवनमा बखानसिंह गुरूङले बखानपुर सहकारी संस्थाको स्थापना गऱ्यो । त्यसैलाई आधार मानेर नेपालमा चैत २० गते सहकारी दिवस मनाउन थालिएको हो । जनस्तरमा प्रत्यक्ष सम्बन्ध राख्ने सहकारीको दाँजोमा अरू वित्तिय निकाय लोकप्रिय हुन सकेन । बैंक तथा अन्य वित्तिय निकायको जटिल सेवा प्रक्रियाले जनस्तरमा प्रभावकारी भूमिका जमाउन सकेन । सहकारीको लोकप्रियता बढ्दै जाँदा सहकारी दर्ता गराउने क्रम तीव्र गतिमा शुरू भयो ।

२०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात् सरकारले आर्थिक उदारिकरणको नीति लिएपछि सहकारी क्षेत्र तीव्र रूपले विकास गऱ्यो । आर्थिक क्षेत्रमा सहकारीलाई तेश्रो खम्बाको रूपमा परिभाषित गरेपछि सहकारीको प्रतिष्ठा बढ्न थाल्यो । सहकारी विधागको तथ्याँक अनुसार हालसम्म दर्ता भएका सहकारीको संख्या ३४ हजार ५ सय १२ पुगेको छ । सहकारीले ३ खर्ब २ अर्ब २६ करोड रूपियाँ निक्षेप संकलन गरि २ खर्ब १४ अर्ब ऋण पनि लगानी गरेको छ । देशका ६ लाख ३० हजार नागरिक सहकारीमा आबद्ध रहेकोमा ५१% महिला सहभागिताले लैंगिक सशक्तिकरणमा उल्लेखनीय योगदान गरेको देखिन्छ ।

ग्रामीण स्तरमा सहकारीको लोकप्रियता बढे पनि सरकारको प्रत्यक्ष निगरानीको अभावमा सहकारीमा क्रमिक रूपमा विकृतिहरू भित्रिन थाल्यो र सहकारीले जन सम्पर्क बढाएपनि सेवामुखीभन्दा नाफामुखी प्रवृतिको विकास गराएपछि समग्र सहकारी क्षेत्र नै बदनाम भयो । १४ हजार वचत र ऋण सहकारी संस्था तथा ४ हजार ३ सय बहुद्देशीय सहकारी संस्थाले निक्षेप संकलन गरि आर्थिक अनियमितताका शिकार भई समग्र सहकारी क्षेत्रमा बदनामी कमाएका छन् । आर्थिक अनियमितताका कारण केही सहकारी संस्था कार्रवाहीमा परि अस्तित्व गुमाएका छन् भने सोही क्षेत्रमा केही सहकारीले आशातीत सफलता पनि हासिल गरेका छन् । १४ हजार बचत तथा ऋण सहकारी संस्थाबाहेक अन्य विषयका सहकारीहरू पनि बचत र ऋण कारोवारमै संलग्न देखिएका छन् । सहकारी संस्थालाई नाफा कमाउने उद्देश्यका साथ निक्षेपलाई व्यक्तिगत रूपमा उपयोग गर्ने प्रवृति मौलाउँदै जाँदा केही स्वार्थका लागि सिंगै सहकारी क्षेत्रमा कलंक लागेको अवस्थालाई सरकारले क्रमशः व्यवस्थित पनि गर्दै आएको छ । नाफा कमाउने लक्ष्य लिएर दर्ता हुने सहकारी प्रदेश नं. ३ मा सबभन्दा बढि ११,५७७ संस्था खुलेका छन् । त्यसपछि प्रदेश नं.२ मा ५,८५७, प्रदेश नं. १ मा ५,१४४, प्रदेश नं. ५ मा ३,७६३, प्रदेश नं. ४ मा ३,६७८, प्रदेश नं. ७ मा २,३६२ र प्रदेश नं. ६ मा २,१२२ सहकारी संस्था दर्ता रहेका छन् । सहकारी क्षेत्रले ३ खर्ब २१ अर्ब निक्षेप संकलन, ७३ अर्ब ७७ करोड शेयर पूँजी संकलन गरि २ खर्ब ७३ अर्बको ऋण लगानी गरेको छ ।

आर्थिक क्षेत्रमा टेवा दिने भनेर जारी गरिएको सहकारी ऐन-०४८ को प्रस्तावनामा ग्रामीण क्षेत्रका गरिब, भूमिहीन, किसान, महिला, जनजाती तथा दलित उत्थानका लागि सहकारी दर्ता गरिने उल्लेख छ । तर पनि लक्षित उद्देश्यमा काम नगरि आर्थिक अनियमिततातिर उन्मुख भए । सहकारी क्षेत्रको आर्थिक अनियमिततालाई रोक्न गौरी बहादुर कार्कीको अध्यक्षतामा आयोग गठन गरि सरकारले कतिपय सहकारी कार्रवाहीमा परेर खारेज भए । कतिपय कार्रवाही भोग्दै छन् । सहकारी क्षेत्रलाई अधिक व्यवस्थित गर्न सहकारी ऐन-०७४ ले सहकारी दर्ता, संचालन तथा कार्रवाहीको व्यवस्थामा कडाई गरेको छ ।

बेरोजगारी हटाउन, युवाहरूको विदेश पलायन रोक्न सरकार सहकारीमार्फत अनुदान दिएर स्वरोजगार कार्यक्रम संचालन भयो तर आर्थिक बेथितिको शिकार भएर यो कार्यक्रम कुनै उपलब्धि दिन सकेन । सरकारको करोडौं रकम जोखिममा पऱ्यो । सहकारीमा संस्थागत विकास भई रहेको आर्थिक बेथितिलाई समूल नष्ट गर्ने सरकारका प्रयासहरू भएपनि अपेक्षित सफलता भने पाउन सकेको छैन । सहकारीलाई कृषि र सहकारीका विभिन्न निकायबाट अनुदान सहयोग हुँदै आएको छ । कृषि र सहकारी मन्त्रालय अहिले एक भएकोले अनुदानको दुरूपयोग रोक्न कारगर हुने सम्बन्धित निकायले आशा लिएको छ ।

उत्पादन बढाउन, स्वरोजगार गर्न लक्षित समुदायमा केन्द्रीत भई कार्य संचालन गर्न सरकारले आ.व. २०६५/०६६ देखि सहकारीलाई अनुदान दिने कार्यक्रम संचालन गरेको हो । अनुदानलाई व्यवस्थित गर्न सहकारी विभागले निर्देशिका जारी गरेको छ । यो निर्देशिकाले दुर्गम क्षेत्रका लक्षितवर्गका लागि ८०% र अन्य क्षेत्रमा ६०%सम्म र महिला सहकारी संस्थालाई दुर्गममा ९५%, अन्यमा ७५% अनुदान दिने व्यवस्था गरिएको छ ।

ठूला सहकारीहरूले आफ्नो जिम्मेवारीबोधका साथ सहकारी क्षेत्रमा रहेको आर्थिक बेथितिलाई हटाउन जेठ २६ गते शनिवार केन्द्रस्तरको भेला आयोजना गरि सहकारीको बचत तथा शेयरपूँजीलाई संरक्षण गर्दै, उत्पादन, उद्यमशीलता, रोजगारी वृद्धि गराउने १२ बून्दे प्रतिबद्धताका साथ २ दिने भेला सम्पन्न गरेको छ । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन) र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको संयुक्त आयोजनामा काठमाण्डौंमा भएको केन्द्रीय भेलामा देशभरका ६०० सहकारी संस्थाको सहभागिता थियो । आलोचित भई रहेको सहकारी क्षेत्रलाई व्यवस्थित गर्न बोलाईएको यो भेलाले आत्मालोचनाका साथै सहकारीको पूँजीलाई उत्पादनको क्षेत्रमा, वित्तीय पहुँच नभएको कमजोरवर्गलाई समेट्न, उद्यमशीलतालाई बढाउन तथा स्वरोजगारका लागि कमजोरवर्गसम्म सहकारीको विस्तार गर्न र सहकारीमा रहेका बेथितिलाई हटाउन सहकारीकर्मी पूर्ण इमान्दार बन्नु पर्ने संकल्प लिएका छन् । आत्मालोचित भई आफैले सुधारका संकल्प लिने सहकारी संस्थाको यो कदम प्रशंसनीय नै मान्नु पर्दछ ।

देशको आर्थिक विकासको क्षेत्रमा, सामाजिक जीवनस्तर विकासको क्षेत्रमा, उत्पादनशीलताको क्षेत्रमा सहकारीको योगदान विषयमा संयुक्त राष्ट्रसंघले २०१४ मा १४५ वटा देशको सहकारीमा सर्वे गरेको थियो । न्युजिल्याण्डका सहकारी विश्व कै सर्वोत्कृष्ट सहकारी अर्थव्यवस्थामा घोषित भएको थियो । न्युजिल्याण्डको सहकारीले त्यहाँको कूल गार्हस्थ्य उत्पादनमा २० प्रतिशत योगदान गरेको पाईयो । फ्रान्स र नेदरल्याण्डका सहकारीले कूल गार्हस्थ्य उत्पादनमा १८ प्रतिशतका दरले योगदान गरेको छ भने फिनल्याण्डको सहकारीले १४ प्रतिशतले योगदान गरेको छ । नेपालमा त्यस्ता सर्वे नभएपनि कूल गार्हस्थ्य उत्पादनमा ५ प्रतिशत रहेको अर्थविद्हरूको अनुमान छ ।

**फ्रान्स र नेदरल्याण्डका सहकारीले कूल गार्हस्थ्य उत्पादनमा १८ प्रतिशतका दरले योगदान गरेको छ भने फिनल्याण्डको सहकारीले १४ प्रतिशतले योगदान गरेको छ । नेपालमा त्यस्ता सर्वे नभएपनि कूल गार्हस्थ्य उत्पादनमा ५ प्रतिशत रहेको अर्थविद्हरूको अनुमान छ ।**

विश्वस्तरमा सहकारीको योगदान उल्लेखनीय रहेको कुरा उपरोक्त तथ्याँकले देखाएको छ । ठूला वित्तीय संस्थाहरूसंग सर्वसाधारणको पहुँच नरहेको अवस्थामा सहकारीको महत्व बढ्न गएको हो । ६ दशक पार गरि सकेको सहकारीको अभ्यास अहिले पनि राष्ट्रिय उत्पादनमा आफ्नो ठाउँ बनाउन सकेको छैन । तर सहकारी क्षेत्रमा रहेको आर्थिक बेथितितिर सहकारीको ध्यान गएको सुधारको दिशामा ठूलो पहल भएको छ । स्थानीयस्तरमा जन सम्पर्कसंग प्रत्यक्ष जुडेको सहकारी, कृषि उत्पादनको क्षेत्रमा निकै सहयोगी भूमिका खेल्न सक्ने अवस्था छ ।

विश्वभर दर्ता भएका २६ लाख सहकारीमा १ अर्ब २० करोड मानिस संगठित छन् । विश्वका २८ करोड मानिस सहकारीबाट लाभान्वित भएका छन् । आफ्नो देशमा सहकारीले कूल गार्हस्थ्य उत्पादनमा २० प्रतिशतले सहयोग गर्नु त्यहाँको सहकारीको दक्ष व्यवस्थापन, कुशल कार्यान्वयन तथा सक्रिय अनुगमनको नतिजा हो । विश्वकै सहकारी क्षेत्रको प्रेरणा स्रोतको रूपमा देखिएको न्युजिल्याण्ड, फ्रान्स, नेदरल्याण्ड र फिनल्याण्डका सहकारी रहेका छन् ।

janukjha24@gmail.com

## ठाकुर र महतोको...

सर्वसम्मतिले नदिए चुनाव गराउने चेतावनीसमेत दिँदै आएका छन् । अर्कोतिर यदि ठाकुर अध्यक्ष मण्डलका सदस्य भए आफूलाई पार्टीको अध्यक्ष बनाउनुपर्ने प्रतिबद्धता पनि महतोले खोजेका छन् । तर संयोजक ठाकुर पक्षले महतोलाई अहिले नै पार्टीको अध्यक्ष बनाइदिने प्रतिबद्धता जनाउन चाहेका छैनन् । महतोको यस्तै विभिन्न दाबीका कारण राजपा नेपालका संसदीय दलको एजेन्डा बन्न सकेको छैन र नेता चयनमा ढिलाइ भएको छ । राजपा नेपाललाई तत्काल सरकारमा पनि जानु पनि छैन त्यसैले संसदीय दलबाट त्यस्तो खासै निर्णय पनि गर्नु परेको छैन । संसदीय दलको नेताबिना पनि काम चलिरहेको छ । संसदीय दलको नेताको खासै आवश्यक्ता महसुस नभएको कारण पार्टीले यसलाई गम्भीरतापूर्वक नलिएको एकथरिको मान्यता छ ।

राजपाले संसदीय दलको नेता मात्र होइन, उपनेता, प्रमुख सचेतक, सचेतकलगायत पदमा पनि टुंगो लगाउनु पर्ने बाँकी छ । दलको नेता, उपनेता चयन गर्न संसदीय दलको विधान पारित हुनु पर्छ । तर, राजनीतिक समितिले विधान टुंगो लगाए पनि संसदीय दलले विधान पारित गर्न सकेको छैन । संसदीय दलले सदस्यका मनोभावना समेटेर विधानलाई अन्तिम रूप दिन अध्यक्षमण्डललाई नै जिम्मा दिएकाले दलको विधान पारित हुने विश्वास गरिएको छ ।

राजपामा देखिएको आन्तरिक विवादकै कारण पार्टीको छवि पनि धुमिल हुँदै गइरहेको छ भने सरकारमा सहभागी हुने विषय समेत छायाँमा परेको छ ।

पार्टी भित्रको चरम विवादले उसले आफ्नो एजेन्डा पनि सशक्त रूपले उठाउन सकेको छैन । पार्टी नै दुई धारमा विभक्त भएपछि पार्टीभन्दा आफ्नो स्वार्थका लागि मात्र सोच्ने नेताहरूको होडबाजीका कारण संसदमा उसको उपस्थिति कमजोर हुँदै गइरहेको छ भने मधेशी जनतामा पनि पार्टी प्रति वितृष्णा बढेको छ । पार्टीलाई मधेशको हितभन्दा आफनो स्वार्थका लागि मात्र प्रयोग गर्ने नेताहरूको पुरानो बानी नहटेसम्म राजपाले गति लिन सक्दैन ।

### महाधिवेशनको अन्योलता

राजपाले आफू स्थापना भएको एक वर्ष भित्रै पहिलो महाधिवेशन गर्ने कबुल गरेको थियो । तर एक वर्षभन्दा बढी समय बिति सकेपनि उसले महोधिवेशन गर्न सकेको छैन । पार्टीले महाधिवेशन गर्नु अघि यसभन्दा पहिलाका ६ वटै पार्टीको अस्तित्वमा रहेको जिल्ला संगठनहरूको एकीकरण गर्नु पर्ने हुन्छ । साथै, ६ वटै पार्टीको भातृ संगठनहरूको एकीकरण पनि हुन सकेको छैन । ६ वटै पार्टीले केन्द्रमा एकीकृत भएर राजपा नामको दल बनाए पनि यसको जिल्ला संगठनहरू भने अस्तित्वविहीन नै छ । पार्टीले तल्लोस्तरसम्म एकीकृत हुन सकेको छैन ।

त्यसैले महाविधेशनका लागि पार्टी मानसिक, प्राविधिक र भौतिक रूपले तयार भएको छैन । तर जब निर्वाचन आयोगले असार ३० गतेसम्म महाधिवेशन गर्न भनेपछि मात्र राजपा यसका लागि छलफल सुरू गरेको छ । असार ३० सम्म महाधिवेशन गर्न असम्भव भएका कारण उसले कानूनी बाध्यतालाई छल्दै हिंड्न थालेको छ । आन्तरिक समस्या सुल्झाउन नसक्दा राजपा पार्टीको विधान संशोधन गराउँदै आयु लम्ब्याउदै छ ।

राजपाको विधानमा पार्टी एकीकरण भएको एक बर्षभित्र महाधिवेशन गर्ने उल्लेख भए अनुसार, आयोगले यस्तो पत्र लेखेको थियो । तर, राजपाभित्र संसदीय दलको नेता नै चयन गर्न नसकेका कारण आयोगको पत्र वेवारिसे बन्दै आएको छ । आन्तरिक समस्या बढ्दै गएपछि राजपाले विधान संशोधन गरेर अर्को वर्षमात्रै महाधिवेशन गर्ने निर्णय गर्नु पार्टी भित्रको अस्तव्यस्तता, नेताहरूबीचको विवाद र असामन्जस्यता सहतमा आएको छ ।

संविधानले राजनीतिक दल खारेज गर्न नसक्ने व्यवस्था गरेकै आधारमा राजापले महाधिवेशन एक बर्षपछि धकेलेको छ । यद्यपी आउँदो २०७६ बैशाखमा महाविधेशन गर्नेगरी विधान संशोधन गरिएको छ । तर संयोजक ठाकुर र नेता महतोमध्ये संसदीय दलको नेता को हुने भन्ने टुंगो नलाग्दा महाधिवेशनको तयारी पनि पार्टीले गर्न सकेको छैन । खुलेर आफू दलको नेता हुने भन्न पनि नसक्ने र अरूले भनिदिन्छ भन्ने ग्यारेन्टी पनि नभएका कारण ठाकुर र महतोबीचको लडाईं पार्टी भित्र चलिरहेको छ । पार्टीभित्रको यस्तै भद्रगोलले राष्ट्रिय राजनीतिमा समेत राजपाको भूमिका कमजोर बनेको छ । महाधिवेशनबाट को अध्यक्ष हुने भन्नेमै ६ जना अध्यक्ष मण्डलका नेताबीच कुरा नमिल्दा संगठन भद्रगोलको स्थितिमा पुगेको राजपाकै नेताहरू बरूताउँछन् । राजपाको आन्तरिक अस्तव्यस्तताले राष्ट्रिय राजनीतिमै राजपाको प्रस्तुति कमजोर बन्दै गएको छ ।

# राजपा पनि सरकारमा गयो भने मधेश मुद्दा विलिन हुन्छ

**निश्चित रूपमा हामीसँग कुनै सरसल्लाह गरेर फोरम सरकारमा गएको होइन, आफ्नो हिसाबले गएको हो। मुद्दा त कमजोर भएको छ तर हामी पनि सरकारमा गयौं भने मुद्दा कमजोर मात्रै होइन, विलिन हुन्छ। त्यसैले गर्दा मुद्दाको बारेमा झुक्याउने किसिमको कुनै सहमति गरेर होइन, स्पष्टरूपमा कसरी अगाडि बढ्ने भन्ने सरकार र राजपाको बीचमा स्पष्ट नभइकन राजपा सरकारमा जाने विचार गर्दैन।**



## सर्वेन्द्रनाथ शुक्ल
### वरिष्ठ उपाध्यक्ष, राष्ट्रिय जनता पार्टी, नेपाल

**० अन्ततः राष्ट्रिय जनता पार्टी नेपालले संसदीय दलको नेता चयन गर्ने नै भयो त ?**

– संसदीय दलको नेता चयन गर्ने एउटा नियमित प्रक्रिया हो तर राजपाको मूल कार्यभार भनेको महाधिवेशन सम्पन्न गर्ने हो। संसदीय दल भनेको संसदभित्र मात्रै त्यसको कार्यक्षेत्र हुन्छ र समग्र काम पार्टीको सबै ठाउँमा आफ्नो दायित्व पूरा गर्ने हुन्छ। त्यसैले, महाधिवेशन नै हाम्रो मूल कार्यभार हो। संसदीय दलको नेता चयन गर्नुपर्नेछ, यो सबैका लागि प्रतिक्षित छ। यो कुरा राजनीतिक समितिमा बारम्बार उठेकै हो। संघीय संसदमा राजपाको १७ जना सदस्य छन्, जसमध्ये एक जना रेशमलाल चौधरी जेलमै हुनुहुन्छ। जनमतले उहाँलाई माननीय बनाइदियो तर यो देशको कानूनको उल्लंघन गरेर सरकार र सरकारका विभिन्न निकायले अहिलेसम्म उहाँलाई शपथ ग्रहणसमेत गराएको छैन। जनमतभन्दा माथि, जनमतको विपक्षमा ती निकायहरू काम गरिरहेका छन्। त्यो दायित्व पनि संसदीय दलको छ। संसदीय दलको निर्वाचन अथवा संसदीय दलको नेता चयन हुनुपर्छ तर त्यसको नाममा भरसक राजपाभित्र कुनै विभाजन आउन दिनु हुँदैन। किनभने राजपाले सबै मिलेर एकजुट होऔं र मधेशका लागि लडौं भन्ने सिद्धान्तलाई स्थापित गर्‍यो। तत्कालीन मधेशी मोर्चाका सात राजनीतिक दलमध्ये एक ठाउँमा उभिएर जसरी एउटा उदाहरण प्रस्तुत गरे, त्यस आदर्शको विपरीत कुनै कार्य गरियो भने जनतासँग विश्वासघात हुन्छ। त्यसैले विभाजनका लागि काम गर्नु हुन्न। यस सन्दर्भमा हाम्रा पार्टीका संयोजक महन्थ ठाकुरजीले भन्नुभएको छ, 'मलाई नै बनाउनुपर्छ भन्ने जरूरी छैन। तपाइँहरूमध्ये एकजना कोही सर्वसम्मतबाट हुनुस्। तर, विभाजन नल्याउनुस्।' यो विभाजन हटाउनलाई हामीले धेरै त्याग गरिसक्यौं। यसै लाइनमा संसदीय दलभित्र ठूलो चर्चा परिचर्चा भइरहेको छ र विभाजन नभइकन संसदीय दलको चयन गर्नुपर्छ भन्ने कुरामा अधिकांश साथीहरू सहमत हुनुहुन्छ। महन्थ ठाकुरजीले पद त्याग गरेर मधेशको राजनीतिमा आउनुभयो। राष्ट्रपतिको पद दिँदासमेत त्यो छोडेर उहाँ आउनु भएको हो। उहाँले भन्दै आउनुभएको छ कि सरकारमा पनि नजाने, मन्त्री पनि नबने तर मधेश मिसनमा सहयोग गरिदिनुस् भनेर उहाँले भन्दै आउनुभएको छ।

**० संसदीय दलको नेता चयन गर्न राजपालाई यत्रो सकस किन भएको होला ?**

– राजनीतिमा महत्वाकांक्षा त सबैको हुन्छ नि। खासगरी मधेशका दलहरू आन्दोलनबाट आएका हुन्। राजनीतिक संस्कारलाई अभ्यास गर्ने मौका हाम्रा नेताहरूमा धेरै कम छ । त्यसैले नेता कार्यकर्ता सबैमा राजनीतिक संस्कारको कमी छ राजनीतिक प्रशिक्षणको कमीले गर्दा ती संस्कारहरू अगाडि बढेका छैनन्। सबैको चाहना छ, राजनीतिक संस्कार ग्रहण गरौं, तर त्यसका लागि यथेष्ट प्रशिक्षण भएको छैन। त्यसैले, महत्वाकांक्षाले गर्दा अलिअलि सकस देख्या हो तर, विश्वास गर्नुस् निर्वाचनको मितिसम्म पुग्दापुग्दै यो सकस सहजतामा परिणत हुन्छ।

**० तर, राजपाका संयोजक महन्थ ठाकुर र नेता राजेन्द्र महतोबीच 'इगो प्रोब्लम'का कारण पनि संसदीय दलको नेता चयनमा ढिलाई भएको भनिन्छ नि ?**

– मलाई त्यस्तो 'इगो प्रोब्लम' वा टकरावका बारे थाहा छैन। ठाकुरजीलाई संयोजकमा प्रस्ताव गरेको राजेन्द्र महतोले नै हो, त्यसैले इगो टकराव भएको भए उहाँले किन संयोजकमा प्रस्ताव गर्नुहुन्थ्यो। जहाँसम्म महन्थ ठाकुरको व्यक्तित्वको कुरा छ, उहाँ शुद्ध अध्यात्मिक व्यक्ति हुनुहुन्छ, उहाँको मनभित्र कुनै किसिमका इगो छँदै छैन। मलाई लाग्छ यो कुरो महन्थ ठाकुरजीले पनि राम्ररी बुझ्नुभएको छ। इगोको टकरावभन्दा पनि आफ्नो महत्वकांक्षा पाउने इच्छाले अलिअलि मतभेदहरू भइरहन्छ। वास्तवममा हाम्रा शीर्ष नेताहरूको व्यवस्थापन भयो, शीर्ष नेताहरू एकजुट भए तर पार्टी एकजुट हुन बाँकी छ। त्यो बाटो महाधिवेशन नै हो। जबसम्म पार्टी एकजुट हुँदैन तबसम्म यस्ता कुराहरू आइरहन्छ।

**० राजपामा संसदीय दलको नेता सर्वसम्मतबाट हुन्छ कि निर्वाचन हुन्छ ?**

– सबैको प्रयास सर्वसहमतिबाट नै गर्ने हो। राजेन्द्र महतोजीले पनि त्यहीं कुरा गर्नुभएको छ। हेर्नुस्, प्रजातान्त्रिक वा लोकतान्त्रिक प्रक्रिया भनेको त अन्तिम अस्त्र हो नि। लोकतान्त्रिक प्रक्रिया गर्दा यो सुनिश्चित गर्नुपर्छ कि यसले विभाजन होइन, एकतालाई बढाउँछ। त्यो कुरा सुनिश्चित हुनुपर्छ। तर, राजेन्द्र महतोजीले पनि भरसक सर्वसहमतिबाट हुनुपर्छ भन्ने भावना उहाँको मनमा रहेको कुरा मैले बुझेको छु।

**० खासगरी, नेपालको राजनीतिक परम्परा यस्तो रहिआएको छ कि पार्टीका सुप्रिमो नै संसदीय दलका नेता हुने, यसले गर्दा संयोजक महन्थ ठाकुरजीको सम्भावना त प्रवल छ नि ?**

– महन्थ ठाकुरजी निर्विवाद संयोजक हुनुहुन्छ, त्यसमा कहीं कुनै शंका छैन। संसदीय दलको नेतामा हाम्रा सांसदहरू, जसलाई एकताका आधारमा मान्नुहुन्छ उहाँ नै हुनुहुन्छ। अझ फोरमसँग एकताका आधारमा प्रदेश २ मा जनताले संसदमा पठाए। त्यसैले, संयोजक संसदीय दलको नेता हुनुहुन्छ कि हुनुहुन्न भन्ने कुरा माननीय सांसदहरूको विभेदमा भर पर्छ। ठाकुरजी विवादमा गएर निर्वाचन लड्ने पक्षमा हुनुहुन्न।

**० राजपाको महाधिवेशनको तयारी कस्तो हुँदैछ र कहिले हुन्छ ?**

– महाधिवेशनको मिति हामीले तोकिसक्यौं, स्थानका लागि पनि व्यापक छलफल भइसक्यो। स्थानको निर्णय बाहिर आएको छैन। राजविराज, वीरगन्ज र जनकपुरको कुरा भइरहेको छ। मैले व्यक्तिगत रूपमा भन्नुपर्दा केन्द्रमा वीरगन्ज पर्छ र पश्चिमका अधिकांश मानिसहरूको आकांक्षा वीरगन्ज छ। तर, केही साथीहरू जनकपुर प्रदेश २ को राजधानी भएको हुनाले पहिलो महाधिवेशन त्यहाँ गर्नुपर्छ भन्ने पक्षमा हुनुहुन्छ। कोही राजविराजका लागि पनि भन्दै हुनुहुन्छ। ठाउँको निर्णय एक/दुई दिनभित्र नै भइहाल्छ। विधानलाई महाधिवेशनसम्म पुर्‍याउन हामीले अन्तिम रूप दिएर अध्यक्षमण्डलमा दिइसकेका छौं। साउनको दोस्रो हप्ताको प्रारम्भदेखि हामी सदस्यता अभियानमा लाग्छौं। अहिले वर्षात्को मौसम छ, धेरै ठाउँ बाधित छन्, सबै ठाउँमा पुग्न सकेका छैनौं। त्यसैले साउनको दोस्रो हप्तापछि बाटोघाटो सजिलो भएपछि हाम्रो महाधिवेशनको पहिलो चरण प्रारम्भ हुन्छ। हाम्रो अधिवेशनलाई लिएर जनतामा साह्रै उत्साह छ। राजपा अब व्यवहारिक रूपमा एक हुन लागेको छ। राजपाको एकताले नै ठूलो परिवर्तन ल्याएको थियो। दुर्भाग्यवश प्रदेश १, ५ र ७ मा चुनाव लड्न पाएनौं। तर, प्रदेश २ मा त्यसको ठूलो उपलब्धि पाएका छौं। त्यो भावनालाई कायम राख्न अब तल्लो स्तरसम्म पनि एकतालाई सार्थक बनाउन गृहकार्यमा लागेका छौं।

**० तपाईंहरूले समयमै महाधिवेशन गर्न नसक्नुको कारण के त ?**

– हामी असारमा पार्टी दर्ता गरायौं, त्यसपछाडि तुरून्त हामी आन्दोलनमा जानुपर्‍यो, तत्कालीन सरकारले संविधान संशोधन गर्छु भन्दाभन्दै पनि हुन सकेन। त्यसपछि तीन तहको निर्वाचन भयो, त्यसले गर्दा फागुनसम्म सरकार निर्माण लगायतका प्रक्रियामा देश गयो। देश नै अस्तव्यस्त भएको बेलामा निर्वाचनअघि कुनै हालतमा महाधिवेशन सम्भव थिएन। निर्वाचनका प्रक्रियाहरू सम्पन्न भएपश्चात् हामी निरन्तर अब महाधिवेशनमा जाने कुरा गर्दागर्दै अहिले यसको निर्णय भइसकेको छ। समय तालिका र कार्यतालिका तोकिसकिएको छ, तर बाहिर आउन बाँकी छ। यो अगाडि विभिन्न कारणले गर्दा सम्भव थिएन।

**० अब महाधिवेशनबाट राजपामा अध्यक्षमण्डल नै रहन्छ कि एकल नेतृत्व आउँछ ?**

– एकल नेतृत्वको कुरा त स्वतः अध्यक्षमण्डलले नै स्वीकार गरिसकेको छ। छ वटा टाउको एक ठाउँमा राख्नु र सबैको मतैक्यता गराउनु यो बहुत गाह्रो काम रहेको छ। अरूले पनि पहिला-पहिला कोशिस गरेका थिएन कसैले सकेन। मतभिन्नता हुन्छ र त्यो मतभिन्नताबाट मतैक्यता खोज्नुपर्छ। त्यसैले हामी छ वटा दल मिलेर पनि निर्णय प्रक्रिया ढिला भएर यही मतैक्यता पद्धति राजपाले अहिलेसम्म पालना गरिरहेको छ, त्यसले बाधा गर्दै आएको छ। त्यसैले यो पद्धति छोड्नै पर्छ। यसमा अध्यक्षमण्डल पनि सहमत भइसकेको छ। त्यसैले अब एकल नेतृत्व आउँछ। तर, एकल नेतृत्वसँगै 'टीम वर्क' अर्थात् नजिकको निगरानी हाम्रा नेताहरूबाट हुनुपर्छ। सबैको सुझावअनुसार एकल नेतृत्व हिंड्नुपर्छ।

**० महाधिवेशनपछि राजपाको रणनीति के हुनेछ ?**

– राजपाका लागि अहिलेको परिस्थिति हिजोभन्दा फरक भएको छ। देशमा वामपन्थीको सरकार, अधिकांश वाम शक्ति एकत्रित भएका छन्। अहिलेको जुन परिस्थितिअनुसार दुई तिहाइको बहुमतले देशमा स्थायित्व ल्याउँछ भन्ने सबैलाई विश्वास थियो। यसले लोकतन्त्रलाई प्रहार गर्ला लगायतका शंका उपशंकाहरू थिए, तर एउटा के कुरामा जनता आश्वस्त थिए भने दुई तिहाइ बहुमतले स्थायित्व दिन्छ र स्थायित्वले शान्ति र समृद्धि दिन्छ। तर, दुर्भाग्य के छ भने अहिलेको अभ्यासले के देखियो भने दुई तिहाइ बहुमतले मात्रै स्थायित्व आउँदैन। त्यो सँगसँगै स्पष्ट राजनीतिक सोच र त्यसअनुरूपको राजनीतिक आचरण हुनुपर्छ, जुन अहिले देखिएको छैन। अहिले नयाँ-नयाँ द्वन्द्वहरू सिर्जना भइरहेका छन्। हाम्रो मधेशका द्वन्द्व त यथास्थितिमा छ, त्यतिकै हामी थाँति राखेका छौं। हामी समृद्धिमा बाधक नबनिकन त्यसलाई प्राप्त गर्न खोजिरहेका छौं। अन्तिम समयसम्म हामी प्रयासरत रहन्छौं। फेरि द्वन्द्वमा जानअगाडि हामीले सरकारलाई प्रशस्त मात्रामा मौका दिइरहेका छौं। तर, सरकारले चाहन्छ कि चाहँदैन त्यो कुरा आउने दिनले देखाउँछ। त्यसैले अब यो परिप्रेक्ष्यमा आगामी दिन सरकार कसरी प्रस्तुत हुन्छ, हाम्रा मुद्दाहरू कसरी सम्बोधन गर्छ र समृद्धि र विकासको कुरा मधेशलाई कतिको फलदायी हुन्छ, यी सारा कुरा हामीले हेर्न बाँकी छ। महाधिवेशनमा अबको राजनीतिक दिशा के भन्ने यो भारी छलफलको विषय हो। यसको छिनोफानो गर्नका लागि नै महाधिवेन एउटा मूल बाटो हुन्छ। हामीले एउटा राजनीतिक दस्तावेज तयार पार्छौं, त्यसमाथि छलफल गर्छौं र त्यसले दिशानिर्देश गरेअनुसार अगाडि बढ्छौं।

**० तपाइँहरू सँगै हिंडेका र मधेशको मुद्दामा एकमत रहेका संघीय समाजवादी फोरम नेपाल सत्तामा छ र तपाइँहरू बाहिर हुनुहुन्छ, यसले गर्दा मधेशको मुद्दा कमजोर त भएको छैन ?**

– मुद्दा त निश्चित रूपमा कमजोर भएको हो। आन्दोलनमा पनि हामी सँगै हुन सकेनौं, एकतामा पनि हामी सँगै हुन सकेनौं तर हामीले जनताको भावनाअनुसार एकता गर्न नसके पनि सहकार्य गरेर प्रदेश २ मा चुनाव लड्यौं र त्यसको परिणाम सकारात्मक नै रह्यो। निश्चित रूपमा हामीसँग कुनै सरसल्लाह गरेर फोरम सरकारमा गएको होइन, आफ्नो हिसाबले गएको हो। मुद्दा त कमजोर भएको छ *तर* हामी पनि सरकारमा गयौं भने मुद्दा कमजोर मात्रै होइन, विलिन हुन्छ। त्यसैले गर्दा मुद्दाको बारेमा झुक्याउने किसिमको कुनै सहमति गरेर होइन, स्पष्टरूपमा कसरी अगाडि बढ्ने भन्ने सरकार र राजपाको बीचमा स्पष्ट नभइकन राजपा सरकारमा जाने विचार गर्दैन। सरकारले पहिलो चरणमा हाम्रा नेता कार्यकर्ताहरूमाथि लगाइएको झुठा मुद्दाहरू फिर्ता गर्नुपर्ने, रेशमलाल चौधरी लगायतलाई रिहा गर्ने र हाम्रा संशोधनका मुद्दाहरूमा सरकारको स्पष्ट दृष्टिकोण कसरी र कहिलेसम्म गर्ने भन्ने कुराको विषयमा एक राउण्ड संयोजक ठाकुरजीसँग र नेताहरूसँग कुराकानी भइसकेको छ। चाँडै अर्को राउण्डको कुराकानी पनि हुन्छ र यो बारेमा हामी स्पष्ट भएपछि हामीले नयाँ बाटोतिर लाग्छौं।

**० भनेपछि, उपेन्द्र यादव नेतृत्वको फोरमले जनतालाई झुक्याउने काम गरेको हो ?**

– यो त उहाँहरूले बुझ्नुपर्ने हो, जनताले त बुझि नै रहेका छन्। उहाँहरूले सरकारमा गएर काम पूरा गर्छौं भनेर भन्नुभएको छ, सरकारमा गएर उहाँहरू कतिवटा मुद्दा फिर्ता गराउनुभएको छ, कतिवटाको प्रक्रिया अगाडि बढाउनुभएको छ ती कुराहरू त बाहिर आएको छैन। क्याबिनेटभित्र बसेर उहाँहरू के गरिरहनु भएको छ, त्यो कुरो थाहा नपाइकन झुक्याएको हो वा के गरेको हो थाहा हुँदैन। तर, सबभन्दा राम्रो के हुन्थ्यो भने हामी सरसल्लाह गरेर सरकारमा जाने वा नजानेबारे निर्णय लिएको भए सरकारमाथि यथेष्ट दबाब पर्थ्यो र एउटा सही निर्णय हामीले लिन सक्थ्यौं।

**० अहिले नेपाली कांग्रेस कमजोर प्रतिपक्षीको रूपमा देखिएको छ, राजपा र कांग्रेस मिलेर दह्रो प्रतिपक्षीको भूमिका निर्वाह गर्नसक्ने सम्भावना छ ?**

– नेपाली कांग्रेस पहिलेभन्दा अहिले साह्रै अव्यवस्थित रूपमा छ, चाहे त्यो संसदीय दलमा होस् वा पार्टीको रूपमा होस्। कांग्रेसभित्र गुटउपगुटभन्दा पनि गिरोहहरू सक्रिय छन् भनेर कांग्रेसकै नेताहरूले भन्दैछन्। त्यसैले जबसम्म कांग्रेसको आन्तरिक व्यवस्थापन भरपर्दो हुँदैन तबसम्म हामी सहयात्रा गर्ने स्थितिमा छैनौं। आन्तरिक व्यवस्थापन भएपछि कांग्रेसले इमान्दारीपूर्वक मधेशको मुद्दा र जनताका समस्याहरू लिनसक्ने स्थितिमा आफूलाई पुर्‍याउँछ भने मात्र कुनै किसिमको सहकार्यको बारेमा हामीले सोच बनाउन सक्छौं। तत्काल त्यो स्थिति छैन। कांग्रेसले आफूलाई व्यवस्थित गराउने प्रक्रियामा छ भन्ने देखिएको छ। तर, त्यसका लागि कति समय लाग्छ, सक्छ कि सक्दैन कि बीचैमा भंग हुन्छ आदि इत्यादिका सम्भावनाहरू त्यतिकै देखिएका छन्। त्यसैले अहिलेको परिस्थितिमा तत्कालै हामी बलियो प्रतिपक्षको रूपमा सहकार्य गर्ने स्थितिमा छैनौं। अहिले हामी न कांग्रेससँग टाँसिएका छौं न नेकपासँग टाँसिएका छौं। हामी अहिले बीचको भूमिकामा छौं जसले हाम्रा मुद्दाहरूप्रति सकारात्मक रूपमा प्रस्तुत हुन्छ, उसँग सहकार्य गर्छौं। संविधान संशोधनका लागि हामीले नेकपामाथि नै भर पर्नुपर्छ। किनभने संख्या दुई तिहाइ चाहिन्छ, त्यसमा हामीले कांग्रेसको पनि सहयोग खोज्छौं।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*



☞ हाम्रा नेता कार्यकर्ताहरूमा राजनीतिक संस्कारको कमी छ, राजनीतिक प्रशिक्षणको कमीले गर्दा ती संस्कारहरू अगाडि बढेका छैनन्।

☞ संयोजक संसदीय दलको नेता हुनुहुन्छ कि हुनुहुन्न भन्ने कुरा माननीय सांसदहरूको विवेकमा भर पर्छ। ठाकुरजी विवादमा गएर निर्वाचन लड्ने पक्षमा हुनुहुन्न।

☞ हाम्रो अधिवेशनलाई लिएर जनतामा साह्रै उत्साह छ। राजपा अब व्यावहारिक रूपमा एक हुन लागेको छ।

☞ अब एकल नेतृत्व आउँछ। तर, एकल नेतृत्वसँगै 'टीम वर्क' अर्थात् नजिकको निगरानी हाम्रा नेताहरूबाट हुनुपर्छ।

☞ महाधिवेशनमा अबको राजनीतिक दिशा के भन्ने यो भारी छलफलको विषय हो।

# आँप महोत्सव गरौं



संगीता रेग्मी

प्रधानमन्त्री केपी ओलीले यसै वर्षको बैशाख २१ गते भरतपुरको रामपुरस्थित कृषि तथा वन विज्ञान विश्वविद्यालयको पहिलो दीक्षान्त समारोहमा भनेका थिए-विश्वका धेरै देशमा आँपको उत्पादन नभएकाले नेपालको आँप निर्यात गर्न सकिन्छ। प्रधानमन्त्री ओलीले भने,'अमेरिका, युरोप, रूसलगायतका देशमा आँपको उत्पादन हुँदैन, त्यसैले तिनीहरूलाई नेपालको आँप चखाउनुपर्छ। एकचोटी चाखे पछि पल्किन्छ।'

हो, प्रधानमन्त्रीको उपरोक्त भनाइ सहि हो। फलहरूको राजा आँपलाई एक पटक चाखे पछि, त्यसको स्वाद लिन जो कोही पनि लालायित हुन्छ। यसलाई प्रचुर मात्रामा उत्पादन गर्न सकियो र विदेश निर्यात गर्न सकियो भने निश्चय पनि विदेशीहरू आँप खान पनि पल्किन्छन् र नेपाल आउनेछन्।

पहेलो रंगको यो फल हेर्दैमा खाउँ खाउँ लागिहाल्छ। यसले शरीरमा तागत दिन्छ, प्यास मेटाउँछ र भोक पनि मेटाउँछ। प्राज्ञ ऐतिहासिक अभिलेख अनुसार भारतको रैथाने यस फलको खेती आज भन्दा २५- ३० लाख बर्ष अघि सर्वप्रथम भारतको उत्तर पूर्व राज्य, बंगलादेश, म्यानमार, नेपाल, पाकिस्तानमा गरिदै आएको पाइन्छ। फलको राजा भनिने आँपको वर्णन हिन्दू धर्मग्रन्थमा पनि यसका गुणबारे उल्लेख छ।

हाम्रो शरीरका रोग प्रतिरोधक प्रणाली राम्रो हुनु राम्रो स्वस्थ्यको लागि आवश्यक मानिन्छ। आँपमा प्रशस्त मात्रामा पाइने भिटामिन-सी, भिटामिन-ए तथा २५ विभिन्न खाले कयारोटेन्वाइडसले हाम्रो रोग प्रतिरोधक प्रणालीलाई स्वस्थ्य राख्छ।

**नेपालमा आँप**

आँपलाई फलको राजा भनेर पनि चिनिन्छ। आँप फलफूलहरू मध्ये सबैले मन पराउने फल हो। नेपालको उष्ण फलफूलहरू मध्ये आँप प्रमुख फल हो। आँपको फलमा भिटामिन ए, भिटामिन सी, प्रोटिन, कार्बोहाइड्रेड र खनिज पदार्थ पाईन्छ।

आँप नेपालको एउटा महत्वपूर्ण वर्षे फल हो। नेपालको तराई, भित्रि मधेश र पहाडका वेसी, टार आदिमा आँपको खेती गरिन्छ। आँपको खेती गरिने प्रमुख जिल्लाहरूमा मोरङ्ग, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा र चितवन हुन्। सप्तरी र सिरहा भने प्रमुख आँप उत्पादन गर्ने जिल्लाहरू हुन। जहाँबाट मुलुकको ३०-४० प्रतिशत आँप उत्पादन हुने गर्दछ।

म्याङ्गीफेरा (Mangifera) प्रजातिमा पर्ने यो आँप उष्ण हावापानी भएको स्थानमा तराई देखि पहाड ३००० फुट अर्थात करिब ९०० मिटरसम्म हुर्कने र यसको फल गुलियो/अमिलो हुन्छ। यसको रूख अत्यन्त उपयोगी, दीर्घजीवी र जात अनुसार मझौलादेखि विशाल हुन्छ।

नेपालमा आँप खेती परापूर्वकाल देखि गरिदै आएको छ। पहिले पहिले आँपको कोयावाट बेर्ना तयार गरि बिरूवा रोपिन्थ्यो भने कलमी गरेको विरूवा रोप्ने चलन त्यति थिएन। २००४ सालमा कृषि विभागको स्थापना भई त्यसपछिको समयमा बागवानी फार्म/केन्द्रहरू तराई तथा पहाडमा खुल्दै गएपछि ती फार्म/केन्द्रवाट विभिन्न फलफूलका उन्नत जातको कलमी विरूवाहरू उत्पादन शुरू भएका हुन।

**आँपको बजार**

हाल नेपालमा सिराहा, सप्तरी, सुनसरी, झापा, मोरङ्ग, उदयपुर, धनकुटा, सर्लाही, महोत्तरी, धनुषा, चितवन, बारा, पर्सा, रौतहट, कपिलवस्तु, रूपन्देही, नवलपरासी, बाँके,



**आँपको यस्तो प्रचुरता भएपनि हामी यसप्रति अझै अनुदार छौं। आँपको महत्वलाई फैलाउन यसको महोत्सव किन नगर्ने भन्ने प्रश्न आउनु अस्वाभाविक होइन।**

बर्दिया, सुर्खेत, दाङ, कैलाली, कञ्चनपुर र डडेलधुरामा आँप उत्पादन हुन्छ। पहिलेको तुलनामा आँपको उपभोगमा बृद्धि हुन थालेको साथै उत्पादकत्वमा पनि बृद्धि हुन थाले पछि कृषकहरूको आर्थिक स्रोत पनि वृद्धि हुँदै आएको छ। आँप खेती गर्दा आर्थिक उपार्जन त हुन्छ नै साथसाथै दिगो आर्थिक स्रोतलाई पनि यसले बढावा दिन्छ।

तराई, भित्री मधेश तथा मध्य पहाडको तल्लो क्षेत्रमा पकेट क्षेत्र विस्तार गरि उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरि जुस र अचार एवं विभिन्न परिकार बनाई निर्यात गर्न सकेमा कृषकहरूले आर्थिक लाभ प्रसस्त लिन सक्ने सम्भावना धेरै छ।

यस वर्ष धनुषासहित तराईका जिल्लामा यसवर्ष आँप उत्पादनमा वृद्धि भएको छ। धनुषाको क्षीरेश्वरनाथ नगरपालिका- ५ महेन्द्रनगरका किसान रामदेव यादवले प्राय: यस पटक शुरूदेखि नै राम्रो फूल लागेको हुँदा गत वर्षभन्दा यसवर्ष आँप उत्पादनमा वृद्धि भएको बताउँछन्।

मधेशमा माल्दह, बम्बे, कलकतिया, कृष्णभोग, दसहरी, केरबा, गुलावखासजस्ता जातका आँप उत्पादन हुने गरेको छ। मधेशका सबै जिल्लामा ९० प्रतिशत खेती यी आँपको हुने गरेको छ। अघिल्लो वर्ष आँप उत्पादनका लागि मौसम अनुकूल नभएको र आँपमा लाग्ने मधुवा किटाणुका कारणसमेत उत्पादनमा कमी आएको थियो।

पछिल्लो तथ्यांकअनुसार नेपालमा ४६ हजार चार सय ६९ हेक्टरमा आँप खेती हुन्छ। त्यसमध्ये ३८ हजार तीन सय ५२ हेक्टरमा आँपको प्रचुर मात्रामा उत्पादन हुन्छ।

बजारमा अहिले बार्षिक २७ लाख ७८ हजार चार सय ७८ मेट्रिक टन आँपको खपत भइरहेको छ। नेपालबाट १२ लाख २३ हजार सात सय ६८ किलो आँप भारतलगायतमा मुलुकमा निर्यातसमेत भइरहेको छ।

सरकारी तथ्याङ्कअनुसार सबैभन्दा बढी सप्तरी र सिराहा जिल्लामा आँप उत्पादन हुन्छ। सप्तरीमा पाँच हजार हेक्टरबाट ३५ हजार मेट्रिक टन र सिराहामा पाँच हजार हेक्टरबाट २० हजार मेट्रिक टन उत्पादन हुन्छ। त्यसपछि महोत्तरी, कपिलवस्तु, धनुषा, सर्लाही र रौतहटलगायत ७० वटा जिल्लामा उत्पादन हुन्छ।जिल्ला कृषि विकास कार्यालय धनुषाले पनि यसवर्ष मौसम अनुकूल भएकाले आँप उत्पादनमा वृद्धि भएको जनाएको छ। धनुषामा आर्थिक वर्ष २०७३/७४ मा कूल तीन हजार २३८ हेक्टरमा जग्गामा आँप खेती गरिएकोमा एक दशमलव नौ मेट्रिकटन प्रतिहेक्टरका हिसाबले कूल चार हजार ३७१ मेट्रिकटन आँप उत्पादन भएको थियो भने चालु आर्थिक वर्षमा तीन हजार ३६६ हेक्टर जग्गामा आँपको खेती भएको हो।

धनुषामा मात्र यसवर्ष १३ मेट्रिकटन प्रति हेक्टरको हिसाबले जिल्लामा ३० हजार ६५८ मेट्रिकटन आँप उत्पादन भएको छ।

आँपमा नेपाललाई आत्मनिर्भर हुन ६१ लाख ९३ हजार मेट्रिक टन उत्पादन गर्नुपर्ने अवस्था छ। आत्मनिर्भर बनाउन कृषि विकास मन्त्रालयले गत बर्षदेखि पाँच बर्षे कार्यक्रम पनि सुरू गरेको छ तर त्यसको प्रभावकारिता देखिएको छैन।

आँप उत्पादन हुने उच्च तापक्रम आवश्यक पर्ने हुनाले यसको उत्पादन मुख्यतया मधेशका जिल्लामा हुने गरेको छ। स्थानीय उत्पादित आँपले उचित मूल्य नपाएको गुनासो किसानको छ।

व्यापारीले बाहिर जिल्लाबाट आँप ल्याएर सस्तो मूल्यमा बिक्री गर्न थालेका कारण स्थानीयले उत्पादन गरेको आँपले उचित मूल्य पाउन नसकेको हो।

**आँपको सांस्कृतिक पक्ष**

तराई-मधेशको अर्थतन्त्रको एउटा आधारका साथै सामाजिक-सांस्कृतिक प्रतीक पनि हो, आँप। गाउँघरमा गर्मी याममा मधेशीहरू आँपको बगैंचामा सुस्ताउन रूचाउँछन्। त्यसो गर्दा आँपको रखवाली पनि हुन्छ, शीतल छायाँ पनि मिल्छ। मधेशमा वैशाखदेखि विवाहको मौसम सुरू हुन्छ। यस्तो बेलामा बेहुलीलाई लिएर आम अर्थात आँप र महुवाको रूखको पूजा गरिन्छ जसलाई 'आमोब्याह' भनिन्छ। यो परम्परा र विधिले आँपको सांस्कृतिक पक्ष उजागर गर्छ। आँप हाम्रो सभ्यता र संस्कृतिको प्रतीक पनि हो। मिथिलाको वैवाहिक संस्कारमा आम्र (आँप) को वृक्षको पूजा गरिन्छ। पूजाका साथै कलशमा आम्र पल्लव राख्नु अत्यन्त शुभ मानिन्छ। यस्तै, हवन र यज्ञमा आँपको सानो दाउरा प्रयोग गरिन्छ। तुलसीदासले जुन भूतको सिद्धि गर्नु भएको थियो, त्यो आँपकै वृक्ष रहेको बताइन्छ। यस्तै आँपको विषयमा अनेक लोक कथाहरू पनि पाइन्छ।

विशेषज्ञहरूका अनुसार आँपको उत्पत्ति मलय प्रायद्वीपमा भएको हो। एक लोककथाअनुसार भगवान हनुमानले रावणको बगैंचामा आँपको बोटको बिऊ लिएका थिए। अंग्रेजी शब्द 'मैंगो' अर्थात आँप भारतको तमिल शब्द 'मैन-के' वा 'मैन-गे' बाट बनेको हो। यद्यपी नेपाली, मैथिली, हिन्दी आदि भाषामा आँप शब्द संस्कृतको आम्र शब्दबाट आएको हो। केही विशेषज्ञहरूका अनुसार आँपको उत्पत्ति इन्डो-बर्मा क्षेत्रमा भएको हो। यसकारण यस क्षेत्रको महाकाव्य, धार्मिक कार्य र लोककथाहरूमा आँपको उल्लेख प्रचुरताले गरिएको छ।

महाभारत र रामायणमा पनि आँपको उल्लेख धेरै पटक गरिएको छ। यसकारण आँपको वृक्ष, फल र पातलाई मिथिलाको मात्र होइन, नेपाली संस्कृतिमा पवित्र स्थान प्राप्त छ। आँपको विषयमा अनेक धार्मिक उपाख्यानहरूको चर्चा पनि धार्मिक ग्रन्थहरूमा पाइन्छ। राधा-कृष्णको प्रणय लीला, शिव-पार्वतीको विवाह आँपकै वृक्ष मुनि भएको किम्बदन्ती छ। भगवान गौतम बुद्धले आँपकै वृक्ष मुनि विश्राम गरेको कथाहरू पाइन्छ। बौद्ध मूर्तिकला र चित्रकलामा पनि आँपको वृक्षको महत्वपूर्ण स्थान रहेको पाइन्छ।

आँपको यस्तो प्रचुरता भएपनि हामी यसप्रति अझै अनुदार छौं। आँपको महत्वलाई फैलाउन यसको महोत्सव किन नगर्ने भन्ने प्रश्न आउनु अस्वभाविक होइन। मधेशमा अहिले पनि खास आँपकै लागि भनेर तोकिएको बगैंचाहरू छ जसलाई स्थानीय भाषामा आम गाछि भन्निछ। मधेशमा सामान्य र व्यवायायिक तवरका लागि लगाइएको आँपका फूलबारीहरू छन्। यिनको प्रवर्द्धनमा 'आँप महोत्सव' भने हुन सकेको छैन। जबकि, किसान र पर्यटनलाई लक्षित गरी यस्तो महोत्सव गर्नु जरूरी छ, जहाँ विभिन्न नाम र विशेषताका आँपहरूको प्रदर्शन मात्र होइन, दर्जनौं प्रकारका परिकार आँपकै फूलबारीमा पस्कन सकिन्छ। यसरी आँपको मौसममा मधेशलाई पर्यटकमय बनाएर अर्थतन्त्र बढाउन सकिन्छ।

आँपको राजधानीका रूपमा रहेका सिरहा र सप्तरीमै समेत आँपको बहुआयामिक सम्भावना छ। अब स्थानीय र प्रान्तीय सरकारले यसमा ध्यान दिनुपर्छ।

# क्यान्सरपीडित बालकलाई बचाउन सहयोगी हात बढ्दै

जलेश्वर। महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका वडा नं. ४ सुगाका क्यान्सरपीडित १२ वर्षीय बालक रवि पासवानलाई बचाउन सहयोगी हातहरू बढ्दै गएका छन्। बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक परिवार कल्याण संघ महोत्तरी तथा दलित जनजाति उत्थान संघ महोत्तरीले रविलाई बचाउन आर्थिक सहयोग गरेका हुन्। सेभ द चिल्ड्रेनको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित विद्यालय तथा समुदायमा बाल संरक्षण परियोजनाअन्तर्गत बाल संरक्षण समितिको आग्रहमा सामुदायिक परिवार कल्याण संघले २० हजार नगद हस्तान्तरण गरेका हुन्।

जलेश्वर नगरपालिका वडा नं. ४ का वडाध्यक्ष लोकेन्द्र लाल कर्ण, बाल संरक्षण समितिका सुगाका अध्यक्ष रामएकवाल पाण्डेयले संयुक्त रूपमा नगद क्यान्सरपीडित बालकलाई प्रदान गरेका छन्। सो अवसरमा वडाध्यक्ष लालले आफ्नो व्यक्तिगत तर्फबाट पनि ५ हजार रूपैयाँ नगद बालक रविलाई प्रदान गरेका थिए। सामुदायिक परिवार कल्याण संघका सामाजिक परिचालक कैलाशकुमार यादवले बालबालिकालाई संरक्षण गर्नुपर्ने सबैको दायित्व भएकोले आफुहरूले दायित्वबोध स्वरूप बालकलाई उपचारमा सहयोग पुगोस् भन्ने हेतुले सो रकम हस्तान्तरण गरेको जानकारी दिए।

त्यसैगरी, दलित जनजाति उत्थान संघका



अध्यक्ष श्यामसुन्दर दास तथा नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका अध्यक्ष कमलेश मण्डलले संयुक्त रूपमा क्यान्सरपीडित बालक रविलाई १० हजार नगद प्रदान गरेका थिए। कर्मचारीहरूबाट केही रकम संकलन गरेर अरू संस्थाबाट संकलन गरी बालकलाई नयाँ जीवनको लागि थोरै भएपनि सहयोग प्रदान गरेको संस्थाका अध्यक्ष श्यामसुन्दर दासले जानकारी दिए।

केही दिन अगाडी मात्रै विभिन्न पत्रपत्रिकाहरूमार्फत रविका बुवा नागेन्द्र पासवानले ब्लड क्यान्सरबाट जुझिरहेका आफ्ना बालकलाई बचाईदिन सबैजनामा आग्रह गरेका थिए। विगत ६ महिनादेखि १२ वर्षीया छोरा रवि पासवानलाई भक्तपुर क्यान्सर अस्पतालमा ब्लड क्यान्सरको उपचार गराइरहेका नागेन्द्रले उपचारमा रकमको अभाव भएको भन्दै छोरालाई बचाई दिन सबैसँग आग्रह गरेका छन्। उनले भने, "अहिलेसम्म उपचारमा ३० लाखभन्दा बढी खर्च गरिसक्यौं, उपचार अहिले पनि बाँकी नै छ तसर्थ सबैसँग सहयोगका लागि आग्रह गर्छु।"

नीजि विद्यालयमा शिक्षण सेवा गर्दै आएका नागेन्द्रले भएभरको सम्पत्तिबाट उपचार गराएपनि अब उपचार गराउने सामर्थ्य नरहेको बताउँदै सबैले सहयोग गरे मेरो छोराले पनि नयाँ जीवन पाउनेमा आफू आशावादी रहेको बताए।

सदरमुकाम जलेश्वरमा रहेको न्यू मोर्डन बोर्डिङ्ग स्कुलमा अध्यापन गराउँदै आएका उनले तलबबाट घरखर्च समेत निस्कन नसक्ने अवस्थामा रहेको हुँदा छोराको उपचार कसरी गराउनु ? प्रश्न गर्दै पैतृक सम्पत्ति तथा दाजुहरू र आफन्तको सहयोगमा अहिलेसम्म उपचारको हिम्मत गरेपनि रकम अभावमा उपचार गराउने धैर्यता गुमेको दुखेसो पोखे। उनले छोराको उपचारमा खटिएका कारणले विद्यालय नियमित जान नसक्दा नियमित आयआर्जन समेत गुमेको बताए।

रवि आफै पनि सोही विद्यालयको कक्षा ५ मा अध्ययनरत रहँदै आएको र आफू उपचारपश्चात निको भएर पुन: विद्यालय जाने बताउँछन्। 'सबै सहयोगी हातहरूले आशिर्वाद दिने हो भने म पहिले जस्तै हुन्छु,' रविले भने। उनले सहयोग गर्ने महानुभावहरू तथा संस्थाहरूलाई धन्यवाद समेत दिए।

अहिले बालकको भक्तपुर क्यान्सर अस्पतालका चिकित्सक डा.अजय झाको निगरानीमा उपचार भइरहेको रविलाई होडस्किन लिम्फोमा क्लासिक रोग लागेको र अवस्था तेस्रो चरणमा रहेको बताइएको छ।

बालकको जीवनरक्षाका लागि सहयोग गर्न चाह्नेहरूले जलेश्वरस्थित राष्ट्रिय वाणिज्य बैंकको बचत खाता नं. १२७००१९९८१० मा सहयोग गर्न सक्ने बालकका बुवा नागेन्द्रले बताए।

## मधेश अपडेट

### विद्यापति पुरस्कारबाट पाँच जना पुरस्कृत



जनकपुरधाम। मैथिली भाषा, संस्कृति र कला साहित्यमा योगदान पुऱ्याएका पाँच जना स्रष्टाहरूलाई विद्यापति पुरस्कार कोषले पुरस्कृत गरेको छ। मैथिली भाषा संस्कृति, अनुवाद, कला, साहित्यलाई अग्रगति तिर लैजानकोलागि तथा मैथिली लेखक, अनुवादक, प्रकाशक तथा स्रष्टाहरूलाई उल्लेखनिय कार्य गरेर विशिष्टि योगदान पुऱ्याउने पाँच जनालाई विद्यापति पुरस्कार कोषले नेपाल विद्यापति पुरस्कारको ५ विधामा पुरस्कृत गरेको हो। नेपाल विद्यापति मैथिली पुरस्कार २०७४ को २ लाख राशी रहेको साहित्य विधामा धनुषाका रोशन जनकपुरी पुरस्कृत भएका छन्। एकलाख राशि भएको अनुवाद विधामा सप्तरीका देवेन्द्र मिश्र, अनुसन्धान विधामा सर्लाहीका डा. देवनरायण यादव, पाण्डुलिपि विधामा सिरहाका हिमांशु चौधरी र कला/संस्कृति विधामा रामसागर पंडितलाई उपप्रधान एवं रक्षामन्त्री ईश्वर पोखरेलले नगद र सम्मान पत्रले पुरस्कृत गरेका छन्। पुरस्कृत जनकपुरीलाइ नगद २ लाख र अन्य चार जनालाई नगद १ लाखले मन्त्री पोखरेलले जनकपुरमा पुरस्कृत गरे। मैथिली भाषा र साहित्यको विकासका लागि सरकारले २०६८ सालमा १ करोडको अक्षयकोष धनराशिबाट स्थापना गरेका विद्यापति पुरस्कार कोषले प्रत्येक वर्ष मैथिली भाषा संस्कृति र कला साहित्यको विकासमा योग्दान पुर्ऱ्याएका पाँच जना स्रष्टाहरूलाई पुरस्कृत गर्दै आएको छ।

### जानकी मन्दिरको सौन्दर्यीकरणका लागि सम्झौता

जनकपुरधाम। ऐतिहासिक धार्मिक आस्था बोकेको जानकी मन्दिरलाई सौन्दर्यीकरण गर्नका गैरआवासीय नेपाली संघ (एनआरएन)ले सहयोग गर्ने भएको छ। जानकी मन्दिरलाई विश्व सम्पदा सूचिमा सूचिकृत गराउन सबै पक्षले पहल थालेपछि एनआरएनले पनि चासो देखाएको हो। जानकी मन्दिरलाई सौन्दर्यीकरणका लागि रू पाँच करोडको लागतमा विद्युतीकरण गरिने भएको छ। प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउत, एनआरएनका प्रमुख संरक्षक डा उपेन्द्र महतो र जनकपुर उपमहानगरपालिकाका प्रमुख लालकिशोर साहको रोहवरमा गैरआवासीय नेपाली संघका अध्यक्ष भवन भट्ट र जानकी मन्दिर छुट गुठीको तर्फबाट छोटे महन्थ रामरोशन दासले सोमबार संयुक्तरूपमा सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। सम्झौताअनुसार मन्दिर परिसरलाई अत्याधुनिक विद्युतीय प्रकाशमार्फत प्रज्वलित गर्नका लागि उज्यालो नेपाल अभियानबाट निर्मित कम खपतमा बल्न सक्ने एलइडी चिमको प्रयोग गरिनेछ। मन्दिरको सौन्दर्यकरणलाई अझ बढी उपयोगी बनाउन सौर्य ऊर्जाको प्रयोग गर्ने योजना रहेको जनाइएको छ।

### मेयर गुप्ताले ताल्चा तोडेर खोप दिन लगाए

राकेश यादव, रौतहट। जिल्ला अस्पताल गौरको कर्मचारीको मनोपोली चरम सीमामा पुगेको छ। सरसफाई र स्तरीय सेवा प्रवाहमा न्यून अवस्थामा खस्किँदै गरेको जिल्ला अस्पताल गौरको कर्मचारी बाल बालिकाको जीवनसँग खेलवाड गर्ने कार्य गरिरहेको देखिएको छ। मंगलबार खोपको विषयमा स्थानीयसँग विवाद भएको विषय लिएर खोप कर्मचारी उमेश चौधरी र अरविन्द झा फाँटमा ताल्चा लगाएर गायब भएपछि खोप लिन गएका सयौं बालबालिका अलपत्र अवस्थामा परेका थिए। बच्चाको अनिवार्य खोप दिनु पर्ने विषयमा कर्मचारीले गरेको लापरवाही सहन गर्न लायक नभएको स्थानीयहरूले बताएका छन्। खोप कर्मचारी ताल्चा बंद गरेर फरार भएको सूचना प्राप्त भए लगतै जिल्ला अस्पताल पुगेका नगर प्रमुख अजय कुमार गुप्ताले ताल्चा फुटाएर अर्को स्वास्थ्यकर्मीसँग खोप दिन लगाएका थिए।

### विद्यार्थी संघले ज्ञापनपत्र बुझायो

वीरगन्ज। राष्ट्रिय जनता पार्टी नेपालनिकट राजपा पिद्यार्थी संघ पर्साले शैक्षिक माफियाहरूले विद्यालयहरूमा मनोमानी ढंगले शुल्क वृद्धि गरेको भन्दै अविलम्ब मूल्यवृद्धि फिर्ताको माग गरेको छ। राजपाका पर्सा जिल्ला अध्यक्ष मधुसुधन चौरसियाको नेतृत्वमा विद्यार्थीको टोलीले पर्सा जिल्लाका सिडिओलाई ज्ञापन पत्र पुझाइएको राजपा विद्यार्थी संघका केन्द्रीय महासचिव रंजित निस्पक्षले जानकारी दिएका छन्। देशको कुल शिक्षा क्षेत्रको ८० प्रतिशत भार बोकेको सर्वजनिक शिक्षा धरासाही र दिनानुदिन कमजोर बन्दै गएको ठहर राजपा विद्यार्थी संघको छ। पर्सा जिल्लाका निजि स्कुलहरूमा शैक्षिक माफियाहरूले मनोमानी तरिकाले मधेशी गरिब निमुखा जनताहरूको ढाँड सेक्ने गरि गरिएको शुल्क वृद्धि अबिलम्ब फिर्ता गर्न जोडदार माग गरेको महासचिव निस्पक्षले जनाएका हुन्। शिक्षामा आमूल परिवर्तन, सामाजिक न्याय र जनजीविकाको सवालमा राजपा विद्यार्थी संघले निजि शैक्षिक संस्थामा भएको शुल्क वृद्धि तत्काल फिर्ता, यथाशीघ्र फिर्ता नभए कडा आन्दोलनमा उत्रिने चेतावनी दिएको महासचिव निस्पक्षले मधेशवाणीलाई जानकारी दिएका छन्।

### कैलालीमा धमाधम रोपाई हुँदै

धनगढी। कैलालीमा यस वर्षको रोपाइँ अन्तिम चरणमा पुगेको छ। असार सकिन केही दिन बाँकी रहँदा यहाँका किसामले धमाधम रोपाइँ सम्पन्न गर्न थालेका छन्। हप्तादिन अगाडि बर्षा भएपछि केहि दिनमै रापाइँ सकिएको धनगढी उपमहानगरपालिका-८, धनगढी गाउँका कृषक बताउँछन्। वर्ष भएपछि रोपाइँ गर्न सहज भयो यहाँका किसानहरूले बताउने गररेका छन्। असार १५ सम्म सुख्खा हुँदा जिल्लाभरी ४० प्रतिशत पनि रोपाइँ भएको थिएन तर दुई दिनसम्म खेतीपातीका लागि पर्याप्त वर्षा भएपछि रोपाइँ गर्न सहज भएको किसानहरूको भनाई रहेको छ। सिचाइँको व्यवस्था नभए पनि बोरिङको भरले यस वर्ष रोपाइँ सम्पन्न गरेको कैलालीका कृषकहरू बताउँछन्। कैलालीमा कृषियोग्य जमिन९० हेक्टर रहेको छ जसमध्ये ४२ प्रतिशत जमिनमा वर्षभरि २७ प्रतिशत जमिनमा मात्र आंशिक सिँचाई सुविधा पुगेको छ।

### कृषिक्षेत्र पछाडि परेको छ : मन्त्री पौडेल

चन्द्रकान्त खनाल, रूपन्देही। प्रदेश ५ का भुमि व्यवस्था एवं कृषि तथा सहकारी मन्त्री आरती पौडेलले नेपाल कृषि प्रधान मुलुक भनिए पनि बजेट र योजनामा प्रधान नहुदा कृषि पछाडी परिरहेको बताएकी छिन्। बुटवल उद्योग वाणिज्य संघ र व्यवसायीक तथा सीप बिकास तालिम केन्द्रको संयुक्त आयोजनामा बुटवलको बेलवास बदेलपोखरीमा सञ्चालित ४५ दिने ग्रमिण कृषि कार्यकर्ता तालिमको समापन कार्यक्रममा बोल्दै उनले सबैभन्दा महत्वपुर्ण पेशा र व्यवसाय कृषि हुदा हुदै पनि यसप्रतिको गरीने वेवास्ता अव सह्य नहुने बताईन्। मन्त्री पौडेलले खेतियोग्य जमिन बाझो नराख्न प्रदेश सरकारले करार खेतिलाई प्राथमिकता दिएर आगामी बर्षका लागि १० करोड रूपैया छुट्याएको जानकारी दिईन्। उनले अर्गानिक खेतिको प्रोत्साहनका लागि अर्गानिक मलमा प्रतिकिलो १५ रूपैया प्रदेश सरकारले अनुदान दिने पनि जानकारी समेत गराईन्।

### निगम र प्राधिकरणबीच विवाद

नेपालगन्ज। नेपाल वायुसेवा निगम र नेपाल नागरिक उड्डयन प्राधिकरणको तीनकठ्ठा तीन धुर क्षेत्रफलको जग्गा विवाद उत्कर्षमा पुगेको छ। नेपालगन्ज विमानस्थल क्षेत्रमा रहेको सो जग्गा दुवैले आफ्नो स्वामित्वमा रहेको दाबी गर्दै आएपछि विवाद उत्कर्षमा पुगेको हो। निगमका क्षेत्रीय प्रबन्धक मुक्तिराम पाण्डेले उक्त जग्गा कसैको स्वामित्वमा नभएको तर, यसको भोगचलन निगमले ३५ वर्षदेखि गर्दै आएको बताएका छन्। प्राधिकरणले गत असार १९ गते राति डोजर लगाएर उक्त जग्गामा रहेका दुईवटा इन्जिनियरिङ भवन भत्काएपछि सुरक्षाको माग गर्दै निगमले बाँकेका प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिएको छ।

# समग्र थारूले संविधानलाई स्वीकार गरेका छन्

**० नेपाल कम्युनिष्ट पार्टी एकीकरण भएदेखि पार्टी सञ्चालन विधि कस्तो पाउनुभएको छ ?**

– पार्टी एकीकरण यो मुलुकको आवश्यकक्ता थियो र पूरा भएको छ। नेपाली जनताको चाहना र देश विकासको लागि पार्टी एकीकरण भएको हो। पार्टी एकीकरण भइसकेपछि हामी अहिले दुई अध्यक्षात्मक प्रणालीबाट अगाडि बढिरहेका छौं। एकीकरण पश्चात त्यसलाई तल्लो तहसम्म पनि एकीकृत गर्नुपर्दछ भन्नका लागि महासचिव विष्णु पौडेलको नेतृत्वमा कमिटी गठन भएको थियो र त्यो कमिटीले सचिवालयमा प्रतिवेदन बुझाइ सकेपछि ३ सदस्य परिमार्जन समिति बनाइएको छ। अहिले सचिवालयकै माध्यमबाट पार्टी सञ्चालनको प्रक्रिया अगाडि बढेको छ। १० तहको कमिटीहरू निर्माण गर्ने र सिंगो पार्टीको कमिटीलाई व्यवस्थित गर्ने अभियानमा अहिले हामी लागेका छौं।

**० दुवै पार्टीमा रहेका कमिटीहरू, जनवर्गीय संगठनहरूलाई समायोजन गर्ने काम कसरी अगाडि बढिरहेको छ ?**

– यो सबै मोर्चाका प्रमुखहरूलाई जिम्मेवारी दिईएको छ। पार्टीको नियमावली पास भईसकेपछि पार्टीको कमिटीहरू सोही अनुरूप विस्तार हुनेछन्। भातृ संगठनहरूको पनि अन्तरिम विधानहरू निर्माण गरेर सोही अनुसार समायोजनको काम अगाडि बढ्छ।

**० पार्टीको केन्द्रदेखि गाउँस्तरसम्म भातृ संगठन र कमिटीहरूलाई समायोजन गर्न कति अप्ठ्यारो महसुस भइरहेको छ ?**

– अप्ठ्यारो छैन। जसरी केन्द्रमा हामी सजिलो तरिकाले दुई पार्टीका कमिटीहरूलाई एक गऱ्यौं, त्यसरी नै तल्लो स्तरमा पनि एक गर्छौं। पार्टीका विधान र भातृ संगठनहरूका विधानको एउटा रूप तयार गर्छौं र त्यो रूप तयार गरिसकेपछि त्यही मापदण्डका आधारमा तल्लो तहमा पनि सोही अनुरूप एकता प्रक्रिया अगाडि बढ्छ।

**० अहिले तपाईंहरूको पार्टीको नेतृत्वमा इतिहासकै शक्तिशाली सरकार छ।सरकारको कामकारवाहीलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

- नेपालको इतिहासमा कम्युनिष्टहरूको दुई तिहाई बहुमतको सरकार छ र यो सरकारलाई एउटा उदाहरणीय सरकारको रूपमा हामी अगाडि बढाउन खोजिरहेका छौं। अहिले नै यो सरकारको काम कारवाही मूल्यांकन गर्ने समय आएको छैन। हामी आशावादी छौं, नेपाली जनता पनि आशावादी छन् र त्यो आशा र विश्वासकैं आधारमा अहिले यो सरकार अगाडि बढिरहेको छ। यो सरकारले पहिलो बजेट जसरी ल्याएको छ यसले नै नेपाली जनताले चाहेको विकास र समृद्धिका विषयहरूलाई समेट्न सकेको छ।

**० यो सरकारप्रति जनताको व्यापक जनगुनासोहरू पनि रहेका छन्, यसलाई कसरी हेर्नुहुन्छ ?**

– सरकार निर्माण भएको भोलिदेखि सबै काम पूरा हुने, सबै समस्या समाधान हुने जुन विगतदेखिको एउटा चलन छ त्यो गलत हो। राष्ट्र निर्माणको अभियानमा हामी लागेका छौं र त्यसको प्रतिफल एक/दुई महिनामा नै अनुभव गर्न सकिन्न। तर सुरूवात राम्रो भएको छ। हामीले समृद्धिको कुरा गर्दा समृद्धिसँग विकास जोडिन्छ, विकाससँग जनताको जनजिविकाको सवाल जोडिन्छ। अहिले जुन किसिमबाट यो सरकारमाथि जनताले एक किसिमको ठूलो अपेक्षा राखेका छन्, त्यो अपेक्षा थोरै समयमा पूरा गर्न सकिने नभएका कारणले जनतामा अलिकति जनगुनासो रहनु स्वभाविक हो तर मलाई विश्वास छ कि एक/दुई वर्ष भित्रमा जनताले भरोसा गरेको सरकारले जनताको हितको पक्षमा काम गरेर सन्तुष्ट बनाउँछ।

**० पार्टीले जुन किसिमका सुझावहरू सरकारलाई दिने गरेको छ त्यसप्रति सरकार कति गम्भीर रहेको देख्नुहुन्छ ?**

– सरकार अहिले गम्भीर बन्नुपर्छ। हामी दलिय व्यवस्थामा छौं। यो व्यवस्थामा दलको सल्लाह र सुझाव कै आधारमा पार्टीले सरकार सञ्चालन गर्ने हो। अहिले हामी दुई दलीय पार्टीको सरकारमा छौं। नेपाल कम्युनिष्ट पार्टी र संघीय समाजवादी फोरम नेपाल सरकारमा सहभागी भएको हुनाले हामी यो सरकारलाई जनताले अनुभुति गर्न पाउने गरी जनताको सरकारको रूपमा सञ्चालन गर्न चाहन्छौं त्यसका लागि हाम्रा धेरै प्राविधिक कामहरू बाँकी छन्। संविधानको भावना अनुसार र संविधानले निर्देशित गरेको नियम कानुनहरू बनाउनुपर्नेछ। सरकारलाई आफ्नो ट्र्याकमा हिंड्नको लागि जुन प्राविधिक समस्याहरू छन्, त्यो पूरा नगरीकन हामी जनताको चाहना अनुरूप अगाडि बढ्न सक्दैनौं। त्यसैले मंसिर ३ गतेसम्म संविधानले निर्देशित गरेको मौलिक हक अन्तर्गतका सबै कानुनको निर्माण गरेर यो मुलुकलाई सुशासन र समृद्धिको दिशातर्फ अगाडि बढाउँछौं।



## नारदमुनी राना थारू
### प्रतिनिधिसभा सदस्य, नेपाल कम्युनिष्ट पार्टी

> **सरकारलाई आफ्नो ट्र्याकमा हिंड्नका लागि जुन प्राविधिक समस्याहरू छन्, त्यो पूरा नगरीकन हामी जनताको चाहना अनुरूप अगाडि बढ्न सक्दैनौं। त्यसैले मंसिर ३ गतेसम्म संविधानले निर्देशित गरेको मौलिक हक अन्तर्गतका सबै कानुनको निर्माण गरेर यो मुलुकलाई सुशासन र समृद्धिको दिशातर्फ अगाडि बढाउँछौं।**

**० तपाईं थारू समुदायबाट नेतृत्व गर्दै हुनुहुन्छ। थारू समुदायका मुद्दाहरू संसदमा उठाउनु भएको छ ?**

– हो, मैले धेरै पटक उठाएको छु फेरि पनि उठाउँछु। मेरो राज्यप्रतिको जिम्मेवारी, केन्द्रीय सरकारप्रतिको जिम्मेवारी, केन्द्रीय संसदको भूमिका, निर्वाचन क्षेत्रको भूमिका एकातिर छ भने मेरो समुदायप्रति पनि अर्को किसिमको जिम्मेवारी रहेको छ। थारू समुदायका पनि विभिन्न मुद्दाहरू छन्। मुक्त कमैयाहरू ९९ प्रतिशत भन्दा बढी थारू समुदायबाटै छन् तिनीहरूको उचित व्यवस्थापन अहिलेसम्म हुन सकेको छैन। उनीहरूलाई राज्यले दिने भनेको एक लाख रूपैयाँ पनि दिइएको छैन भने कार्ड वितरण पनि प्रभावकारी भएको देखिदैन। यी सबैको लागि म संघर्ष गरिरहेको छु। त्यसैगरी भूमिहिन थारू समुदायका जनताहरू, मुक्त कम्लरीहरू, मुक्त हलियाहरूको विषय, सुकुम्वासीहरूको विषयमा पनि मैले संसदमा आवाज उठाइरहेको छु। राज्यका विभिन्न निकायमा हाम्रो प्रतिनिधित्व र पहुँचका विषय, रोजगारी र अवसरका कुरा, यी सबै विषयमा मुलुकमा बसोबास गर्ने गरिब, उत्पीडनमा परेका समुदायहरू, आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायतका सबैले समान रूपमा अधिकार पाउनुपर्छ भन्ने विषयहरूमा म सधैं आवाज उठाइ रहने छु।

**० संविधानलाई थारू समुदायले पनि स्वीकार गरिसकेको अवस्था छैन यस विषयमा तपाईंको धारणा के हो ?**

– थारू समुदायका सबैले संविधानलाई अस्वीकार गरेको अवस्था छैन। अधिकांश थारू समुदायले यो संविधानलाई स्वीकार गरेका छन्। केही थारूको नाममा राजनीति गर्ने दलहरूले संविधानलाई मन नपाराएका हुन् तर समग्र थारूले संविधानलाई अस्वीकार गरेका छन् भन्न मिल्दैन। थारू, मधेशी लगायत अन्य केही समुदायले चाहे अनुसारको अधिकार संविधानमा सुनिश्चित भएन भन्ने छुट्टै पाटो हो तर यो संविधानलाई स्वीकार गर्नुको विकल्प अब छैन।

**० तपाईंको जिल्लाबाट निर्वाचित भएका रेशम लाल चौधरी जेलमा छन्, उनको सपथ ग्रहण अहिलेसम्म हुन सकेको छैन, यस्तो किन ?**

– यो निन्तात कानुनी विषय हो। अहिले उहाँको मुद्दा जिल्ला अदालतमा चलिरहेको छ। उहाँको विषयमा मैले बोल्नु उचित हुँदैन। जिल्ला अदालतमा उहाँको मुद्दाको टुंगो लागेपछि सरकारले उचित कदम लिनेछ।

**० मधेश/थरूहट आन्दोलनको क्रममा जति घटना भएको थियो, त्यसको छानविनको लागि आयोग पनि बनाइए र प्रतिवेदन पनि सरकारलाई बुझाइएको छ तर सरकारले प्रतिवेदनहरू सार्वजनिक गरेको छैन, किन ?**

– मधेश लगायतका विभिन्न जाति जनजातिहरूले गरेका जुन आन्दोलन छन्, ती सबै आन्दोलनका विषयमा नेपाल सरकारले पटक पटक विभिन्न मितिमा सम्झौता पनि गरेको छ तर आयोगको निर्माण गरिसकेपछि र प्रतिवेदन तयार भइसकेपछि सरकारलाई जानकारी गराउनु पर्दछ। त्यस्ता प्रतिवेदनहरू मध्ये केही प्रतिवेदन सरकारले संसदमा पेश गर्नुपर्ने पनि हुन सक्छ। यो हाम्रो संसदीय अभ्यास र परम्परा पनि हो। त्यस्ता प्रतिवेदनहरू सरकारले सार्वजनिक गर्नुपर्दछ। किन सार्वजनिक गरिएको छैन भन्ने खोजीको विषय हो र यो चाँडै सार्वजनिक गराउनुपर्छ। प्रतिवेदनलाई बन्धक बनाएर राख्नु उचित हुँदैन।

## संक्षिप्त समाचार

### प्रदेश ७ को नाम र राजधानीमा विवाद

कैलाली। प्रदेश ७ नाम र स्थायी राजधानीको विषयमा विवाद देखिएको छ। प्रदेशसभाको बैठकले अहिलेसम्म अहिलेसम्म नाम र राजधानीका बारेमा छलफल पनि सुरू गरेको छैन। नाम र राजधानीका विषयमा सांसदहरू विभाजित देखिएपछि संसदमा छलफल हुन नसकेको एक प्रदेशसभा सदस्यले बताएका छन्। प्रमुख प्रतिपक्षी दल कांग्रेसले प्रदेशको नामकरण र राजधानी तोक्नका लागि एक महिनाअघि नै प्रदेशसभा सचिवालयमा प्रस्ताव दर्ता गराएको भए पनि प्रदेशसभाले छलफल अघि बढाएको छैन। यसैगरी, प्रदेशसभा सदस्यहरूले प्रदेश सरकारको काम सुस्त गतिमा रहेको आरोप पनि लगाउँदै आएका छन्।

### मदरसाका विद्यार्थीलाई कम्प्यूटर

इमरान खान, कपिलवस्तु। कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका-२ तथा त्रिशक्ति सामाजिक विकास संस्थाको आयोजनामा लक्षित वर्गको योजना अन्तर्गत मुस्लिम मदरसाका विद्यार्थीहरूलाई प्रविधिक शिक्षामा लक्षित गर्ने उद्देश्यले कम्प्युटर सेट वितरण गरिएको छ। नगरपालिकाको मदरसा अल खतिजुल, मदरसा नाईमिया र सेराजुल उलुमका साथै ईलाका प्रहरी कार्यालय कृष्णनगरलाई एक/एक सेट कम्प्युटर वितरण गरिएको छ। कार्यक्रमका प्रमुख अतिथि वडाध्यक्ष संजय कुमार गुप्ताले मुस्लिम समुदायका स-साना नानीहरूलाई अरू शिक्षा संगसंगै प्रविधिक शिक्षा दिन कम्प्युटर हस्तान्तरण गरिएको बताए। मदरसा बोर्डका केन्द्रीय उपाध्यक्ष मौलाना महसुद खाँ नेपालीले मुस्लिम समुदायलाई आधुनिकिकरण गर्न सहयोग गरेकोमा कृष्णनगर नगरपालिकालाई धन्यबाद व्यक्त गरेका थिए।

### दाङमा अर्गानिक जमराको जुस उत्पादन सुरू

दाङ। स्थानीयको माग र स्वास्थ्यको संवेदनशीलतालाई मध्यनजर गर्दै काठमाडौंको जोरपाटीस्थित सीता अर्गानिक एग्रो प्रालिले घोराहीमा अर्गानिक जमराको जुस उत्पादन सुरू गरेको छ। सीता अर्गानिक एग्रो प्रालिले घोराहीको रतनपुरमा शाखा कार्यालय खोलेर अर्गानिक जमराको जुस उत्पादन सुरू गरेको हो। जमराको जुस प्रतिगिलास रू १२५ मा बिक्री भइरहेको छ। यो जुसबाट मुटु रक्तचाप, मधुमेह, थाइराइड, अल्सर, ग्याष्ट्रिक, क्यान्सर रोगका बिरामीलाई फाइदा हुने गरेको बताइन्छ।

### विराटनगरमा शैक्षिक मेला

विराटनगर। भारतीय शैक्षिक मेला सोमबारदेखि मोरङको विराटनगरमा सुरू भएको छ। सेप इभेन्ट एन्ड मिडियाले आयोजना गरेको मेलामा भारतका ३० भन्दा बढी कलेज तथा विश्वविद्यालयको सहभागिता रहेको थियो। भारत तथा भारतबाहिर १९ स्थानमा प्रत्येक वर्ष मेला हुँदै आएको सेपका निर्देशक सञ्जय थापाले बताए।

### महिला हिंसाविरूद्ध गोष्ठी सम्पन्न

वीरगंज। महिला हिंसाविरूद्ध एकदिने अभिमुखिकरण एवं कार्यशाला गोष्ठी कार्यक्रम वीरगंजमा सोमबार सम्पन्न भएको छ। सहयोगी नेपालको आयोजना तथा प्रदेशसभा सदस्य डा. अन्जु कुमारी यादवको संसदीय कोषको सहयोगबाट सम्पन्न कार्यक्रममा महानगरका ४३ जना छात्रछात्राहरूको सहभागिता रहेको थियो। वीरगंज पब्लिक कलेजको वीआईएम भवनमा समपन्न कार्यक्रममा वीरगंज पब्लिक कलेजका प्रबन्ध निर्देशक डा.दिपक शाक्यले महिलाहरूको पुरा जनशक्ति देश निर्माणमा प्रयोग नभएको कारण देश पछाडी परेको बताएका थिए। कार्यक्रमको उदघाटन सत्रमा बोल्दै उनले देशभित्रका महिलाहरू सिर्जनशिल काममा हातेमालो गरी अगाडी बढे महिला हिसांका घटनाहरू समेत स्वत: घट्दै जाने तर्क गरेका थिए। त्यस्तै नेपाल पत्रकार महासंघ प्रदेश नम्बर २ का उपाध्यक्ष केसि लामिछानेले नेपाल सरकारले हिसांका प्रकृति हेरी विभिन्न दण्ड जरिवाना समेत तोके पनी न्यायीक पक्षमा महिला बोल्न नसकेर हिसां गर्ने व्यक्तिहरू उम्कीने गरेको बताएका थिए।

### सर्पदंश उपचारकक्ष स्थापना

नेपालगन्ज। भेरी अञ्चल अस्पतालमा सर्पदंश उपचारकक्ष स्थापना गरिएको छ। अस्पतालमा सर्पदंशका बिरामी बढ्न थालेपछि छुट्टै उपचारकक्षको व्यवस्था गरिएको हो। अस्पतालमा प्रदेश नं ५, ७ र कर्णाली प्रदेशका विभिन्न जिल्लावाट सर्पदंशका बिरामी उपचारका लागि आउने गरेका छन्।

### ट्याक्टर पल्टिँदा किशोरको मृत्यु

रौतहट। राजपुर नगरपालिका-२ हजमिनिया स्थित ना. ६ त ३८९७ नम्बरको ट्याक्टरले सोमबार सोही ठाँउमा खेतमा जोत्ने क्रममा ट्याक्टर पल्टिदा ट्याक्टरमा बसेको १३ वर्षीय शेष नासिरलाई ट्याक्टरले च्यापेर घटनास्थलमै मृत्यु भएको छ। फरार ट्याक्टर चालकको प्रहरीले खोजतलास गरिरहेको छ।

### रूपन्देहीमा तालमा डुबेर एकको मृत्यु

रूपन्देही। गैडहवा गाउँपालिका(४ बस्ने ४५ वर्षीय जंगबहादुर बिाकाको गैडहवा तालमा डुबेर मृत्यु भएको छ। सोमबार सोही ठाउँ स्थित पोहरा सामुदायिक वनमा बाख्रा चराउन गई घर छिटो पुग्छु भनी गैडहवा तालमा पसेर बेपत्ता भएका उनलाई खोजतलास गर्दा मृत अवस्थामा फेला पारिएको थियो।

### बसको ठक्करबाट साइकलयात्रीको मृत्यु

मोरङ। मोरङमा बसको ठक्करबाट एक साइकलयात्रीको मृत्यु भएको छ। बुढिगंगा गाँउपालिका-१ गंगा चौकस्थित कोशी राजमार्गमा बिराटनगरबाट फत्तेपुरतर्फ जाँदै गरेको ना ४ ख ५००८ नम्बरको यात्रुबाहक बसले मंगलबार बुढिगंगा गाँउपालिका( ३ बस्ने साईकल यात्री ६५ वर्षीय बिर्खबहादुर कार्कीलाई ठक्कर दिएको थियो। ठक्करबाट गम्भीर घाइते भएकाले उपचारका लागि कोशी अञ्चल अस्पताल बिराटनगर लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## बाल विवाह एवम् दाइजो विरूद्धका अभियन्ताहरूलाई सम्मान गरिने, फारम भर्न आह्वान

काठमाडौं। बाल विवाह एवम् दाइजो विरूद्धका योद्धाहरूलाई सम्मान २०७५ का लागि नोमिनेशन (मनशायपत्र) आव्हान खुल्ला गरिएको छ। बाल विवाह वा दाइजो विरूद्ध उललेख्य कार्य गर्ने व्यक्ति वा संस्था आफूले अथवा अन्य कुनै व्यक्ति वा संस्थाले यो नोमिनेशन फारम अनलाइन भरेर श्रावण ३०, २०७५ सम्म पेश गर्न सक्ने कुरा बुधबार एक विज्ञप्ति जारी गरिएको छ।

बाल विवाह एवम् दाइजो अन्त्य गर्ने अभियानमा महत्वपूर्ण योगदान पुर्‍याएका व्यक्ति एव्म संस्थालाई बाल विवाह एवम् दाइजो उन्मूलन राष्ट्रिय अभियान, नेपालले सन् २००७ देखि प्रत्येक वर्ष सम्मान गर्दै आएको छ। यसै क्रममा श्रावण २०७४ देखि अषाढ २०७५ सम्मका बाल विवाह एवम् दाइजो विरूद्धका योद्धाहरूको सम्मानको लागि नोमिनेशन आव्हान यस सूचनामार्फत गरिएको छ।

यस सम्मानका लागि नेपालको सात वटै प्रदेश तथा ७७ जिल्लाहरूबाट बाल विवाह एवम् दाइजो विरूद्ध उल्लेखनीय तथा अनुकरणीय कार्य गरेका व्यक्ति एवम् संस्थाहरूको नोमिनेशन (मनशायपत्र) इच्छुक व्यक्ति वा संस्था आफूले अथवा अरू कसैले उनको




नोमिनेशन लिंकमा दिइएको अनलाइन नोमिनेशन फारम भरेर पेश गर्न सक्नेछन्।

सम्मान गरिने विधाहरू :

१) बाल विवाह एवम् दाइजो विरूद्धका नमुनापात्र

२) नमुनापात्रलाई सहयोग गर्ने र उत्प्रेरणा दिने सहयोगीपात्र

३) रणनैतिक कार्य गर्ने व्यक्ति वा संस्था

नोमिनेशन फारम भरेर अषाढ २७ देखि श्रावण ३०, २०७५ सम्ममा गरी पेश सक्नेछन्। यो नोमिनेशन अनलाइनमार्फत् भर्न सकिनेछन्। साथै अनलाइन भर्न नसकने व्यक्ति वा संस्थाले cmdenc@gmali.com मा इमेल गरेर वा यस अभियानको आधिकारीक फेसबुक पेज (www.facebook.com/cmdenc) बाट डाउनलोड गरेर नोमिनेशन फारम भरेर ईमेल गर्न सक्नेछन्।

यसरी पेश भई आएका नोमिनेशनहरूको समीक्षा तथा रूजु गरेर सम्मान प्राविधिक व्यवस्थापन समितिले अन्तिम निर्णय गर्नेछ जसको सर्वाधिकार राष्ट्रिय अभियानमा सुरक्षित रहनेछ र उक्त सम्मान भदौ २०७५ मा काठमाडौमा एक भव्य समारोह मार्फत प्रदान गरिने बाल विवाह एवम् दाइजो उन्मूलन राष्ट्रिय अभियान, नेपालका राष्ट्रिय संचालन समितिका संयोजक राजकुमार महतोले मधेशवाणीलाई जनाएका छन्। नोमिनेशन फारम भर्न युनिकोडमा टाइप गरेर फारमको खालि स्थानमा नेपालीमा अथवा अग्रेंजीमा सिधै टाइप गर्न सकिनेछ। सम्मानका लागि तय गरिएका तीन वटा विधाहरूमध्ये कुनै एक वटा, दुई वटा अथवा तीन वटै विधामा फरक फरक व्यक्ति वा संस्थाको नोमिनेशन पेश गर्न सकिनेछन्।

नेपालमा विद्यमान बाल विवाह एवम् दाइजो जस्ता कुप्रथाको अन्त्यका लागि विभिन्न पेशामा आबद्ध व्यक्तिहरूले स्वंयसेवा र सामाजिक परोपकारका सिद्धान्तमा आधारित भएर सन् २००५ देखि "बाल विवाह एवम् दाइजो उन्मूलन राष्ट्रिय अभियान, नेपाल" संचालन गर्दै आएको छ।

नोमिनेशनफारम अनलाइनलिंक
https://www.enayapa.com/cmdenc/

थप संचारको लागि ठेगाना:
~~बालविवाहएवम् दाइजो~~ उन्मूलन राष्ट्रिय अभियान, नेपालको सचिवालय,
मिलनचौक, नयां बानेश्वर, काठमाडौं, नेपाल
फोन: ०१ - ४४९३३६०
ईमेल:cmdenc@gmail.com

लागू पदार्थ सेवन नगरौं
सभ्य समाजको निर्माण गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

# मधेशी रेडियोमा विदेशी क्रिकेट



राकेश प्रसाद चौधरी

सामुदायिक रेडियोले आफ्नो प्राथमिकतामा समुदायलाई राख्न सक्नुपर्दछ। एउटा वस्तीमा हुने राम्रा र सुधार गर्नुपर्ने कामको बारेमा समूदायलाई जानकारी गराउनुपर्ने दायित्व सामुदायिक रेडियोको हुनुपर्ने हो।

भारतीय सिमानासँग जोडिएको नेपाली सामुदायिक एफएम रेडियोहरूको प्राथमिकतामा खेलको मौसम सुरू भएसँगै क्रिकेट पर्नेगर्दछ। यस्तो अवस्था भारतीय सीमासँग नजिक रहेका अधिकांश एफएम रेडियो छ। विदेशी क्रिकेट खेलको सम्भवत: विदेशी प्रस्तोताद्धारा नै सिधा प्रसारण गरिने गरिन्छ। स्थानीय रेडियोबाट सिधा प्रसारण गर्दा हिन्दी भाषा चयन गरिएको हुन्छ। यसरी सिधा प्रसारण गरिनु कानून विपरीत हो। आयोजकको अनुमति बिना कुनै पनि खेलको सिधा प्रसारण गरिनु निषेधित कार्य हो। तथापि जनचाहना अथवा आम्दानीले नियम कानुन मान्नुपर्ने बाध्यता छैन।

क्रिकेट प्रसारण सुरू भएपछि त्यस समयमा बज्ने समाचार, अन्तर्वार्ता वा अन्य सूचनामूलक कार्यक्रम स्वत: निषेध गरिन्छ। साथै नियमित कार्यक्रम संचालन गर्ने प्रस्तोता वा समाचार कक्षमा काम गर्नेहरूका लागि फुर्सद हुने गर्दछ। यसरी क्रिकेट खेलको सिधा प्रसारण हुँदा अधिकांश विज्ञापन विदेशी हुन्छ। विज्ञापनको छनौट विदेशी प्रस्तोताको हुन्छ। सत्य वा झुठ जे जस्तो विज्ञापन बजाइए पनि निगरानी गर्ने निकाय छैन।

सामुदायिक रेडियो संचालकहरूले एउटा क्रिकेटको खेल प्रसारण गरेवापत विदेशी प्रस्तोतासँग एक हजारदेखि पाँच हजारसम्म लिने गरेको पाइन्छ। सबैभन्दा बढी दररेट भारत र पाकिस्तानबीचको हुने खेलले पाउने गर्छ। प्रदेश नम्बर २ मा मैथिली भाषालाई प्राथमिकतामा राखिने कुरालाई सामुदायिक एफएम रेडियोहरूले खुल्ला चुनौती दिएको भन्न सकिन्छ।

संचारमाध्यमले धारणा परिवर्तन गर्न मद्दत गर्ने गरेको सर्वविदितै छ। मैथिलीभन्दा बढी हिन्दी र नेपाली भाषाको मोह पक्कै पनि एफएम रेडियो संचालकहरूमा छैन।



**प्रदेश नम्बर २ मा मैथिली भाषालाई प्राथमिकतामा राखिने कुरालाई सामुदायिक एफएम रेडियोहरूले खुल्ला चुनौती दिएको भन्न सकिन्छ।**

यो मोह द्रव्यसँग सम्बन्धित मात्र छ। भारतीय सीमासँग जोडिएको एफएम रेडियोहरूको अनुगमन सम्बन्धित निकायबाट त्यति धेरै देखिएको छैन। त्यही संचार माध्यमको नियमितताका लागि एकदेखि दुई जनासम्मलाई काममा लगाउने गरेको आरोप लाग्ने गर्छ। अधिकांश सूचनामूलक कार्यक्रम काठमाडौंबाट प्रसारित रेडियो नेटवर्क एवं विभिन्न नागरिक समाज संस्थामार्फत उत्पादित नेपाली एवं हिन्दी भाषाको कार्यक्रमहरू प्राथमिकतामा पर्ने गर्दछ।

विदेशी क्रिकेटको सिधा प्रसारण गर्ने यस्ता संचार माध्यमका लागि स्वदेशी पत्रकार तथा कार्यक्रम प्रस्तोता सबैभन्दा तल्लो दर्जाको मान्ने गरिएको गुनासो समय-समयमा सुन्ने गरिन्छ। समयमा पारिश्रमिक नपाउने, एउटै व्यक्तिले विज्ञापन बनाउने, समाचार बनाउने, पढ्ने, अन्तर्वार्ता लिने तथा प्राविधिकको काम गरिनुपर्ने समस्याहरू देखिन्छ।

देश संघीयताको अभ्यासमा छ। तत्कालीन सरकारले स्थानीय एफएम रेडियोहरूलाई कसरी संचालन गर्ने विषयमा चुकेको आरोप लगाउन सकिन्छ। अनुगमनको कमी, कार्यरत संचारकर्मीलाई प्रशिक्षणमा बेबास्ता र स्पष्ट उद्देश्य अनुरूप संचालन गराउन नसकिनु राज्यको कमजोरी थियो। संघीयताको अभ्यास भइरहँदा अब दोष केन्द्रलाई मात्र दिएर हुनेवाला छैन। प्रान्त सरकारले स्थानीय एफएम रेडियो संचालनसम्बन्धि स्पष्ट नीति ल्याउनुपर्दछ। स्थानीय सरकारले यस्ता सामुदायिक रेडियोहरूबाट आफ्ना गतिविधि प्रसारण गराउन सकिन्छ। दुर्भाग्य अहिलेसम्म सामुदायिक एफएम रेडियोको प्राथमिकतामा स्थानीय सरकारका गतिविधि परेकै छैन।

स्थानीय सरकारका प्रतिनिधिहरूले संचारमाध्यमको कसरी प्रयोग गर्न सकिन्छ भन्ने विषयमा अनभिज्ञ छन् अथवा अन्यौलमा छन्। संचारकर्मीदेखि डराउने तथा जनतासँग सूचना लुकाउने अवस्थामा स्थानीय सरकारका प्रातिनिधिहरू देखिन्छन्। सूचनाको हकबारे चर्चा गर्न पनि चाहँदैनन।

विदेशी क्रिकेटको अवैध किसिमले सिधा प्रसारण गर्न स्थानीय एफएम रेडियोहरूको बाध्यता छैन। संचालकहरूको बाध्यता भनेको विजुली खर्च उठाउनु हो। चाहे विदेशी क्रिकेट खेलको सिधा प्रसारण गरेर होस् अथवा हिन्दी भाषामा गुनगान गाएर होस्, आवश्यकता द्रव्य हो।

यदि, विदेशी क्रिकेट खेल स्थानीय मैथिली, भोजपुरी भाषामा प्रस्तुत गर्यो भने के विज्ञापन उपलब्ध हुन्छ अथवा स्थानीय जनशक्ति तयार छ। यस्ता प्रश्नको उत्तर एफएम रेडियो संचालकहरूसँग छैन किनभने यसको अभ्यास नै सुरू भएको छैन।

महेन्द्र राजमार्गलाई केन्द्रित बनाई प्रसारित एफएम रेडियोहरूमा आर्थिक समस्या छ। तर त्यहाँ विदेशी क्रिकेटको बजार बन्न सकेको छैन अथवा बनाइएको छैन। फलस्वरूप यस्ता संचारमाध्यमहरूमा थोरै आर्थिक संकट देखिन्छ। आर्थिक संकटबाट जुध्न केही समय संचार माध्यम बन्द गर्ने र द्रव्य व्यवस्थापन भएपछि सुचारू हुनेगर्छ।

यी विभिन्न समस्याहरू समाधान तत्काललाई समाधानका उपाय रहेको भन्न सकिन्छ। स्थानीय सरकारले सामुदायिक एफएम रेडियोहरूलाई लोक कल्याणकारी विज्ञापन उपलब्ध गराउँदा समस्या केही हदसम्म टर्न सक्छ। एउटा शर्त के हुन सक्छ भने स्थानीय भाषा, संस्कृतिको उत्थान एवं स्थानीय सरकारका गतिविधिबारे जनजागरण गराइनुपर्दछ। यसबारे प्रान्तीय सरकार वा स्थानीय सरकारले सहजै कानुन बनाउन सक्नेछन्। साथै यो कानुन संघको टाउको दुखाई बन्न नसक्ने विश्वास गर्न सकिन्छ।

## भारतबाट आयात भएको बिजुलीको मूल्य नबढ्ने

काठमाडौं। नेपाली प्रतिनिधिमण्डलको अडानपछि भारतबाट आयात भइरहेको विद्युतको मूल्य तत्काल भने नबढ्ने भएको छ। भारतले दुई देशबीचको विद्युत् आदानप्रदान प्रावधान अनुसार विद्युत् महसुल बढाउन गरेको प्रस्तावलाई नेपालले अस्वीकार गरेको छ। भारतको राजधानी नयाँ दिल्लीमा सम्पन्न विद्युत् आदानप्रदान समितिको १२ औं बैठकमा विद्युत्को मूल्य बढाउने प्रस्ताव भारतीय पक्षले गरेको थियो। नेपाल विद्युत् प्राधिकरणले हाल खरिद गरिरहेको विद्युत्तको मूल्य नै बढी भएको भन्दै कार्यकारी निर्देशक कुलमान घिसिङ नेतृत्वको नेपाली प्रतिनिधिमण्डलले अस्वीकार गरेको हो। प्राधिकरणका प्रवक्ता प्रबल अधिकारीले नेपालले हाल खरिद गरिरहेको विद्युत्तको मूल्य नै बढी भएकाले बढाउन नसकिने धारणा राखेको जानकारी दिए।

नेपाल र भारतबीच विद्युत् आदानप्रदानका लागि थप तीन वटा प्रसारण लाइन निर्माण हुने भएको छ। धनगढी-पालिया, सम्पत्तिया/आनन्दनगर, मैनासिंह र नानपारा-नेपालगञ्ज प्रसारण लाइन निर्माणका लागि नेपाल सरकार र भारतको उत्तर प्रदेशका सम्बन्धित निकायबीच समन्वय गरी अगाडि बढाइने भएको छ। यस्तै, नेपाल र भारतबीच निर्माण हुन लागेको दोस्रो अन्तरदेशीय प्रसारण लाइन बुटवल- गोरखपुर प्रसारण लाइनको लगानीको प्रारूप तयार पार्न नेपाली पक्षले आग्रह गरेको छ। नेपालले सो प्रसारण लाइन सरकारीस्तरमा नै निर्माण हुनुपर्ने प्रस्ताव गर्दै आएको छ। नेपालले प्रस्तुत गरेको इनर्जी सिमुलेसनको नतिजालाई समेत अध्ययन गरी भारतको केन्द्रीय विद्युत् प्राधिकरणले उपयुक्त मोडल प्रस्ताव गर्ने प्रतिबद्धता जनाएको छ।

यस्तै भारतको केन्द्रीय विद्युत् प्राधिकरणले भारतमा भइरहेको अभ्यासका बारेमा जानकारी गराएको थियो।



## पर्यटन प्रवर्द्धन मिसन सम्पन्न

काठमाडौं। नेपाल-भारत पर्यटन व्यवसाय प्रवर्द्धन (विजनेश टु विजनेश सेसन) अभियान सम्पन्न भएको छ। नेपाल पर्यटन बोर्ड र सोसाइटी अफ ट्राभल एण्ड टुर अपरेटर(सोट्टो) को आयोजनामा पश्चिम भारतका तीन क्षेत्रमा नेपालको पर्यटन व्यवसाय प्रवर्द्धन अभियान सम्पन्न भएको छ। भारतको अहमदावाद, सुरत र पुनेमा कार्यक्रम आयोजना गरिएको टुरिजम बोर्डका वरिष्ठ प्रबन्धक सुनिल शर्माले बताए। पाँच दिनको कार्यक्रममा नेपालको तर्फबाट १३ वटा टुर अपरेटर र दुई सय १० वटा पश्चिम भारतका टुर अपरेटर बिच नेपाल-भारत पर्यटन व्यवसाय प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिएको बोर्डले जनाएको छ। हेरिटेज टुरिजमका लागि पशुपतिनाथ, मुक्तीनाथ, मनकामनालगायतका धार्मिक क्षेत्रबारे प्रस्तुतिमा जोड दिइएको छ।

‘अहमदाबादको अक्षरधामस्थित शीलालेखमा १९औं शताब्दीमा स्वामी नारायणले मुक्तिनाथमा आएर तपस्या गरेको इतिहास रहेको छ। इतिहासअनुसार भारतीय धर्मावलम्बी मुक्तिनाथ दर्शन गर्न आउने गरेको पाइएको छ,’ काठमाडौंस्थित भारतीय दसतावासले जारी गरेको प्रेस विज्ञप्तीमा भनिएको छ, ’भारतीय प्रधानमन्त्री मोदी नेपाल आएर पशुपतिनाथ, जनकपुर, मुक्तीनाथलगायत विभिन्न धार्मिक क्षेत्रमा भ्रमण गरिसकेपछि भारतीय पर्यटकको संख्या थप वृद्धि भएको छ।’ नेपाल भारतको पर्यटन व्यवसाय प्रवर्द्धनका लागि पारस्परिकताका आधारमा दुई राष्ट्र मिलेर अघि बढ्नुपर्ने सोट्टोका अध्यक्ष अनिल लामाले बताए।

## स्थानीय सम्वाद

## २० वर्षदेखि जनप्रतिनिधिविहीन स्थानीय निकायलाई ट्र्याकमा ल्याउन गाह्रो छ

**० जनकपुरधाम उपमहानगरपालिका अहिले के गर्दैछ ?**

– अहिले वर्षात्को मौसम भएकोले पानीको निकासका लागि विशेष कार्यक्रम सञ्चालन गर्दैछौं। वार्ड-वार्डमा भ्रमण निरीक्षण गर्दै पानीको निकास हाम्रो प्राथमिकतामा छ।



रिताकुमारी मिश्र
उप-मेयर
जनकपुरधाम उप-महानगरपालिका

**० उपहानगरका मुख्य समस्याहरू के-के हुन् ?**

– यहाँका मुख्य समस्या सरसफाई नै हो। त्यसपछि पानीको निकास गर्नु पनि प्राथमिकतामा छ। पहिला-पहिला वर्षात्को मौसममा जनकपुरधाम जलमग्न हुने गरेको थियो। तर, हामी आएदेखि नालालाई व्यवस्थित गर्दै जलमग्न हुने समस्या केही हद सम्म कम भएको हो। हामीले डोजर लगाएर पानीको निकासका लागि पहल गर्दैछौं। तर, यहाँ सरसफाई नै ठूलो समस्याका रूपमा देखिएको छ। हामी आएको नौ महिना भइसक्यो तर सरसफाई क्षेत्रमा सुधार गर्न सकेका छैनौं। सुरूवाती अवस्थामा हामीसँग स्रोतसाधन थिएन, व्यवस्थाविहीन थियो। स्रोतसाधनको व्यवस्था मिलाउँदैमा नौ महिना बितिसक्यो। सबैभन्दा पहिलो एजेन्डा नै नगरलाई सरसफाई गरी कसरी स्वच्छ र सुन्दर बनाउने नै हो।

**० तपाइँहरूले सर्वप्रथम के-के काम गर्नुभयो ?**

– सबैभन्दा पहिले हामीले एशियाली विकास बैंकसँग भएको योजनाको समय बढायौं, जसको समय सकिन लागेको थियो र फिर्ता जाने अवस्थामा थियो। जनकपुर बाहेक अन्य ठाउँहरू जस्तै विराटनगर, वीरगन्ज, पोखरा लगायतका ठाउँमा एडिबीको योजनाअनुसार धेरै नै काम भइसकेको थियो। तर जनकपुरमा ४० प्रतिशत पनि काम नभएको हाम्रा मेयरसँग स्पष्टीकरणसमेत सोधिएको थियो। त्यसैले, हामीले एडिबीको योजनालाई कसरी बढीभन्दा बढी काम गर्ने भन्नेमा बढी ध्यान दियौं। तर, जनकपुरधामका जनता विकासप्रेमी छन्, उनीहरूलाई पनि थाहा भयो कि जब त्यो योजना फिर्ता जानेबाला छ, त्यसपछि यहाँका जनताले पनि चासो देखाए। त्यो कार्यक्रमअनुसार हामीले उल्लेखनीय कार्य गरेका छौं। अहिलेको अवस्थामा हामीले ८० प्रतिशत काम सम्पन्न गरिसकेका छौं। यहाँ लामखुट्टेको समस्या पनि विकराल छ। लामखुट्टे मार्नका लागि हामीले कोशिस गर्‍यौं। जबसम्म पानीको निकास हुँदैन तबसम्म लामखुट्टेको समस्या समाधान हुँदैन।

**० जनकपुरधामको मुख्य समस्या अहिले लामखुट्टे र अनियमित लोडसेडिङ्ग रहेको जनगुनासो छ, यसबाट यहाँका जनताले कहिलेसम्म मुक्ति पाउने ?**

– जबसम्म विनाश हुँदैन तबसम्म विकास हुँदैन। अहिले जनकपुरधाम विनाश जस्तै देखिएको छ। किनकि जताततै विद्युतका पोलहरू ढलेका छन्, बाटो खनिएको छ, विद्युतीय तारहरू अव्यवस्थित छन्। त्यसकारणले अहिले विनाश जस्तै देखिएको हो। तर, डेढ दुई वर्षभित्रै हामीले धेरैभन्दा धेरै विकास गर्नेछौं। खानेपानी, टेलिफोन लगायतका विषयमा जनकपुरबासीले अहिले धेरै सास्ती भोगिरहनुपर्ने अवस्था छ। त्यस्तै, अनियमित लोडसेडिङ्गको सन्दर्भमा हामीले बुझ्दा विद्युत प्राधिकरणका कर्मचारीले राम्रोसँगे जवाफ दिन्छन् तर जनकपुरवासी अनियमित लोडसेडिङ्गको मारमा छन्। विद्युतका कर्मचारीहरूले हामीलाई विभिन्न कारणहरू देखाउँदै हाम्रा गुनासाहरूलाई टार्ने काम गर्दै आएका छन्। करिब २० वर्षदेखि स्थानीय निकाय जनप्रतिनिधिविहीन थियो, त्यसलाई ट्र्याकमा ल्याउन हामीलाई अलि गाह्रो भइरहेको छ।

**० अहिलेको अवस्थामा प्रदेश सरकार पनि तपाइँहरूकै पार्टीको छ, यी समस्याहरूबाट मुक्ति पाउन अब कतिको अप्ठ्यारो छ ?**

– अहिले प्रदेश सरकार र स्थानीय सरकार हाम्रो भएपनि जनअपेक्षाअनुसार काम गर्नका लागि यहाँ सबभन्दा पहिला कर्मचारीको आवश्यकत्ता छ। जब काम गर्ने बेला आउँछ कि सरकारले उसलाई सरूवा गरिदिन्छ। चार महिनासम्म हामी कर्मचारीविहीन थियौं। नयाँ कर्मचारी आएको छ, त्यसपछि हामी नगरसभा गर्न लाग्दा फेरि कर्मचारीलाई सरूवा गरिदियो। यस्तो हुँदाखेरि नयाँ कर्मचारी आउँदा उसलाई यहाँका अवस्थाबारे बुझ्नै तीन/चार महिना लाग्छ जसले गर्दा काममा समस्या भइरहेको छ। सरकारले कर्मचारी पठाउँदा एक वर्षसम्म बस्न दिनुपर्छ। अहिले पनि कतिपय फाँटमा हामीलाई आवश्यक अनुसारका कर्मचारी छैनन्।

**० भनेपछि, तपाइँहरूलाई कर्मचारी अभावले गर्दा समस्या भइरहेको छ ?**

– कर्मचारीकै अभावका कारणले समस्या भएको हो। किनकि हामी विज्ञ होइनौं। तर, अब हामी सबै कुरा बुझिसकेका छौं। यहाँका शिक्षा, स्वास्थ्य, सडक र कृषिलाई हामीले प्राथमिकता दिएका छौं। हामीलाई थाहा छ कि मधेशमा कुन सिजनमा के बाली लगाउँदा उब्जनी बढीभन्दा बढी हुन्छ। आगामी दिनमा जनकपुरबासीलाई विश्वास दिलाउन चाहन्छौं कि चाँडोभन्दा चाँडो राम्रो काम गरेर देखाउँछौं।

**० अहिले जनकपुरधाममा असारे विकास भइरहेको जस्तो देखिन्छ नि ?**

– हामीले त्यस्तो असारे विकास गर्ने काम गरेका छैनौं। यसपाली हाम्रो बजेट पनि फ्रिज भएको छैन। असारमा पैसा खर्च गरिहाल्ने जस्तो हाम्रो नीति छैन। जे कुराका लागि बजेट आएको छ हामी त्यहीं विषयमा सदुपयोग गर्ने हिसावले काम गर्दैछौं।

**० जनकपुरधाममा अहिले भइरहेको निर्माण कार्यमा नगरपालिकाले कति निगरानी गरिरहेको छ त ?**

– हेर्नुस्, हामी अहिलेसम्म राम्रोसँग काम गरिरहेका छौं। कतै कतै गुनासाहरू आइरहेका छन्। मैले बारम्बार मिडियामार्फत भन्दै आएको छु कि अहिले भइरहेको काम यहाँका जनताका लागि हो र जनता स्वयम्ले त्यसको निगरानी गर्नुपर्छ। किनकि जनताले तिरेको करबाट नै यी सारा कामहरू भइरहेको छ। आफ्नो ठाउँमा गुणस्तरीय काम भइरहेको छ कि छैन भन्ने कुरा निगरानी जनताले पनि गर्नुपर्छ। किनकि ठेकेदारहरूले पैसा बचाउन कमसल काम गर्न सक्छन्। यदि जनताले भनेको कुरा ठेकेदारले मानिरहेको छैन भने जनकपुरधाम उपमहानगरपालिकामा कम्प्लेन गर्न सकिन्छ। र, त्यस्ता कमसल काम गर्नेलाई तुरून्त कारबाही हुन्छ। यस्तै, कुनै ठाउँमा काम गुणस्तहीन भएको गुनासो आउने बित्तिकै हाम्रो मेयरसाहेब आफै गएर निरीक्षण गर्दै आउनुभएको छ। त्यसैले गर्दा जनकपुरधाम उपमहानगरलाई नेपालकै नमूना उपमहानगर बनाउने हाम्रो लक्ष्य छ।

## पर्यटन विकासमा साझेदारी गर्न ‘इण्डो-नेपाल फ्रेण्डशिप मीट’

काठमाडौं। पूर्वी नेपाल र उत्तर पूर्वी भारतका पर्यटन विकासका लागि आवश्यक पहल थाल्ने दुवै देशका सम्बन्धित अधिकारीहरूले प्रतिबद्धता व्यक्त गरेका छन्। भारतको कोलकातामा रहेको नेपाली महावाणिज्य दूतावासले दार्जीलिङको मिरिकमा तेस्रो ‘इण्डो-नेपाल फ्रेण्डशिप मीट’ को आयोजना गरी पूर्वी नेपालको प्रदेश एकका ग्रमिण पर्यटन र भारतका पर्यटन क्षेत्रमा पर्यटक कसरी बढाउने, पर्यटन क्षेत्रमा देखा पर्ने सीमा समस्या समाधानलगायतका विषयमा चर्चा गरिएको थियो। कार्यक्रममा कोलकातास्थित नेपाली महावाणिज्य दूतावासका महावाणिज्य दूत एकनारायण अर्यालले नेपाल अब संघीय प्रणालीमा गइसकेकाले प्रदेशस्तरीय सरकारहरूले पर्यटन क्षेत्रको विकासका लागि काम गर्नुपर्ने बताए। नेपाल भारतबीचको खुल्ला सीमानाका कारण ग्रामीण पर्यटन प्रवर्द्धन सहज हुने कार्यक्रममा सहभागीहरूले बताएका थिए।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



## विश्व परिवेश

# पाकिस्तानी अर्थव्यवस्था घोर संकटमा

**अल्लाबक्श**

जुन ११, सोमबारका दिन एक वर्ष भित्रै चौथो पटक आफ्नो मुद्राको अवमूल्यन गरेको कामचलाउ सरकारले पाकिस्तानी अर्थव्यवस्थालाई घोर संकटमा पुऱ्याई दिएको छ जबकि देश चुनावी अवस्थोन्मुख रहे पनि आर्थिक अवस्थामा सुधार हुनेप्रति कोही पनि आशावादी रहेको महसुश गरिएको छैन । यस्तो लाग्छ कि कामचलाउ सरकार अन्तराष्ट्रिय मुद्रा कोषको जमानत प्राप्त गर्न असमर्थ भैसकेको छ । कामचलाउ सरकारका अर्थमन्त्री डा. शमशाद अख्तरले अन्तरिम सरकारलाई निर्वाचित भएर सत्तासीन हुने सरकारभन्दा अगाडि अन्तराष्ट्रिय मुद्रा कोषसँग कुनै नयाँ सम्झौता र सहमति गर्ने कुनै जनादेश नरहेको बताएका थिए । पाकिस्तानको सौह भाइ चीन समेत त्यसप्रति उदासिन नै रहेको छ । उसलाई आफ्नो ऋणको ठूलो ब्याज असुल्नेसँग मात्र मतलब रहेको छ । कामलचाउ सरकारको अर्को समस्या जुन १ तारीखमा सत्तामा पुगेको अब्बासी सरकारले नोभेम्बर सम्मको निर्वाचनको तयारीका लागि अर्को आर्थिक प्रावधान लागु गर्नुपर्ने स्थिति देखिएको छ । 'डाँन' समाचारपत्रले आफ्नो सबभन्दा पछिल्लो समाचार मार्फत त्यसलाई 'आश्चर्य' भन्दै त्यहाँको बजार धेरै दबाबमुलक बिक्रिको अवस्थामा पुगेको अभिव्यक्ति वा विचार सार्वजनिक गरेको छ । गत जुलाईमा भएको पहिलो अवमूल्यनबाट अमेरिकी डलरको तुलनात्मक विनिमय दर रू. ४.४ ले तल झर्न पुगेको अर्थात् रू ११९.९ बाट रू ११५.५ मा झरेको बारे आफ्नो सम्पादकीय मार्फत सार्वजनिक गरेको थियो । निरन्रतको खस्कँदो अर्थव्यवस्थाका कारण अन्तरीम वा कामचलाउँ सरकारको अवस्था चिन्तनीय बन्न पुगेको छ र त्यस क्रमको सुरूवात नवाज शरीफ सरकारको चार वर्ष उनको पाकिस्तान मुस्लिमलिग पार्टीद्वारा समर्थित नीतिको अनुकरण गरेको कारणले मात्र हुन गएको हो । मुशर्रफ सरकारले त्यस अनुरूपको अवस्था भोग्नु परेको थिएन किनकी त्यस बखत चीनसँग त्यस प्रकारको खास लगाव थिएन तर अब्बासी सरकारले चीनप्रति आँखा चिम्लेर समर्पण र आस्था राखेको कारण त्यस्तो स्थिति सिर्जित हुन गएको छ जबकि वास्तविकता यो छ कि चीनलाई पाकिस्तानको स्वार्थभन्दा आफ्नो प्रभुत्वलाई पाकिस्तानमाथि जमाई राख्नु हर दृष्टिले प्रमुख रहेको देखिएको छ । अन्तरिम सरकारले चीनको लगानीको निरन्तरको अपेक्षा राखेको थियो जो निरर्थक चाहना रहेको उल्लेख 'डाँन' समाचारपत्रले गरेको छ ।



यो उल्लेखनीय र विचारणीय समेत हुन आएको छ कि हतारमा अदुरदर्शी सोच लिएर कुनै काम गर्नु आन्दोलनलाई प्रश्रय दिनु सरह नै हुन जान्छ । अब चिन्ताको कुरा यो छ कि आगामी सरकारले अर्को रित्तो अर्थव्यवस्थासँग जुध्नुपर्नेछ जसले राष्ट्रिय संशाधनलाई प्रभावित पार्दै आगामी दशकसम्म अर्थवस्थाको दुर्गतिसँग जुध्ने अवस्था श्रृजित गर्नेछ । भावी सरकारका लागि यो चूनौतीको संकेत हो कि त्यसले यस स्थितिलाई आत्मसत गरी अघि बढेको खण्डमा मात्र उसले आफ्नो कार्यविधिमा अन्तराष्ट्रिय मुद्रा कोषसम्म पुग्ने आँट गरी आफ्नो उदेश्य पूति गर्न सक्नेछ ।

# अल्पसंख्यकहरूप्रति 'विशेष सरोकार राख्ने देश'

विगत १६ वर्षदेखि धार्मिक अल्पसंख्यकहरूप्रति दुर्व्यवहार गर्दै आएको पाकिस्तान प्रति संयुक्त राष्ट्रको अन्तराष्ट्रिय धार्मिक स्वतन्त्रता आयोगले पाकिस्तानलाई अल्पसंख्यकहरूप्रति दुर्व्यवहार गर्ने एक विशेष सरोकार राख्ने देशको रूपमा घोषणा गर्ने आधिकारीक टिप्पणी सार्वजनिक गरेको छ । जुलाईको अन्ततिर निर्वाचनको क्रममा रहेको पाकिस्तानको सामाजिक संरचनालाई स्पष्ट रूपमा खलल नपुग्ने गरी आफ्ना पूर्ववर्तीहरू जस्तै ट्रम्प प्रशासनले समेत त्यस्तै अभिव्यक्तिलाई दोहोऱ्याएको छ । समाजिक र आर्थिक अवस्था पूर्णरूपले नराम्रो रहेपनि संयुक्त राष्ट्रले पाकिस्तानसँगको सम्बन्धमा बढी दबाब दिने क्रमलाई छाडि दिएको छ । संयुक्त राष्ट्रको अन्तराष्ट्रिय धार्मिक स्वतन्त्रता आयोगले सन् २००२ देखि नै त्यसबारे सुझाव दिँदै आएपनि त्यसपछि संयुक्त राष्ट्रको प्रशासनले त्यस प्रकारको घोषणाले गर्दा त्यहाँको धार्मिक स्वतन्त्रतालाई प्रोत्साहन दिने कार्यमा बाधा पुऱ्याउन सक्ने हुँदा त्यसलाई निरन्तर रूपमा बेवास्ता गर्दै आएको थियो । डिसेम्बर २२, २०१७ का दिन संयुक्त राष्ट्रका विदेश मन्त्रीले, धार्मिक स्वतन्त्रता दिने कार्यलाई गम्भीर रूपमा उल्लंघन गर्दै आएकोले पाकिस्तानलाई विशेष निगरानी राख्ने देशको सूचीमा अंकित गरेको छ । संचारमाध्यमहरूले त्यसको घोषणा यसै वर्ष हुने अनुमान गरे पनि पाकिस्तान यस वर्ष त्यस्तो घोषित हुने देशको सूचीमा परेन ।

प्रतिवेदन अनुसार पाकिस्तानमा गत वर्ष कम्तीमा ५० जनतालाई धर्मनिन्दा कानुनको आरोपमा थुनामा राखिएका मध्ये १७ जनालाई मृत्यु सजाँय सुनाईएको थियो । संयुक्त राष्ट्रको त्यस आयोगले पाकिस्तानका अधिकारीहरूलाई त्यसलाई निरन्तरता दिँदै आएको सम्बन्धमा आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ । त्यस प्रतिवेदनले त्यो विश्वव्यापी मुद्दा जस्तै बनी सकेकोले पाकिस्तान जस्तै अफगानस्तान, भारत, इरान र रूस समेतका अल्पसंख्यक समुदायहरूले धार्मिक स्वतन्त्रताबाट व्यापक स्तरमा जुझ्दै आउनु परेको सम्बन्धमा समेत उल्लेख गरेको छ । त्यस प्रतिवेदनमा अप्रिल, २०१७ को एक घटनामा एक आतंकी समूहले मर्दानको अब्दुल वली खान विश्वविद्यालयका छात्र मशाल खनाललाई कुटेपछि गोली हानी हत्या गरेको थियो, जसलाई अनुसन्धानकर्ताहरूले पछि त्यो झूटो आरोप लगाएको बताएका थिए । त्यस प्रतिवेदनमा सन् २०१७ को पूरै वर्षभरीमा अघोषित आक्रमणकारीहरूले पाकिस्तानमा शिया, हजरा तथा अहमदी समुदायमा २२ जना अल्पसंख्याहरूको धामिक उद्देश्य प्रेरित भएर हत्या गरेका थिए ।

त्यस प्रतिवेदनमा पाकिस्तानमा उर्दु भाषाका संचारमाध्यमहरूले अल्पसंख्यक समुदायहरूका धार्मिक संगठनहरूप्रति पक्षपातपूर्ण दृष्टिकोण राखेर तिनीहरू विरूद्ध अनावश्यक, अनुपयुक्त र उतेजनापूर्ण आरोपहरूका प्रशस्त उदाहरण सम्बन्धमा समेत उल्लेख गरिएको छ । मे महिनामा दिउँसै पेशावरमा एक सिख व्यापारीको आक्रमणकारीले हत्या गरेको थियो । शिया र अहमदीहका पुजास्थलसँगै ईसाईहरूको गिरजाधरहरूमाथि थुप्रै आक्रमण भएको थियो भने सेहवानस्थित शाह कलन्दरका एकबरामाथित समेत गतवर्ष नै आक्रमण भएको थियो । पाकिस्तानीहरूमाथि कै आक्रमणको कुरा मात्र होईन, संयुक्त राष्ट्रसभालाई अमेरिकी अधिकारीहरूले बताए अनुसार पाकिस्तानमा रहेका अमेरिकी कुटनीतिज्ञहरू साथ पनि घोर दुर्व्यवहार हुँदै आएको छ । सडक दुर्घटनाका क्रममा एक अमेरिकी कुटनीतिज्ञलाई धेरै सोधपुछ, परेशानी पश्चात् मात्र अगाडि बढ्न दिईएको थियो ।

यस्ता क्रियाकलाप तथा व्यवहारले पाकिस्तानको आफ्नै अर्थव्यवस्थामाथि प्रभाव पारेको छ । त्यस्ता गलत प्रकारका सम्बन्धहरूका कारण पाकिस्तान अन्तराष्ट्रिय मुद्रा कोष सम्म पूग्न हच्कन थालेको छ र त्यसको साटो आफ्नो "सौह भाइ" चीनको गुहार गर्न थाले पनि चीनले महत्व दिनुको साटो केवल आफ्नो निहित उद्देश्यका विशेष योजनाहरूका लागि उपयुक्त व्याजदरमा ऋण मात्र दिँदै आएको छ ।

*– एजेन्सीका सहयोगमा*

# डेढ सय वर्षपछि सदरलाइनको स्वरूप फेरिँदै

**कुमार श्रेष्ठ**



नेपालगन्ज । लोकबहादुर सुनार ३ चैत्र २०६८ मा नेपालगञ्ज नगरपालिकाको कार्यकारी प्रमुख भएर आए । 'म त स्थानीय । नेपालगञ्जको विकास गर्न कुनै कसर बाँकी राख्दिन', उनी भन्ने गर्थे । नेपालगञ्जको 'मुहार फेर्न' एशियाली विकास बैंक (एडीबी) को सहयोगमा नगरभित्र सडकको स्तरोन्नतिसँगै ढल निकासको कामहरू थालिए ।

यही अभियानमा जोडियो, नेपालगंजको मुटु सदरलाइन विस्तार । जसलाई व्यवस्थित गर्दा नेपालगञ्जीयाको 'सान' बढ्छ भन्नेमा नेता, कर्मचारी, स्थानीय अगुवा सबैको मत मिलेको थियो । सुनारले स्थानीयसँग पटक-पटक अतिक्रमण हटाउन अनुरोध गरे । नेपालगञ्ज उद्योग वाणिज्य संघले पनि साथ दियो । व्यापारीले कहिले बर्खा, कहिले दशैं, तिहार, छठको बाहाना गर्दै हप्ता, महिना र तीन वर्ष गुजारे । सुनारको कार्यकालमा सबैभन्दा जटिल काम सदरलाइन विस्तार भयो । १८ चैत्र २०७१ मा उनी अभियान सफल नहुँदै हार खाएर विदाइ भए ।

सुनारपछिका नगर कार्यकारी अधिकृतहरू विष्णुप्रसाद भुसाल, हेमराज भुसाल, गिरिराज ज्ञवाली, कृष्णप्रसाद चापागाई, भीमबहादुर कुँवर र हरि प्याकुरेलको अधिकांश समय अतिक्रमण हटाउँछु भन्दै बाहाना गर्ने व्यापारीलाई फकाउँदैमा बित्यो ।

नेपालगञ्ज-११ का नेपाली कांग्रेसका बुथ सभापति अनिल श्रेष्ठ कार्यकारी अधिकृतले काम गर्न नसकेको आरोप लगाउदै भन्छन्, 'सदरलाइन विस्तारमा अवरोध पुऱ्याउने थोरै थिए । कार्यकारीले अतिक्रमण हटाउने आँट नगर्दा समाधानमा ढिलाइ भयो ।'

एडीबी सहमतिमा मात्र काम गर्छ भन्नेबारे स्थानीय जानकार थिए । १४ असार २०७४ मा स्थानीय तह निर्वाचन सम्पन्न हुँदा एडीबीसँग सम्झौताको तीन वर्ष पुग्नै थालेको थियो । निर्वाचित भए लगत्तै नगर प्रमुख डा. धवल शम्शेर राणाले नेपालगञ्ज उद्योग व्यापार संघको हलमा आयोजित एक कार्यक्रममा तीन महिनाभित्र अतिक्रमण नहटाए डोजर चलाउने चेतावनी दिए । तत्कालिन भेरी अञ्चल प्रहरीका प्रमुख एसएसपी महेशविक्रम शाहले उनलाई सहयोग गर्ने घोषणा गरे । यो चेतावनीले व्यापारी केही हच्किए । सदरलाइनमा रहेका २१९ घरमध्ये १६१ घर भत्काउनुपर्ने थियो । १५३ घरधनी अतिक्रमण हटाउन सहमत थिए । 'चार/पाँच जनावाहेक बहुमत व्यापारीले अतिक्रमण हटाउने कागजमा हस्ताक्षर गरेका छन्', सहमतिकर्ता प्राध्यापक डा. जनार्दन आचार्यले भने ।

सहमति भइसक्दा पनि केही व्यापारीले चुनौती दिइरहेका थिए । १४ बैशाखमा पार्वतीदेवी तमोली, जैनेन्द्रकुमार टण्डनलगायत १४ जनाले उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासमा निषेधाज्ञा, प्रतिषेध, परमादेश, उत्प्रेषणसमेतको मुद्दा दायर' गरे ।

२० बैशाखमा न्यायाधीशद्वय गुणराज ढुंगेल र खुशीप्रसाद थारूको संयुक्त इजलासले उपमहानगरपालिकाको विकास निर्माणमा प्रतिकूल असर पर्नसक्ने भन्दै अन्तरिम आदेश जारी गरिरहन नपर्ने आदेश दियो । त्यसको भोलिपल्टै २१ बैशाखमा मेयर डा. राणा, उपमेयर उमा थापा मगरको नेतृत्वमा

**स्थानीय रिपोर्ट**

उपमहानगरको डोजरले त्रिभुवनचोक दक्षिणतिरका केही पर्खाल भत्कायो । त्यसपछि मात्र विस्तार सुचारू भयो । त्रिवेणीमोडदेखि चारबाहिनीसम्म १४ देखि २१ मिटरसम्म 'बर्साती' पछाडिको पिलर नछुने गरी सडक विस्तार भइरहेको छ ।

त्रिभुवन चोक उत्तरमा सडक कालोपत्रे भइसकेको छ । दक्षिण र पूर्वमा निर्माणाधिन छ । उपमहानगरपालिकाको शहरी विकास आयोजनाले एडीबीको सहयोगमा नगरभित्र १ अर्ब ६३ करोड लागतमा काम गरिरहेको इन्जिनियर शैलेन्द्र महर्जन बताउँछन् । उनले भने, 'यही बजेटमा चारवाहिनीदेखि त्रिवेणी मोडसम्म सदरलाइन विस्तारको काम भइरहेको छ ।'

'सदरलाइन व्यवस्थितहुँदा बाह्य पर्यटकले पनि बजारलाई एक चक्कर लगाएर जाने स्थिति बन्छ', सदरलाइन विस्तारमा मध्यस्तकर्ताको भूमिका खेलेको नेपालगञ्ज उद्योग व्यापार संघका अध्यक्ष नन्दलाल वैश्यको दाबी छ । स्थानीय जयपाली कनोजियाका बुझाइमा सदरलाइन विस्तारले बजारको बेग्लै रौनकता थप्दैछ ।

डेढ सय वर्ष अघि राणा प्रधानमन्त्री जंगबहादुरको निर्देशनमा लखनउको हजरतगञ्ज शहरको शैलीमा ऐतिहासिक नेपालगञ्ज शहर बसाइएको थियो । 'सडकपेटी (बर्साती)सहितको बस्ती विकास गरिएको थियो । व्यापारीले पेटी अतिक्रमण गरेका थिए', प्राज्ञ सनत रेग्मी भन्छन् ।

सडक पेटी एक सय वर्षभन्दा बढी समय अतिक्रमणमा पऱ्यो । सडक साँघुरो हुँदा पैदलयात्री र सवारी साधन आवागमनमा समस्या हुन्थ्यो । सडकपेटीमै व्यापार व्यवसाय गर्न सदरलाइनको सौन्दर्यता हराएको थियो ।

२०४९ नेपालगञ्ज नगरपालिकाको मेयर बनेका विजय गुप्ताले रानीतलाउ, न्यूरोड विकासको अवधारणा अघि सारेका थिए । २०५४ मा मेयर भएका धवल शम्शेर राणाले विकासका आयोजना कार्यान्वयनको चरणमा पुऱ्याएको वरिष्ठ पत्रकार हेमन्त कर्माचार्य अनुभव सुनाउँछन् ।

'दुबै मेयरको कार्यकालमा पर्यटकलाई लोभ्याउने योजनाहरू गाँसिएका थिए', कर्माचार्य भन्छन्, 'उपमहानगर नेतृत्वमा राणाकै पालामा विस्तारको काम भएकाले सदरलाइनको मुहार फेरिँदैछ ।' *सौजन्य : नेपालगञ्ज उपमहानगरको शहर फिचर सेवा*

## जिल्ला समाचार

### प्रदेश ५ मा ६ संसदीय समिति गठन

चन्द्रकान्त खनाल, रूपन्देही । प्रदेश ५ मा ६ संसदीय समितिहरू गठन भएका छन् । प्रदेशसभा बैठकमा सभामुख पूर्णबहादुर घर्तीले समितिमा रहने सदस्यहरूको नाम पढेर सुनाएका छन् । प्रदेश सभा नियमावली अनुसार प्रदेश मन्त्रालयका काम र जिम्मेवारी समावेश हुने गरी प्रदेश नम्वर ५ मा ६ वटा समिति गठन भएका छन् । सार्वजनिक लेखा, अर्थ उद्योग तथा पर्यटन, भौतिक पूर्वाधार तथा विकास, प्रदेश मामिला तथा कानून, सामाजिक विकास, कृषि, वन तथा वातावरण समिति गठन भएका छन् । सार्वजनिक लेखा समिति १२ र भौतिक पुर्वाधार १४ र अन्य समिति १३ सदस्यि बनाइएको छ । लेखा समितिमा प्रतिपक्षबाट ४ र सत्ता पक्षबाट ८ सभासद छन । अन्य समितिमा प्रतिपक्षका तीन/तीन जना राखीएको छ । लेखा समितिमा काँग्रेसका तर्फबाट डिल्ली चौधरी,निर्मला क्षेत्री,वसिउद्धिन खाँ र भुवनेश्वर चौधरी, नेकपाका बिष्णु पन्थी, बिमला पन्थी,कुल प्रसाद पोखरेल, गीता थापा,तिलकराम शर्मा, पाँवती पुन,युवराज खनाल र रेवतीरमण शर्मा रहेका छन् ।

### शुद्धोधनको गाउँसभा सम्पन्न

मणि प्रसाद गैह्रे, कपिलवस्तु । शुद्धोधन गाउँपालिका कपिलवस्तु लवनीको नीति, कार्यक्रम तथा बजेट पारित गर्दै तेस्रो गाउँसभा सम्पन्न भएको छ । आगामी आर्थिक वर्ष २०७५/७६ को लागि कुल रू. ४० करोड ३८ लाख ९५ हजार रूपैयाँ बजेट प्रस्तावसहित गाउँसभा सम्पन्न भएको हो । गाउँपालिकाकी उपाध्यक्ष सुधादेवी पाण्डेयले सोमबार आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरेकी हुन् । प्रस्तावित बजेट पारित समेत गरिएको छ । गाउँपालिकाले आर्थिक वर्ष २०७५/०७६ का लागि अनुमानित आयतर्फ संघीय र प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रू. १३ करोड ६१ लाख७५ हजार, राजश्व बाँडफाँडबाट प्राप्त हुने बजेट रू. ८ करोड ७८ लाख २० हजार र अन्य सशर्त अनुदानमा रू. १० करोड ४९ लाख, गाउँपालिकाको आन्तरिक आम्दानीतर्फ रू. ५० लाख, सामाजिक सुरक्षा कार्यक्रमतर्फ रू ५ करोड ५० लाख समेत गरी ४० करोड ३८ लाख ९५ हजार रूपैयाँको बजेट प्रस्ताव गरिएको शुद्धोधन गाउपालिकाकी उपाध्यक्ष सुधादेवी पाण्डेयले बताइन् । उक्त रकममध्ये चालु तथा साधारण खर्चतर्फ रू. ७ करोड ९० लाख, पुंजीगत एवं विकास बजेट तर्फ १६ करोड ४९ लाख ९५ हजार, सशर्त अनुदान चालुतर्फ १५ करोड ९९ लाख बिनियोजन गरिएको छ । भौतिक पूर्वाधारतर्फ ९ करोड ५८ लाख ५९ हजार, आर्थिक बिकास तर्फ १ करोड ८४ लाख, सामाजिक बिकासतर्फ ३ करोड ३४ लाख १० हजार, वन वातावरण तथा बिपद ब्यबस्थापनतर्फ ६३ लाख र सेवाप्रवाह सुशासन एवं संस्थागत बिकास तर्फ १ करोड १० लाख ५ हजार बिनियोजन भएको छ ।

### रौतहटमा पोषणसम्बन्धी अभिमुखीकरण गोष्ठी

राकेश यादव, रौतहट । राजदेवी नगरपालिका कार्यालय रौतहटको आयोजनामा बहुक्षेत्रीय पोषण कार्यक्रमअन्तर्गत पोषण तथा खाद्य सुरक्षा सम्बन्धी नगरस्तरीय अभिमुखीकरण गोष्ठी मंगलबार सम्पन्न भएको छ । नगरपालिकामा स्वस्थ बच्चा ,बलियो हुनु पर्ने आमाको स्वस्थ राम्रो हुनु पर्ने उदेश्यले संचालित कार्यक्रममा जिल्ला संयोजक मुकेश झाले वड़ा स्तरवाट नै कुपोषणको अन्त्य गर्नु पर्ने निर्वाचित जनप्रतिनिधिहरूलाई आग्रह गरे । कुपोषणले जनसँख्यामा नकारात्मक असर पर्ने तथा बल मृत्युदर बढन सक्ने सम्भाबना रहेको हुँदा पोषिलो खाना खानु पर्ने बताए । पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिले वडा, नगरमा यसको अवस्था पहिचान गरी कुपोषणको शिकार हुनबाट बच्चालाइ जोगाउन सकिने झाको तर्क रहेको थियो । कार्यक्रममा उप-प्रमुख अंशु सिंह, निर्वाचित वडा अध्यक्षहरू, विषयगत कार्यालयका प्रतिनिधि संचारकर्मीहरूको सहभागिता रहेको फोकल पर्सन रिंकू जयसवालले जानकारी दिएका छन् ।

### जिराभवानीमा सार्वजनिक सुनवाई

पर्सा । नयाँ संबिधानअनुसार गत निर्वाचनमार्फत स्थानीय सरकारको रूपमा चुनिएको स्थानीय तहले जनताका बीच आफ्नो काम कारवाहीलाई पारदर्शी रूपमा परीक्षणको कसीको रूपमा लैजाने अवसरको रूपमा पर्साको जिराभवानी गाउँपालिकाले मंगलबार सार्वजनिक सुनुवाई सम्पन्न गरेको छ । जिरा भवानी गाउँपालिकाको सेढवास्थित माध्यमिक विद्यालयको प्रांगणमा स्थानीय तहका जननिर्वाचित जनप्रतिनिधि तथा सेवा प्रदायक सरकारी अधिकृत तथा कर्मचारीहरूको उपस्थितीमा सम्पन्न भएको छ । सार्वजनिक सुनुवाईमा स्थानीय सर्वसधारणले आगामी वर्षको नीति तथा कार्यक्रममा समेटिनु पर्ने विषयहरू र यसअघि स्थानीय तहबाट सम्पादन भएका काम कारवाहीसँग जोडिएका जिज्ञासा राखेका थिए । डुबानका समस्या समाधान, जंगली जनावरले मानव बस्तीमा गर्ने क्षतिको रोगथाम, कृषीमा पर्याप्त बजेट र जानकारीहरू पर्याप्त मात्रामा प्रवाह गर्नु पर्ने लगायतका सुझाव स्थानीय जनताले प्राथमिकतासाथ उठाए । असार ३२ गते हुन गइरहेको गाउँसभा परिषद्को तयारीमा सार्वजनिक सुनुवाईमा प्राप्त सल्लाह सुझावको आफूहरूले योजना निर्माणमा उपयोग गर्ने जिराभवानी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत अमित गिरीले उद्घोष गरे ।

### कानुनसम्बन्धि अभिमुखीकरण कार्यक्रम

कपिलबस्तु । जिल्लामा समलिङ्गी तथा तेस्रो लिङ्गीहरूलाई कानुन सम्बन्धि एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । सो अभिमुखिकरण कार्यक्रम नील हिरा समाज कपिलबस्तु शाखाको आयोजना र नील हिरा समाज केन्द्रिय कार्यालय काठमाडौको आर्थिक सहयोगमा सम्पन्न भएको हो । कार्यक्रम यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको हाल संविधानमा रहेको निति नियमबारे जानकारी, यौनिक तथा अल्पसंख्यक समुदायलाई सम्बोधन गर्ने कानुन निति नियम संविधानमा लागु गर्नु पर्ने निल हिरा समाजका जिल्ला संयोजक प्रेणा विष्टले बताईन् । नेपाल सरकारले सबै जातजातिको अधारमा अरक्षण कोटा निर्धारण गरे त पनि तेस्रो लिङ्गीलाई नेपाल सरकारले उपेक्षित गरेको विष्टले बताइन् ।

### धनगढीको बजेट एक अर्ब ७९ करोड ३४ लाख

धनगढी । धनगढी उप-महानगरपालिकाले आगामी आर्थिक वर्षका लागि एक अर्ब ७९ करोड ३४ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । जसमा ७ वटा प्राथमिकताका क्षेत्र निर्धारण गरेको छ । पूर्वाधार विकासअन्तर्गत सडक सुधारलाई नगरले पहिलो प्राथमिकता दिएको छ । कृषि, शिक्षा, स्वास्थ्यको गुणस्तर विकास, सूचना प्रविधिको विकासलाई उपमहानगरले आगामी वर्षको बजेट र नीति तथा कार्यक्रममा प्राथमिकतामा राखेको छ । यस्तै, उद्यम र सहकारी विकास, मानव संसाधन तथा पर्यटन क्षेत्रको विकासलाई समेत प्राथमिकता दिइएको छ । त्यसपछिका प्राथमिकतामा सामुदायिक वन व्यवस्थापन र प्राकृतिक विपद् व्यवस्थापन कार्यमा जोड दिइने नीति तथा बजेट योजनमा उल्लेख छरू। होमस्टेको प्रवर्द्धन र थारू संग्रहालय निर्माणलाई निरन्तरता दिइने भएको छ । पर्यटन विकासको योजनाअन्तर्गत शिवपुरी धाम-जोखरताल हुँदै बेहडावावा मन्दिरसम्मका विभिन्न मठमन्दिर जोड्ने सांस्कृतिक साइकल ट्र्याक निर्माण गरिने उल्लेख छ । पूर्वाधार विकासअन्तर्गत एकीकृत सहरी विकास योजना सम्पन्न गरी कार्य अघि बढाइने भएको छ । नगर यातायात गुरूयोजनासमेत लागू गरिनुका साथै चक्रपथ निर्माणलाई प्राथमिकताका साथ निरन्तरता दिइने प्रतिवेदनमा उल्लेख छ ।

### सुरक्षित वैदेशिक रोजगारबारे अभिमुखीकरण

चन्दनकुमार यादव, सप्तरी । तिलाठीकोईलाडी गाउँपालिकाका युवाहरूलाई विदेश जाँदा तथा समस्यामा परेकाहरूलाई अपनाउनु पर्ने सावधानी वारेमा जानकारी गराइएको छ । बिहीबार वडा नम्वर १ तिलाठीमा गाँउपालिकाको सहयोगमा तथा सबल नेपाल राजविराजको आयोजनामा तिलाठी, बेल्हीका सम्भावित आप्रवासी कामदार, रिटर्नि तथा तिनका परिवारका सदस्यहरूबीच सुरक्षित वैदेशिक रोजगारबारे अन्तरक्रिया गरेको छ । वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र लाभदायक बनाउने उद्देश्यले युवाहरूको माध्यमबाट समुदायका मानिसहरू सबै कुरा बुझेर सीप सिकेर रकम बुझाउँदा अनिवार्य भरपाई लिएर जान जानकारी गराउन आग्रह गरिएको तालिमका सहजकर्ता चन्दनकुमार यादवले बताए । विदेश जाँदा धेरै युवाहरू केही नबुझी, सीप नसिकी जाँदा धेरै समस्या पर्ने गरेकोले सबै कुराको जानकारी लिएर जान तालिममा जानकारी गराएको हो । सो अवसरमा वडा नम्वर १ का वडा अध्यक्ष दिनेश्वर मिश्रले विदेश जाँदा सम्बन्धित कामको सीप नसकि विदेश जाँदा भने अनुसारको काम नपाउँदा धेरै युवाहरू विदेशमा बिचली हुने गरेकोले सबै कुरा बुझेर, सीप सिकेर गए समस्यामा नपर्ने बताए । विदेश जाने हुने युवाहरू रकम बुझाउँदा भरपाई नलिँदा र कागजपत्र एक प्रति घरमा नराख्दा अधिकाँश युवाहरू ठगिने गरेकोले सबै कुरा बुझेर जाँदा ठगिने सम्भावना न्यून हुने बताए ।



कुनै कामको विरोध भएमा स्वाभाविकरूपले त्यस कामको प्रचार हुने हुँदा राम्रो काम गर्नेहरूले डराउनु पर्ने आवश्यक छैन । कुनै नराम्रो भएको छ भने सुधार गर्ने अवसर पनि हुन्छ । त्यसकारण शान्तिपूर्ण विरोधका स्वरहरूलाई रोकिनु राम्रो हुँदैन । **गिरिश चन्द्र लाल**



नेपालमा रेल पहिला पनि थियो जनकपुर र अमलेखगन्जसम्म तर नेपाल भनेकै काठमाडौं भन्ने मानसिकताका कारण त्यसको गणना हुदैंन । काठमाडौंसम्म रेल आए वा नआए पनि अर्को निर्वाचनमा बिक्री हुने ठूलो नारा यही होला । **देवेश झा**



असारे विकास काठमाडौंको गल्लीगल्लीमा देखिन्छ अहिले देशैभरी यस्तै होला । देशको हालतको ऐना बनेका छन् यि गल्ली । बजेट फ्रीज नगर्ने बरू लुटेर सिध्याउने होड ।आर्थिक बर्ष साउन-असारकै किन ? जनवरी- डिसेम्बर वा वैशाख- चैत्र किन हुनु नहुने ? आर्थिक बर्ष बदल्ने सवालमा आन्दोलन नै जरूरी भो । **डम्बर खतिवडा**



सार्थक संघीयता र समावेशी संरचनाबाट नै मधेशी शक्तिलाई मूलधारमा जोड्न सकिन्छ । नत्र भने तत्काल ओत लाग्नका लागि जो जहाँ बास बस्न पुगे पनि केही औचित्यपूर्ण मुद्दा र न्याय प्राप्ति नभएसम्म मध्यमार्गी राजनीतिले नयाँ अनुच्छेदको खोजी गरिनै रहनेछ । **चन्द्रकिशोर**



मधेशभित्रै आन्तरिक समानुपातिक समावेशीको आन्दोलन जरूरी छ । मधेशी-दलित(सिल्पी), मधेशी-आदिवासी जनजाति र मधेशी-मुस्लिम नै मधेश आन्दोलनका नेता-नेतृत्वकर्ता हुन् । समावेशीका मुख्य हकदार यिनीहरू नै हुन् । तसर्थ मधेशको हरेक तह तप्का समानुपातिक समावेशी हुनुपर्छ । **बीपी साह**



चुनाव अगाबै नाकाबन्दीको लागि भारतले माफी माग्नुपर्छ भन्दै भारतलाई तथानाम गाली गरेर राष्ट्रवादीको उपाधी कमाएका प्रधानमन्त्री केपी ओलीले हाल भारतसँग समबन्ध सुध्रिसक्यो भन्दै धिंधोरा पिट्दै हिँडेका छन् । आखिर के कारणले सुध्रिन पुग्यो नेपाल-भारत समबन्ध ? **विकास ठाकुर**



महिलाहरू प्रतिस्पर्धामा आउनु पर्यो जहाँ पनि जहिले पनि महिलालाई कोटा भनेर माग्ने प्रवृत्ति कहिलेसम्म ? कसरी हुन्छ के गरि हुन्छ ग्रामीण भेगको महिलाहरूलाई पनि सशक्त बनाएर अगाडि ल्याउन सक्नुपर्छ त्यसको लागि कस्तो विकास कार्यक्रमहरू अगाडि बढाउने त्यसमा जोड दिनुपर्छ । **सन्तोषी साह**



राज्यका ठेकेदारहरूले मधेशीलाई बिहारी इण्डियन भन्ने झैं हामीले पनि आफ्नै दाजुभाईलाई दरभंगिया भन्नु ग़लत हो । यस्ता शब्दहरू प्रयोग गरी कुनै समुदायको सेन्टीमेन्टमाथि प्रहार नगर्नुस् । हामीले कुनै जातको संस्कृतिको बिरोध होईन जातीय संस्कृतिको व्यवस्था गर्नुपर्छ । **सञ्जय यादव**



गृह प्रशासनको भूमिका भनेको सुरक्षा र सुशासनको अनुभुति गराउनु हो । त्रासको भरमा सुशासन ल्याउन खोज्यो भने मौन स्वीकारोक्ति त रहला तर त्यसले आतंकित पनि बनाउनेछ । राज्य र राजनीतिले आतंकित बनाईरहेसम्म संक्रमण कसरी सकिएला ? **मनिष झा**

# विद्यालय तथा मदरसामा पंखा जडान




जलेश्वर । राष्ट्रिय जनता पार्टी नेपालकी वरिष्ठ उपाध्यक्ष तथा प्रदेश २ की प्रदेशसभा सदस्य रानी शर्मा तिवारीले महोत्तरीका ६ सामुदायिक विद्यालय तथा एक मदरसामा पंखा जडान गराएकी छन् । प्रदेशसभा निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गत महोत्तरी निर्वाचन क्षेत्र नं. ३ (ख) का विभिन्न ६ वटा विद्यालय र एउटा मदरसामा पंखा जडान गराएकी हुन् । गर्मीयाममा विद्यार्थीहरूलाई पठन-पाठन गर्न कठिन भइरहेकोले विद्यालयहरूमा पंखा वितरण गरिएको उनले बताइन् । यस्तै, महोत्तरी क्षेत्र ३ (ख)का अन्य विद्यालयहरूमा पनि पंखा वितरण गरिने उनले जानकारी दिइन् । सुगा भवानीपट्टी, थरूवाही, सहसराम, मलिबाडा, बखरी, हलखोली र थरूवाहीको मदरसामा पंखा जडान गराएकी हुन् ।

## निजामति कर्मचारीको विरोध

काठमाडौं । सामान्य प्रशासन मन्त्रालयबाट अगाडि बढाइएको संघीय निजामति सेवा ऐन विधेयकको मस्यौदाको दफा ११९ मा गरिएको ट्रेड युनियनसम्बन्धी व्यवस्थाको चार निजामति संगठनहरूले विरोध गरेका छन् । नेपाल निजामति कर्मचारी संगठन, नेपाल निजामति कर्मचारी युनियन संघ, नेपाल राष्ट्रिय कर्मचारी संगठन र नेपाल मधेशी निजामति कर्मचारी मञ्चले संयुक्त विज्ञप्ति निकालेर नेपालका निजामति कर्मचारीहरूलाई सामाजिक सुरक्षाबाट अझ कमजोर पार्ने ल्याएको उक्त प्रस्ताव फिर्ता लिन माग गरेको छ । साथै उनीहरूले राज्यको तीन खम्बे अर्थ नीतिको विपरीत हुने गरी निजामति कर्मचारीहरूलाई सहकारीमा सहभागी हुन नपाउने विषय मस्यौदाबाट हटाउन पनि माग गरेका छन् । आफूहरूको मागलाई बेवास्ता गरी सरकार अघि बढे सबै प्रकारको विरोका कार्यक्रम ल्याउन बाध्य हुने पनि नेपाल मधेशी निजामती कर्मचारीका अध्यक्ष भुवनेश्वर चौधरीले चेतावनी दिएका छन् ।

## आर्थिक समाचार

### आइएमई गर्दा हवाई टिकट निःशुल्क

काठमाडौं । साउदीस्थित फौरीबाट नेपाल पैसा पठाउँदा विभिन्न आकर्षक पुरस्कारहरू प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । साउदीबाट नेपाल आइएमई गर्ने सम्पूर्ण सेवाग्राहीहरू सहभागी हुन सक्ने यो योजना ५ जुलाईबाट शुरू भइ ३० सेप्टेम्बर २०१८ सम्म कायम हुने विज्ञप्तिमार्फत जनाइएको छ । यो योजनाअन्तर्गत योजना अवधिभर 'लक्की ड्र' बाट छनोट हुने विजेताहरूमध्ये हरेक दिन ५ जना भाग्यशाली सेवाग्राहीलाई एक/एक आकर्षक टिसर्ट, हरेक हप्ता एक जना सेवाग्राहीलाई ३२ इन्चको एलईडी टेलिभिजन र १ जना भाग्यशाली विजेतालाई साउदीबाट नेपालसम्मको यात्राका लागि हवाई टिकट प्रदान गरिनेछ । यस योजना अन्तर्गत साउदीबाट नेपालमा आइएमई मार्फत पैसा पठाउने सेवाग्राहीहरूको ट्रान्जेक्सन नम्बर र नामका आधारमा सफ्टवेयर पद्धतिमा आधारित रही विजेता छनोट गरिनेछ ।

### विराटनरगरमा महालक्ष्मीको शाखा

विराटनगर । महालक्ष्मी विकास बैंक लिमिटेडको शाखा संचालन गर्ने क्रममा सोमबारबाट मोरङको विराटनगर महानगरपालिका (२ विराटनगरमा शाखा संचालनमा ल्याएको छ । यो सँगै बैंकको शाखा संख्या ७३ पुगेको छ । बैंकले सोमबार साबिकको महालक्ष्मी विकास बैंकको धादिङबेसी शाखालाई धादिङ जिल्ला धुनिबेसी नगरपालिका(६ धार्केमा स्थानान्तरण गरेको छ । यो अवधिसम्म बैंकको चुक्ता पूँजी दुई अर्ब ६३ करोड रहेको छ भने बैंकको हालसम्म २६ अर्ब १० करोड निक्षेप संकलन गरी २१ अर्ब ६४ करोड कर्जा प्रवाह गरेको छ ।

## नेपाली युवा राउत भारतमा पुरस्कृत

काठमाडौं । एक नेपाली युवाले भारतको राजधानी नयाँदिल्लीमा प्रतिष्ठित पुरस्कार प्राप्त गरेका छन् । सप्तरीका मानव अधिकारकर्मी प्रकाशमणि राउत भारतमा सम्मानित भएका हुन् । कन्स्टिट्युसन क्लबले आयोजना गरेको एक दिवसीय समारोहमा सम्मानित गरिएको छ । मानव अधिकारकर्मी राउतलाई गोल नामक संस्थाले सम्मानित गरेको हो ।




## पर्यटकलाई निम्तो बाँड्न टोली भारतमा

काठमाडौं । पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले भारतीय पर्यटकलाई निम्तो बाँड्न नेपालको पर्यटन व्यवसायी एवं सञ्चारकर्मीको टोली भारततर्फ प्रस्थान गरेको छ । पश्चिमाञ्चल होटल संघको आयोजना एवं नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखराको सहयोगमा सो टोली भारतर्फ प्रस्थान गरेको हो । विशेषगरी भारतका पटना, बनारस, लखनउलगायतका विभिन्न क्षेत्रमा अहिले अत्यधिक गर्मी हुने भएकाले यो समय पोखरा घुम्नका लागि पर्यटकलाई उपयुक्त छ भन्ने सन्देश दिने उद्देश्यसहित टोली भारतर्फ प्रस्थान गरेको पश्चिमाञ्चल होटल संघका अध्यक्ष विकाल तुलाचनले जानकारी दिए । पोखरा आउने भारतीय पर्यटक हिमाली दृष्यावलोकनमा लोभिने गरेको उल्लेख गर्दै नेपाल पर्यटन बोर्ड प्रदेश कार्यालयका प्रमुख सूर्य थपलियाले पोखरा हुँदै धेरै भारतीय पर्यटक प्रसिद्ध तीर्थस्थल मुक्तिनाथ पुग्ने गरेको बताए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको हालै सम्पन्न मुक्तिनाथ दर्शन भ्रमणसँगै यस क्षेत्रमा भारतीय पर्यटकको चाप बढेको पर्यटन व्यवसायी बताउँछन् । पाँचदिने सो भ्रमण कार्यक्रमका क्रममा टोलीले लखनउ, पटना, वनारसलगायतका ठाउँमा पुगी त्यहाँका पर्यटन व्यवसायीसँग अन्तर्क्रिया गर्नेछ ।

## प्रज्ञा प्रतिष्ठानको पुस्तकालय भवन उद्घाटन



काठमाडौं । भारतको सहयोगमा निर्माण भएको नेपाल प्रज्ञा प्रतिष्ठानको पुस्तकालय भवनको प्रधानमन्त्री केपी ओलीले उद्घाटन गरेका छन् । मंगलबार उद्घाटन कार्यक्रममा नेपालका लागि भारतका राजदूत मंजिव सिंह पुरीको उपस्थितिमा प्रज्ञा प्रतिष्ठानको तीनतल्ले पुस्तकालय भवनको उद्घाटन भएको हो । उक्त पुस्तकालय निर्माणका लागि नेरू ४३.९४ मिलियन भारतले सहायोग गरेको थियो । सो उद्घाटन समारोहमा सहरी विकास, संस्कृति, नागरिक तथापर्यटन मन्त्रालयका प्रतिनिधिहरू, सामाजिक अगुवाहरू तथा भारत-नेपाल सम्बन्धका थुप्रै व्यक्तित्वहरूको उपस्थिति थियो । नवनिर्मित उक्त पुस्तकालय भवनले भारत र नेपालका अनुसन्धानकर्ता तथा प्राज्ञहरूलाई खोज तथा सन्दर्भ सम्बन्धि सुविधा प्रदान गर्नेछ । पुस्तक प्रकाशनका लागि पुस्तकालयमा उच्चस्तरीय अफसेट प्रेसको सुविधा पनि हुने काठमाडौंस्थित भारतीय राजदूतावासले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । नेपाल प्रज्ञा प्रतिष्ठानले उक्त पुस्तकालयलाई डिजिटल पुस्तकालयको रूपमा विकास गर्ने योजना लिएको छ । यस पुस्तकालयले भारत र नेपालबीचको मैत्री सम्बन्धलाई सुदृढ गर्ने मात्र नभई दुवै देशका कलाकार तथा प्राज्ञहरूबीच दरिलो सम्बध विकास गर्न पनि मद्दत गर्नेछ ।

## जनकपुरलाई विश्वसम्पदा सूचीमा राखिने



काठमाडौं । सरकारले जनकपुरलाई विश्वसम्पदामा राख्ने भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जनकपुरलाई विश्वसम्पदा सूचीमा राख्न सरकारले प्रयास गरिरहेको जानकारी पर्यटन मन्त्री रविन्द्र अधिकारीले जानकारी दिए । उनले संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक सांस्कृतिक संगठन -युनेस्को)लाई आग्रह गरिएको र प्रक्रिया पूरा भएपछि जनकपुरलाई विश्वसम्पदा सूचीमा सूचीकृत हुने बताए । उनले जनकपुर क्षेत्रमा निर्माण हुने भौतिक सम्पदा तथा निर्माणको काम परम्परागत तवरले गर्नसमेत आग्रह गरे । राष्ट्रियसभाको बैठकमा विनियोजन विधेयक, २०७५ माथि मन्त्रालयसँग जोडिएका विषयमाथि सांसदले उठाएको प्रश्नको जवाफ दिँदै मन्त्री अधिकारीले यस्तो बताएका हुन् । यस्तै नेपाल र भारतबीच थप हवाई मार्ग प्रयोग गर्न पाउने गरी सहमति भएको तथा नेपालगञ्ज, जनकपुर, भीमदत्तनगर, सिमरा, विराटनगरलगायत मार्ग प्रयोग गर्न सकिने वातावरण बनेको उनले स्पष्ट पारे । त्यसैगरी सरकारले धनगढी, नेपालगञ्ज, विराटनगर, भद्रपुर र जनकपुर विमानस्थललाई थप व्यवस्थित र साधनस्रोत सम्पन्न बनाएर अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय उडान गरिने पनि बताए । पशुपति, लुम्बिनी र जनकपुरलाई थप प्रचारप्रसार गरी धार्मिक पर्यटनमा योगदान दिने र स्वार्गद्वारीलगायत क्षेत्रमा निजी क्षेत्रसँग मिलेर काम अगाडि बढिने उनको भनाइ छ ।




## दिल्ली उडानका लागि बुद्ध एयरलाई स्वीकृति

काठमाडौं । नागरिक उड्डयन प्राधिकरणले बुद्ध एयरको नेपालगञ्ज-दिल्ली उडान तालिका स्वीकृत गरेको छ । १ जनवरी २०१९ देखि लागु हुनेगरि उडान तालिका स्वीकृत भएको हो । अन्तरिक उडानका प्रतिस्पर्धी बुद्ध एयरले नेपालगञ्ज-दिल्लीका लागि दैनिक ३ उडान गर्नका लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा निवेदन दिएको थियो । नेपालबाट उडान अनुमति स्विकृत भएसँगै भारतको तर्फबाट समेत उडान तालिका स्वीकृत हुनुपर्छ । जसका लागि परराष्ट्र मन्त्रालयले भारत सरकारलाई बुद्ध एयरलाई नेपालगञ्जबाट दिल्ली उडानका लागि अनुमति दिने आग्रह गर्दै पत्राचार गरेको छ ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं